
साहित्यिक त्रैमासिक

# अन्तर्दृष्टि

(Insight)




**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**International Nepali Literary Society (INLS)**

केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका

साहित्यिक त्रैमासिक
अन्तर्दृष्टि
(Insight)

| | | |
|---|---|---|
| प्रकाशक | : | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)<br>केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका |
| संस्करण | : | प्रथम |
| प्रधान सम्पादक | : | दीप पाठक |
| कार्यकारी सम्पादक | : | भरतविक्रम ढकाल |
| प्रति | : | ५०० प्रति |
| प्रकाशन | : | वि.सं. २०७७ (सन् २०२०, जुन) |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| मूल्य | : | रु. २००।-, ५ डलर ($) |
| आवरण कला तथा<br>कम्प्युटर सेटिङ | : | दीपेन्द्रकुमार जोशी 'निक'/सुमिना जोशी<br>निक द डिजाइनर, नारायणगढ, चितवन<br>०५६-५७१७४०/९८४५०५३३९१ |

Anterdristi (Insight)
by INLS Central Committee

वर्ष : २७ अङ्क : १ पूर्णाङ्क : ४५ जुन २०२०

प्रमुख सल्लाहकार :

**राधेश्याम लेकाली**

**गीता खत्री**

प्रधान सम्पादक :

**दीप पाठक**

कार्यकारी सम्पादक :

**भरतविक्रम ढकाल**

सल्लाहकार सम्पादक :

**प्रकाश पौडेल 'माइला'** **शान्तिराम ढकाल**

**भीमसेन सापकोटा** **सुनिल सङ्गम**

**निशा अर्याल** **गणेश घिमिरे**

**लालगोपाल सुवेदी** **विकास विष्ट**

सम्पादक मण्डल :

**लक्ष्मी राई** (बेलायत)

**अग्निप्रसाद पराजुली** (न्यु ह्याम्पसायर)

**सानु घिमिरे** (अस्ट्रेलिया)

**प्रमोद सारङ्ग** (कोरिया)

**प्रेमप्रसाद भट्टराई** (कतार)

**वाई.बी. गुरुङ** (पोर्चुगल)

**राजेन्द्र श्रेष्ठ 'राज'** (न्युयोर्क)

**निरज क्षेत्री** (अस्ट्रेलिया)

**डन कार्की** (लस एन्जलस)

**मनोज प्रधान** (नर्थ क्यारोलाइना)

**रविन शर्मा** (जापान)

# शुभकामना



**अन्तर्दृष्टि** अङ्क ४५ प्रकाशन हुन लागेको खबरले अत्यन्तै हर्षित छु । अनेसासको विगत र वर्तमान हेर्दा यसको भविष्य स्वतः उज्यालो हुने कुरामा विश्वस्त छु। अनेसासले पछिल्लो समयमा आफ्ना गतिविधिहरूलाई घनीभूत बनाउँदै लगेको छ ।

**अन्तर्दृष्टि**, **अनेसास दर्पण**जस्ता साहित्यिक प्रकाशन, **सिलभर क्यासकेट** (अङ्ग्रेजी कथाकृति), अनेसास डबली रेडियो कार्यक्रम, क्षेत्रीय र च्याप्टर सम्मेलन, महिला सम्मेलन, विश्व सम्मेलनलगायत विविध क्रियाकलापहरू अनेसासले गर्दै आएको छ। अनेसास एउटा अन्तर्राष्ट्रिय साहित्यिक छहारी बनेको छ, जसमा धेरै सर्जकहरू अटाएका छन् । अनेसासलाई अझ चुस्त, दुरुस्त र सिर्जनात्मक बनाउने काममा हामी प्रयत्नशील छौं ।

अब नेपाली भाषामा लेखिएका पुस्तकहरूलाई अनुवाद गरेर विश्व बजारमा पुऱ्याउनु हाम्रा लागि ठुलो चुनौती छ । नेपालीले लेख्ने र नेपालीको मात्र पढ्ने प्रवृत्तिले नेपाली साहित्य विश्वबजारमा पुग्न सक्दैन । हाम्रा संस्कृति, सम्पदा, कर्मव्यवस्थालाई विश्वका सामु चिनाउन अनुवाद साहित्यको आवश्यकता पर्दछ। हामीले हाम्रा देवकोटा, लेखनाथ, सम र घिमिरेलगायतलाई विश्वबजारमा पुऱ्याउनुपर्छ । नेपाली साहित्यलाई विश्वसामु चिनाउन अनुवाद रूपान्तरण प्रक्रियाको थालनी गर्न अत्यन्तै ढिला भइसकेको छ ।

अब साहित्यलाई रहरबाट माथि उठाएर पेसाको स्वरूपमा बदल्नुपर्छ । साहित्य महत्त्वपूर्ण विषय हो भन्ने भावको विकास राजनीतिज्ञ, प्रशासक, समाजसेवी हरेकमा गराउनुपर्छ। हामीले पनि परिष्कार, परिमार्जन गरी, अध्ययन-मनन गरी साहित्यिक कृतिको प्रकाशन गर्नुपर्छ ।

अन्तमा, धेरै पढौं, थोरै लेखौं, आफ्नो संस्कृति, जीवनदर्शनलाई विश्वसामु परिचित गराउन गम्भीर भएर लेखौं। आजैदेखि अनेसासका सदस्यज्यूहरूले लेखनमा निखार आउनेछ भन्ने विश्वास अनेसास परिवारको छ। अनेसासको मुखपत्र **अन्तर्दृष्टि**का लागि रचना उपलब्ध गराउनुहुने, विज्ञापन उपलब्ध गराउनुहुने **र अन्तर्दृष्टि**को ४५ औं अङ्कलाई यस रूपमा प्रस्तुत गर्न लागिपर्नु हुने सबैप्रति धन्यवाद प्रकट गर्दछौं।

जय अनेसास !

**राधेश्याम लेकाली**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समिति

# शुभकामना



सर्वप्रथम अनेसासको पैतालिसौँ अङ्क प्रकाशन हुन लागेकोमा हर्षित हुँदै पत्रिकालाई निरन्तरता दिनु हुने सम्पादक समूहका सम्पूर्ण साथीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । यसमा केन्द्रीय कार्य समितिको निरन्तरको मिहिनेत र सक्रियतालाई नमन गर्दछु ।

देश तथा विदेश जता रहे पनि भाषा, साहित्य, कला र संस्कृति हाम्रा जीवनका ढुकढुकी हुन् । हामीले विश्वमा स्वपहिचान कायम गर्न यी कुराहरूलाई कहिल्यै पनि बिर्सनुहुन्न । स्वदेशको माया विदेशी भूमिमा बढी मात्रामा आउँदो रहेछ । भौतिकताको खोजीमा विश्वभरि छरिएर रहेका हाम्रो मन र मस्तिष्कमा नेपालै नेपाल रहेको छ । हामी सगरमाथाको जस्तै स्वाभिमानी शिर, लालीगुराँसको जस्तो स्निग्धता र लुम्बिनीको जस्तो पवित्र मन लिएर बाँच्न सक्यौँ भने विश्वका जुन कुनामा बसे पनि हामीले नेपाललाई माया गरेको प्रमाणित हुनेछ ।

मन, वचन र कर्मले देशप्रेमको भावनालाई जीवन्त बनाउन सुरु गरिएको साहित्यिक अभियान **अन्तर्दृष्टि**को प्रकाशन हो । बहुरूपी रङका फूललाई उनेर एउटै नेपाली माला बनाउनु अनेसासको मूलमन्त्र हो । यसै भावनालाई साकार पार्न **अन्तर्दृष्टि** पत्रिकामार्फत खटिरहनुहुने सम्पादक साथीहरूको योगदान महत्त्वपूर्ण छ ।

अन्तमा, छब्बीस वर्षदेखि निरन्तर रूपमा प्रकाशित अनेसासको मुखपत्र **अन्तर्दृष्टि** सधैँ फुलिरहनेछ भन्ने शुभाकाङ्क्षा व्यक्त गर्दै यसको पूर्ण सफलताका लागि हार्दिक शुभकामना प्रकट गर्दछु ।

**गीता खत्री**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
बोर्ड अफ ट्रस्टी (BoT)

# सम्पादकीय



**अन्तर्दृष्टि** पैतालिसौँ अङ्कमा प्रवेश गरेको छ । हामी प्रवासी प्रेम र पीडालाई निरन्तर अनेसासको मुखपत्रबाट सुसेलिरहेछौँ । हामी आगतलाई सुन्दर बनाउन वर्तमानमा घस्रिरहेछौँ । यही घर्साइमा हामी पटक-पटक अतीतको यात्रामा पुग्छौँ र पुनःपुनः घस्रिरहेछौँ । घरदेश छाडेर परदेशमा रहेकाहरूको आम दैनिकी यसरी नै बितिरहेछ । हामी **अन्तर्दृष्टि** पत्रिकालाई परदेसिएका आम मानिएको 'जीवनको ऐना' बनाउन चाहन्छौँ ।

यस अङ्कमा हामी पछिलो वर्ष संस्थाले आयोजना गरेका अन्तर्राष्ट्रिय सम्मेलन र कार्यक्रममा केन्द्रीकृत भएका छौं । **अन्तर्दृष्टि**लाई यस रूपमा ल्याइपुऱ्याउन खट्नुहुने पूर्वसम्पादकहरू, पत्रिकाका स्वप्नद्रष्टाहरू सबैप्रति नमन गर्दै यो पैतालिसौँ पुष्प यहाँहरूसमक्ष चढाएका छौँ ।

अनेसास बोर्ड अफ ट्रस्टी, केन्द्रीय कार्य समिति र च्याप्टरहरू  र आजीवन सदस्यहरूमा हार्दिक आभार प्रकट गर्दछु । आशा छ, अनेसासको यो साहित्यिक अभियानमा यहाँहरूको सदा साथ र सहयोग रहनेछ ।

अन्तमा, पैतालिसौँ अङ्कलाई यस रूपको कायामा उभ्याउन सहयोग गर्नुहुने सबै-सबै मनहरूप्रति हार्दिक साधुवाद प्रकट गर्दछौँ ।

**दीप पाठक**
प्रधान सम्पादक
अन्तर्दृष्टि प्रकाशन समिति

# विषयसूची

## कार्यपत्र


| | | |
|---|---|---|
| वर्तमान परिप्रेक्ष्यमा नेपाली साहित्य | डा. कविता लामा | ९ |
| ग्लोबमा नेपाली पहिचानको खोजी : एक सैद्धान्तिक विमर्श | महेश पौड्याल | ४९ |
| वर्तमान नेपाली साहित्य र यसको अन्तर्राष्ट्रियकरण | ज्ञानु अधिकारी | ६७ |


## कविता/मुक्तक


| | | |
|---|---|---|
| लकडाउनका मुक्तकहरू | राधेश्याम लेकाली | ९१ |
| रूपान्तरण | युवराज अधिकारी | १०२ |


## कथा


| | | |
|---|---|---|
| उफान | माया ठकुरी | ८३ |


## संस्मरण


| | | |
|---|---|---|
| जापानमा सम्पन्न तेस्रो च्याप्टर सम्मेलनको ऐतिहासिक योगदान | प्रकाश पौडेल 'माइला' | ९३ |


## समीक्षा


| | | |
|---|---|---|
| विकृतिले जलेका आस्थाहरू कवित्वमा | रञ्जना निरौला | १०४ |

## अनेसास गतिविधि


प्रेस विज्ञप्ति ४८
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) सर्वोत्कृष्ट पुस्तक पुरस्कार विजेता साहित्यकारहरू ६५
तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलनको ६ बुँदे टोक्यो घोषणा-पत्र २०२० ६६
छैटौँ नेपाली साहित्य सम्मेलन २०१९ को ६ बुँदे लन्डन घोषणा-पत्र २०१९ ८२
अनेसास दोस्रो एसियाली नेपाली साहित्य सम्मेलन दार्जिलिङ घोषणा-पत्र २०२० ९२
अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन सम्पन्न भएका स्थान, मिति र संयोजकहरू १०३
नेपाली साहित्यको अन्तर्राष्ट्रिय बजार खोजी १०७
तीनदिन व्यापी एसिया क्षेत्रीय सम्मेलन सम्पन्न १०८
'तेस्रो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलन' सिक्किममा सम्पन्न १०९
अनेसास केन्द्रीय कार्य समिति २०२०-२२ को निर्वाचन समिति गठन १११
सर्वोत्कृष्ट पुस्तक तथा विशिष्ट प्रतिभा पुरस्कार २०१९ वितरण कार्यक्रम सम्पन्न ११२
बेलायतमा छैटौँ अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न ११४
छ बुँदे टोक्यो घोषणापत्रसहित तेस्रो च्याप्टर सम्मेलन सम्पन्न ११७
अनेसास भवन भट्ट विशिष्ट महिला पुरस्कार - २०२० घोषणा १२०
अन्तर्राष्ट्रिय बालकविता प्रतियोगिता-२०७७ को नतिजा घोषणा १२१
तस्बिरमा अनेसास १२३
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समितिका पदाधिकारीहरू (सन् २०१८-२०२०) १३३
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बोर्ड अफ ट्रस्टीको कार्य समिति १३४
अनेसास बोर्ड अफ ट्रस्टी १३५
विश्व बाल कविता प्रतियोगिता २०७७ का विजेताहरूलाई बधाई १३६
अनेसास केन्द्रीय कार्य समितिका हालसम्मका अध्यक्षहरू १३७
अनेसासको मुखपत्र 'अन्तर्दृष्टि' का हालसम्मका प्रधान सम्पादकहरू १३७
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) –
अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्पन्न भएका मिति र संयोजकहरू १३८


●

(लन्डनमा सम्पन्न छैटौँ अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनमा प्रस्तुत कार्यपत्र)



कार्यपत्र

# वर्तमान परिप्रेक्ष्यमा नेपाली साहित्य

● डा. कविता लामा
सिक्किम विश्वविद्यालय, भारत

## सार :

हरेक साहित्यको आ-आफ्नो सौन्दर्यशास्त्र हुन्छ। नेपाली साहित्यको पनि आफ्नै सौन्दर्यशास्त्र छ। विश्व साहित्य लेखनमा नयाँ चेतना आउनका प्रमुख कारण कहिले युद्धको परिणाम त कहिले समाज सांस्कृतिक परिवर्तनलाई मान्न सकिन्छ। साहित्य लेखन सामाजिक भोगाइ र परिवेशले तय गरेको हुन्छ। प्रस्तुत कार्यपत्रमा 'वर्तमान परिप्रेक्ष्यमा नेपाली साहित्य' शीर्षकअन्तर्गत भौगोलिक दृष्टिले तीन वर्गका नेपाली साहित्य - नेपालको नेपाली साहित्य, भारतीय नेपाली साहित्य तथा विभिन्न देशहरूमा डायस्पोरा नेपाली साहित्यको लेखन प्रवृत्तिमाथि चर्चा गरिएको छ। विशेषतः नेपाली साहित्य अहिले भाव र शिल्प दुवैमा नवीन प्रयोगका साथ समय चेतनालाई लिएर अघि बढिरहेको स्थितिमा नेपाली नारी लेखन र अनुवाद साहित्यले यसलाई विश्व साहित्यको समकक्ष उभ्याउन साथै साइबर संस्कृतिले यसको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। समाविष्ट यी विषयसहित उक्त तीनै वर्गका नेपाली साहित्य लेखनलाई अघि बढ्नमा विभिन्न साहित्यिक सङ्घ-संस्था, पुरस्कार स्थापना तथा प्रकाशन गृहको महत् योगदानलाई पनि सङ्क्षेपमा चर्चा गर्ने यस कार्यपत्रले प्रयास गरेको छ।

## पृष्ठभूमि :

विश्व साहित्यमा नेपाली साहित्यको आफ्नो छुट्टै नाम छ, परिचय छ र छ छुट्टै स्थान पनि। यहाँसम्मको यात्रा तय गर्नामा नेपाली साहित्यले धेरै दुर्गम बाटो हिँड्न पऱ्यो, उकाली र ओह्रालीमा आफ्ना मौलिक विशेषता र गुणहरू टिपेर आफ्नो स्वतन्त्र घडेरी निर्माण गर्न सक्षम भयो। विश्व साहित्यमा आज

नेपाली साहित्यको स्थान निर्धारण गर्न पर्दा प्रायः हामी यसलाई विश्वका अन्य कतिपय साहित्यको समानान्तर रूपमा अघि बढिरहेको अनुभव गर्न सक्छौँ । आज विश्वमा जति पनि नितनवीन साहित्य सिद्धान्तहरूको विकास भइरहेको छ, ती सबैको सैद्धान्तिक व्याख्या साथै सिर्जनात्मक लेखनमा त्यसको प्रयोग भएको प्रस्ट रूपमा देख्न सक्छौँ। नेपाली साहित्यमा देखिएका जति पनि प्रयोगवादी लेखनको लहर चलिरहेको छ, त्यसले यी कुराहरूलाई आफ्नो लेखनमा समेट्ने भरमग्दुर प्रयास गरिरहेको पाउँछौँ । सन् १९६३ देखि नेपाली साहित्यमा तेस्रो आयामको प्रवर्तन भयो तबदेखि यसले वैश्विक स्तरमा एउटा नयाँ सोच लिएर आयो। साहित्य सधैँ सार्वजनीन एवम् सार्वकालिक हुन्छ भन्ने विचारलाई निरन्तर रूपमा अघि बढाउने काम गऱ्यो। सन् १९८० को दशकमा सुरु भएको तरलवाद आन्दोलनले पनि आयामेली साहित्यले जस्तै स्थानीय कुराहरूलाई आफ्नो लेखनको माध्यमद्वारा वैश्विकरण गर्नपर्छ भन्ने सोच लिएको देखिन्छ भने सन् १९८९ मा इन्द्रबहादुर राईद्वारा सुरु भएको लीलालेखन उत्तरआधुनिकतावादी लेखनको समकक्षमा रहेको देखिन्छ । नेपाली साहित्यमा सिर्जनाअनुरूप समालोचनाले पनि धेरै विकास गरेको हुँदा वर्तमानमा नेपाली साहित्य विश्व साहित्यको समकक्ष उभिएको देखिन्छ ।

साहित्य लेखनको प्रमुख साधन हो भाषा । भाषाबिना साहित्य सिर्जना हुन सक्तैन । तसर्थ यहाँ नेपाली साहित्यको विकासपूर्व वैश्विक रूपमा नेपाली भाषाको स्थितिबारे पनि आंशिक रूपमा उल्लेख गर्न आवश्यक देखिन्छ। मानव समाजको सबैभन्दा सुन्दर अनि महत्त्वपूर्ण अन्वेषण नै भाषा हो । दुई हजार वर्षअघि प्राचीन ग्रिसेली विद्वान्हरूले भाषाको अध्ययन गर्न थालिसकेका थिए । नेपाली भाषाले आफ्नो विकास यात्रा थालेको लगभग एक हजार वर्ष मात्रै हुँदै छ। आज नेपाली भाषा विश्व भाषाको रूपमा चिनिन्छ। सारा विश्वमा छरिएर बसेका नेपाली मनलाई एक सूत्रमा बाँध्ने शक्ति यदि छ भने त्यो नेपाली भाषामा छ। नेपाली भाषा नेपाली मनको आत्मा हो। यही भाषामा लेखिएको साहित्यले आज विश्वभरिका नेपाली समुदायलाई एकाअर्कामा जोडेर राखेको छ। नेपालीमाझ सम्बन्ध स्थापित गर्ने पुल यही नेपाली भाषा-साहित्य भएको छ।

आज नेपाली समाज वा भनौँ विश्व समाजमा आत्मीयता र संवेदना हराउँदै गइरहेको छ । आज हामीसमक्ष उभ्याइदिएको यो व्यस्त समाज हाम्रो वर्तमान

हो, जहाँ मान्छे छ तर दुःखसुख बाँड्ने मन छैन, आफन्तहरू छन् न्यानोपन छैन, सहयोग गर्ने हात छैन । मान्छे यन्त्रले परिचालित छ । मान्छे आफूभित्र एक्लो छ । यस्तो स्थितिमा पनि हाम्रा सर्जकहरू कविता, आख्यान, निबन्ध लेख्दै मानवताको खोजी गर्छन् आफ्ना सिर्जनामार्फत । सन् १९९३ मा अमेरिकामा सबैभन्दा पहिला स्थापित भएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले विश्वका विभिन्न राष्ट्रहरूमा छरिएर बसोबास गर्ने नेपालीहरूलाई प्रथमतः एक ठाउँमा ल्याउँछ, सर्जकहरूको समाज निर्माण गर्छ, त्यस समाजमा भाषासाहित्य सिर्जना तथा अनुवाद गर्नेबारे छलफल गर्छ, साहित्यकारको निम्ति स्वस्थ परिवेश बनाउने आग्रह गर्छ, उत्कृष्ट कृतिहरूलाई विश्व स्तरमा पुऱ्याउने महत्त्वपूर्ण पहल गर्छ, कृतिहरूलाई पुरस्कृत गर्ने एउटा उत्साहजनक परम्परा स्थापित गरेको पनि छ । अहिले बेलायतमा ३ र ४ अगस्ट २०१९ मा सम्पन्न भइरहेको यो छैटौँ अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन २०१९ यसैको प्रतिफल हो । हामी यसै प्रतिफलको साक्षी बन्न सकेबापत आज सुखद र गर्व अनुभव गरिरहेका छौँ ।

**विषयप्रवेश :**

सुरु-सुरुमा नेपाली साहित्य भन्नाले नेपाल राष्ट्रभित्र बसेर नेपालीहरूले नेपाली भाषामा सिर्जना गरेको मात्र साहित्य हो भन्ने बुझिन्थ्यो । कालान्तरमा यसको अर्थ र परिभाषाले विस्तार पाएको छ । वर्तमानमा यो एउटा राष्ट्रको भौगोलिक सीमाले मात्र बाँधिएको छैन । विश्वभरि स्वतन्त्र उडान लिँदै यो आकाशसमान फैलिएर गइरहेको छ । नेपाल, भारतलगायत आज नेपाली साहित्य विश्वका धेरैजसो देशहरूमा लेखिन थालेको छ, यसको पठनपाठन प्राथमिक पाठशालादेखि देश-विदेशका विभिन्न विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा गरिँदै आएको छ । तसर्थ नेपाली साहित्य आज विश्व साहित्यको एउटा महत्त्वपूर्ण हिस्सा भएको छ । अध्ययन सुविधाको निम्ति यसलाई भौगोलिक आधारमा मुख्यतः तीन वर्गमा राखेर हेर्न सकिन्छ - नेपालमा लेखिने नेपाली साहित्य, भारतमा लेखिने नेपाली साहित्य र विभिन्न देशहरूमा लेखिने डायस्पोरा नेपाली साहित्य । यी तीन वर्गका नेपाली साहित्यद्वारा विश्व साहित्यमा यसले आफ्नो छुट्टै परिचय दिन सकेको छ । वर्तमान परिप्रेक्ष्यमा नेपाली साहित्यमा अन्यान्य अनुशासन जस्तै, चलचित्र, पत्रकारिता, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र आदिलाई पनि

समावेश गरी यो अन्तर्विषयक रूपमा अध्ययन-लेखन हुन सुरु भइसकेको एउटा सुखद खबर छ ।

**नेपालको नेपाली साहित्य** :

दक्षिण एसिया महादेशमा नेपाल देश एउटा हो । दक्षिण एसियाका अन्य देशहरूझैँ नेपाललाई पनि एउटा विकासोन्मुख देश मानिन्छ । नेपाल एउटा प्रजातान्त्रिक राष्ट्र पनि हो । यस देशमा विभिन्न भाषी नागरिकहरू रहेता पनि नेपाली साहित्य लेखनको विकास द्रुत गतिमा भइरहेको छ । नेपाली साहित्य विश्व साहित्य लेखनको नजिक पुग्न के-कति सफल भएको छ  भन्ने प्रश्नको उत्तर हरेक नेपालीमनसित सम्बन्धित एउटा चिन्ताको विषय हो । यसै सन्दर्भमा 'एक्काइसौँ शताब्दीको विश्वसाहित्यका परिप्रेक्ष्यमा नेपाली साहित्यको गन्तव्य : एक सिंहावलोकन' शीर्षक लेखमा गोविन्दराज भट्टराई लेख्छन् -"सर्वप्रथम महाकवि लक्ष्मीप्रसाद देवकोटाले रुस यात्राको अवसरमा सन् १९५८ को तास्कन्द वक्तव्यमा नेपाली साहित्य पछि पर्नाका तीनवटा प्रमुख कारणमध्ये पहिलो कारण - नेपाली साहित्यको अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्पर्कको कमी हुनु हो भनेका थिए ।" उक्त कथनबाट एउटा कुरो स्पष्ट हुन्छ, त्यस समय नेपाली साहित्य शैशव अवस्थामा नै थियो तर देवकोटाको यो चिन्ता आज पनि हरेक नेपाली भाषीको चिन्ता बनेको छ । आज अनेसासले आयोजना गरेको यस सम्मेलनले पनि यो चिन्ता बोकिरहेको छ । तर नेपाली साहित्य विभिन्न भौगोलिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा धार्मिक पृष्ठभूमिमा जन्मिएर हुर्किए पनि यसले विश्व स्तरमा पुग्ने आफ्नो मूल लक्ष्यलाई पूरा गर्न सधैँ लागिपरेको सत्यता पनि हामीबाट लुक्न सकेको छैन ।

वर्तमानमा नेपाली कविता, आख्यान, नाटक, निबन्ध, समालोचना, बालसाहित्य, गीत, गजल आदिका विकासक्रम समानान्तर रूपले नभए पनि कुनै विधा टाक्सिएको स्थितिमा छैन । नेपालका विभिन्न जिल्ला, गाउँमा सम्पन्न हुने नेपाली साहित्यिक गतिविधिहरूमा पुस्तक लोकार्पणदेखि पुस्तक चर्चा, कवि गोष्ठी, साहित्यिक सङ्गोष्ठी, साहित्य सम्मेलन, अनुवाद कार्यशाला, साहित्य मेला एवम् लेखकसँगको भेट र अन्तर्क्रिया, सर्जक सम्मान, विभिन्न साहित्यिक पत्रपत्रिकाको प्रकाशन, विभिन्न ठाउँहरूमा स्थापित साहित्यिक, सामाजिक, सांस्कृतिक सङ्घ-

संस्थाहरू, प्रकाशन गृह, तथा स्रष्टाहरूलाई सम्मानस्वरूप अर्पण गरिने विभिन्न पुरस्कारले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नाका साथै विश्व स्तरमा नेपाली साहित्यलाई बलियो प्रतिनिधित्व दिइरहेको छ । नेपाली साहित्यका आदिकवि, महाकवि, आशुकवि, नाट्यसम्राट, जनकवि आदि जन्मिएको यस पुनीत भूमिमा आज राष्ट्रकवि माधवप्रसाद घिमिरे, शताब्दी पुरुष सत्यमोहन जोशी, र संस्कृतिविद् तथा आयामेली कवि वैरागी काइँलाजस्ता साहित्य महारथीको आशीर्वाद नेपालका नेपाली साहित्यकारहरूको सिर्जना शक्ति भएर रहेको छ । प्राथमिक, माध्यमिक तथा आधुनिक चरण हुँदै विकसित नेपालको नेपाली साहित्य आज विश्व साहित्यसम्म पुग्न सकेको छ । 'केही नयाँ सोचले केही नयाँ गरौँ' आजका सर्जकहरूको साहित्यिक अभियान भएर रहेको छ । कविता र आख्यानमा सर्वाधिक कलम चल्ने यस साहित्यमा अहिले लघुकथा, नियात्रा, गजल, छन्द कविताको लेखन र वाचन कलाले निकै ठुलो चर्चा पाएको छ भने नाटक लेखन र मञ्चनले पनि राम्रो बजार प्राप्त गरेको पाइन्छ ।

समकालीन कवितामा नयाँ-नयाँ प्रयोग भित्रिरहेको छ । श्रवण मुकारुङ, तीर्थ श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, दिनेश अधिकारी, राजन मुकारुङ, मनु मञ्जिल, अविनाश श्रेष्ठ, विप्लव ढकाल, अमर गिरी, गीता त्रिपाठी, नवराज कार्की, सरिता तिवारी, भूपिन, हेमन यात्री, चन्द्र गुरुङ, फुलमान बल, धमेन्द्रविक्रम नेम्बाङ, स्वनिल स्मृति, हाङयुङ अज्ञात, नवराज पराजुली आदिका कवितामा पर्यावरण चेतना, राजनीतिक चेतना, नारी चेतना, साइबर चेतना, जनजातीय चेतना, सांस्कृतिक चेतना आदिको प्रयोग पाइन्छ ।

नेपालको नेपाली आख्यान साहित्यमा क्रान्ति आएको छ । समालोचक गोविन्दराज भट्टराई भन्छन् - नेपाली आख्यान एउटा ठुलो क्यानभास हो, यहाँ लेखकले सबै कुरालाई कलात्मक रूपमा राख्न सक्छन् । अर्का समालोचक ज्ञानु अधिकारी यो समयलाई आख्यानको समय मान्छिन् । आफ्नो समाज र परिवेशसम्बन्धी उपन्यास लेख्नाका साथै पश्चिमेली जीवन दर्शनसित परिचित बनेर प्रयोगवादी उपन्यास लेख्नेहरूमा विजय मल्ल, पारिजात अनि ध्रुवचन्द्र गौतम प्रभृति उपन्यासकारहरू प्रमुख रहेको छन् । ध्रुवचन्द्र गौतम (**अलिखित**, **अग्निदत्त अग्निदत्त**, **फूलको आत**ङ्क, **सातौँ ऋतु**, **कट्टेल सरको चोटपटक**, **उपसंहार अर्थात् चौथो अन्त्य** आदि) स्वैरकल्पनाको प्रयोगका दृष्टिले ज्यादै सफल कृति मानिन्छ

भने जीवनको विसङ्गतपूर्ण अवस्थालाई उपन्यासमा प्रस्तुत गर्ने उपन्यासकार पारिजात (**शिरीषको फूल**) बढी सफल छिन् भने नेपाली उपन्यासमा यौन मनोविश्लेषणको प्रयोगका क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालापछि गोठाले (**पल्लो घरको झ्याल**) अनि विजय मल्लको (**अनुराधा**) विशेष योगदान रहेको पाइन्छ। यस विधाको विकासक्रमलाई हेर्दा सन् १९९० को दशकदेखि यता अर्थात् उत्तरआधुनिक चरणमा आइपुग्दा अझ प्रयोगवादी, नवीन विषय र नवीन शैलीलाई लिएर लेख्ने उपन्यासकारहरूको उपस्थिति रहेको पाइन्छ, जसमा कृष्ण धरावासी (**आधा बाटो**, **राधा**, **शरणार्थी**, **पाण्डुलिपि**, **टुँडाल** आदि), नगेन्द्र न्यौपाने (**दरबारबाहिरकी महारानी**), नारायण वाग्ले (**पल्पसा क्याफे**, **मयुर टाइम्स**), बुद्धिसागर (**कर्नाली ब्लुज**, **फिर्फिरे**), नयनराज पान्डे (**लु**, **घामकिरी**, **सल्लीपिर**, **यार**), अमर न्यौपाने (**सेतो धरती**, **पानीको घाम**, **करोडौँ कस्तुरी**), राजन मुकारूङ (**दमिनीभीर**), युग पाठक (**उर्गेनको घोडा**), भाउपन्थी (**पात्रहीन**), नारायण ढकाल (**दुर्भिक्ष**), विवेक ओझा (**ऐलानी**), आदिलाई लिन सकिन्छ। यी उपन्यासकारका उपन्यसाले उक्त विधालाई उत्तरोत्तर समृद्ध बनाउँदै लगिरहेको छ । नेपाली आख्यानमा नारी लेखकहरूको पनि कम योगदान छैन। जसमध्ये, सरस्वती प्रतीक्षाको नथियामा बादी समुदायको पीडालाई मात्र नलेखेर वेश्यावृत्तिलाई विश्वमा कहीँ कानुनी र गैरकानुनी मानिए तापनि समाजबाट यस प्रथालाई जरैबाट उखेलेर फ्याँक्न सक्नुपर्छ भन्ने सन्देश यस उपन्यासले दिएको छ। तर्कना शर्माको **जेब्राक्रस**को चर्चा पनि निकै चुलिएको पाइन्छ ।

आधुनिक कथाकारहरूमा गोविन्दबहादुर गोठाले, दौलतविक्रम विष्ट, मदनमणि दीक्षित, शङ्कर कोइराला, विजय मल्ल, लैनसिँह बाङ्देल, पारिजात, डायमनशमशेर राणा, ध्रुवचन्द्र गौतम आदि देखिन्छन्। उत्तरआधुनिकतावादी कथा लेखनमा नारीवाद, पर्यावरण चेतना, लैङ्गिक विमर्श, फरक क्षमताको अध्ययन, जातीय अस्मिता तथा सांस्कृतिक अध्ययनजस्ता प्रवृत्तिहरूलाई नवलेखनको रूपमा साथै जातीयतावादलाई पनि संवेदनशील विषयको रूपमा प्रयोग भएको पाइन्छ। नेपाली कथाका साथै निबन्ध लेखनमा विशेष चर्चा पाउने सर्जकहरू हुन् - कृष्ण धरावासी (**झोला**, **बालक हराएको सूचना**, **आमा** कथासङ्ग्रह, **कागजको मान्छे** निबन्धसङ्ग्रह), नयनराज पाण्डे (**चकलेट** कथासङ्ग्रह), रोशन शेरचन (**धोबीघाट एक्सप्रेस** कथासङ्ग्रह), बलराम अधिकारी (**इरेजर**, निबन्धसङ्ग्रह) आदि ।

नेपाली नाटकमा स्वैरकल्पनाको सुन्दर प्रयोगका रूपमा मल्लको **पत्थरको कथा** अनि मोहनराज शर्माका **जेमन्त र यमा**, **बैकुण्ठ एक्सप्रेस**, ध्रुवचन्द्र गौतमको **भस्मासुरको नलीहाड**, मनबहादुर मुखियाको **असत्यम् अशिवम् असुन्दरम्**लाई उदाहरण लिन सकिन्छ, जुन नाटकमा नाट्य लेखन अनि प्रदर्शनका नौला तकनिकीको प्रभाव र प्रयोग गरिएको पाइन्छ । यति मात्र नभएर नेपालबाट अशेष मल्लको विशेष तत्परतामा खुल्ला मञ्च नाटकका रूपमा 'सडक नाटक अभियान' नामक आन्दोलन गरेको पाइन्छ। यसलाई एक प्रयोगका रूपमा ग्रहण गर्न सकिन्छ। अहिले नाटककार पुरु लम्सालजस्ता युवाहरू नाटक लेखन र मञ्चन दुवैमा सक्रिय छन्। नेपालमा नाटकलाई थिएटर परम्पराले पनि थप उचाइ दिएको छ ।

नेपालको नेपाली साहित्यपरम्परा आदर्शवाद, स्वच्छन्दतावाद, यथार्थवाद, अतियथार्थवाद, प्रगतिवाद, अस्तित्ववाद, विसङ्गतिवाद, मार्क्सवाद, मनोविज्ञान, आञ्चलिकता हुँदै विकसित भएको देखिन्छ। यस क्रममा नेपाली बालसाहित्यले पनि बालबालिकाको निम्ति विभिन्न विधाहरूमा उत्कृष्ट कृतिहरू एकपछि अर्को गर्दै प्रकाशमा ल्याएको छ। उक्त विधाहरूलाई समृद्ध परम्परा प्रदान गर्न विशेष अभियानमा लागेका विभिन्न सङ्घ-संस्था र समाजहरूको अवदान अविस्मरणीय छ । लघुकथा समाजले लघुकथाकारहरू जन्माउनका साथै यिनीहरूको कृति प्रकाशनमा विशेष जोड दिएको छ भने नियात्रा लेखकहरूका निम्ति विभिन्न सङ्गोष्ठी र विमर्शका कार्यक्रमहरूको आयोजना गरेर नियात्राकारलाई हौसला प्रदान गर्दै आएको देखिन्छ। नेपालको नेपाली साहित्यमा कम्ती काम भएको कुनै विधा छैन । सिर्जना लेखन अतिरिक्त अनुवाद साहित्य पनि उर्वरशील रहेकाले नेपालीमा बलराम अधिकारीलिखित **अनुवाद सिद्धान्त र प्रयोग** (वि.सं. २०७१) तथा गीता त्रिपाठीको **नेपाली नियात्राः सिद्धान्त र प्रयोग** (वि.सं. २०७३), लक्ष्मणप्रसाद गौतमको **लघुकथाको रचनाविधान** (वि.सं. २०७२), कृष्ण धरावासीको **लीलाबोध** (वि.सं. २०७३), नारायण चालिसेकृत **लीलाबोधी सिद्धान्त र अन्य नेपाली समालोचना** (वि.सं. २०७२) आदि किताबहरूको प्रकाशनले यी विधाहरू सिर्जनशील रहेर नेपाली साहित्यको विकासमा महत् भूमिकामा रहेको थाहा पाइन्छ। छन्द विधान, गजल सिद्धान्त, नेपाली साहित्येतिहास तथा पाश्चात्य साहित्य सिद्धान्त एवम् समालोचनाका पुस्तकहरू बर्सेनी ठेलीका ठेली प्रकाशित हुँदै आएको पाइन्छ ।

यी पुस्तकहरूको प्रकाशन गर्नमा अग्रणी देखिन्छ - नेपाल प्रज्ञा-प्रतिष्ठान, साझा प्रकाशन, रत्न पुस्तक भण्डार, भृकुटी एकेडेमिक पब्लिकेसन्स, लघुकथा समाज, ओरिएन्टल पब्लिकेसन, त्रिमूर्ति निकेतन, नइ प्रकाशन, पैरवी बुक हाउस, बालसाहित्य समाज, एकता बुक्स, पालुवा प्रकाशन इत्यादि । कविताबाहेक गद्याख्यानमा पनि नेपालको प्रयोगभूमि धेरै फस्टाएको देखिन्छ। वर्तमानमा यहाँको सिर्जना र समालोचनामा प्रयुक्त नवीन अवधारणा र सिद्धान्तहरू यस प्रकार छन् - मार्क्सवाद, नारीवाद, विनिर्माणवाद, सांस्कृतिक अध्ययन, परिवेश विमर्श, डायस्पोरा लेखन, अभिघात, नवमार्क्सवाद, उत्तरआधुनिकतावाद, सबाल्टन, दलित चेतना, जातीय सीमान्तता, लैङ्गिकता, फरक क्षमताको प्रयोग, सीमान्तीकृत स्वर, साइबर संस्कृति, भूमण्डलीकरणको प्रभाव इत्यादि । यी प्रभाव र सशक्त प्रयोगले नेपाली साहित्यको विकासयात्रा अघि बढिरहेको छ भने अनलाइन जर्नल, इ-पत्रपत्रिकामा प्रकाशित नेपाली साहित्यसम्बन्धी लेख, कविता, फेसबुकमा पोस्ट गरिएका कविता, कथा, लेख, पुस्तक चर्चा, युट्युबमा राखिएका अच्युत घिमिरेको 'श्रुति संवेग' जस्ता कार्यक्रम, साहित्य विमर्श, संवाद, अन्तर्वार्ता, अडियो, भिडियो, रेडियो एफएममा गरिएका साहित्य चर्चाले पनि नेपाली साहित्यलाई विश्वस्तरमा व्यापकता दिइरहेको छ । विद्युतीय माध्यमको यसमा विशेष भूमिका रहेको छ । यस साइबर संस्कृतिबाट नेपालको नेपाली साहित्य मात्र होइन तर विश्व साहित्य नै प्रभावित रहेको पाइन्छ । अचेल साहित्य विमर्शमा साइबर संस्कृति एउटा शक्तिशाली माध्यम बन्दै गइरहेको छ ।

नेपालबाट कविता, कथा, अनुवादमा अनेकौँ काम भइरहेका छन् । हालैमा सम्पन्न अनुवाद कार्यमाथि चर्चा गर्दा माधवलाल कर्माचार्यको सम्पादनमा नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रकाशनमा अनुवाद सन्दर्भसूची (वि.सं. २०६९) प्रकाशित भयो । यस पुस्तकमा सातसय कृतिहरूको सूची देखाइएको छ भने गोविन्दराज भट्टराईको सम्पादनमा भारत र नेपाल दुवै देशका जम्मा छ सय बीस अनुवाद र अनुवादकको परिचय प्रस्तुत गरिएको पुस्तक हो **अनुवादक परिचय कोश** (वि.सं. २०७५) प्रकाशित भएको छ। यो त मात्र टिपोट हो । विस्तृत जानकारीको निम्ति उक्त कोश हेर्ने अनुरोध गरिन्छ। महेश पौड्यालले अनुवाद गरेको पुस्तक **सिल्भर क्यासकेड टाइमलेस स्टोरिस फर्म नेपाल** (सन् २०१९) यसै सम्मेलनमा लोकार्पण गरियो ।

राष्ट्रिय, अन्तर्राष्ट्रिय र राज्यस्तरमा सरकारी तहदेखि विभिन्न सङ्घ-संस्थाद्वारा अर्पण गरिने पुरस्कार, सम्मान, अभिनन्दन, प्रशस्तिपत्र आदिले साहित्यकारहरूलाई अझ दायित्वशील र समर्पित भई साहित्य सिर्जनामा लाग्नपर्ने उत्साह दिन्छ भने नेपाली साहित्यका उत्कृष्ट कृतिहरू प्रकाशन गरिदिएर विभिन्न साना ठुला प्रकाशन गृहले पुऱ्याउँदै आएको अमूल्य योगदानलाई पनि विशेष सम्झना राख्नपर्छ ।

## भारतीय नेपाली साहित्य लेखन

भारत एउटा बहुसांस्कृतिक, बहुजातीय अनि बहुभाषी देश हो, जहाँ नेपाली भाषालाई एउटा मुख्य भाषाका रूपमा संवैधानिक मान्यता प्रदान गरिएको छ । भारतका दार्जिलिङ, सिक्किम, डुवर्स, असम, मेघालय, हिमाञ्चल प्रदेश, वनारस, मणिपुर आदि राज्यहरूमा नेपाली भाषा-भाषीको बृहत् जनसङ्ख्या रहेको छ । भारतमा नेपाली भाषाको विकास हुनामा विशेष गरी वनारसको मुख्य भूमिका रहेको छ । यहीँबाट यहाँ नेपाली भाषा र साहित्यको प्रवर्तन हुन गएको देखिन्छ । नेपाली भाषा सँगसँगै नेपाली साहित्यको विकासमा पनि यस क्षेत्रको ठुलो योगदान रहेको छ । वनारसपछि नेपाली भाषा साहित्यको अर्को मुख्य केन्द्र हो दार्जिलिङ । यहीँबाट नेपाली साहित्यमा अधिक वर्चश्वशाली देखिएको साहित्यिक आन्दोलन तेस्रो आयामको थालनी भएको हो, जसले सम्पूर्ण नेपाली साहित्य जगत्मा ठुलो प्रभाव कायम राख्न सफल बन्यो । यति मात्र नभएर तेस्रो आयामजस्तो बौद्धिकतापूर्ण एवम् प्रयोगवादी लेखनको अर्को चरणमा देखिएको लीला लेखनको प्रवर्तन पनि यहाँबाट हुन गएको हो । नेपाली भाषा साहित्यको विकासमा आज दार्जिलिङ अनि सिक्किम महत्त्वपूर्ण केन्द्रस्थल बन्न गएको छ ।

भारतीय नेपाली साहित्यको इतिहासको एउटा सिङ्गो रूप आज विभिन्न अञ्चल, क्षेत्र, जिल्ला एवम् राज्यहरूमा विभाजित हुँदै गइरहेको देखिन्छ । नेपाली साहित्य विकेन्द्रित हुँदै आ-आफ्ना ठाउँका, गाउँका, क्षेत्रका, महकुमाका साहित्यकारहरूको सक्रियताले विकासोन्मुख देखिन्छ । भारतीय नेपाली कविताको पृष्ठभूमि तयार हुँदै प्रारम्भिककालमा लोकलय, लोकछन्दमा आधारित आध्यात्मिक चिन्तनमूलक तथा सवाई-लहरी काव्यलाई भारतीय नेपाली साहित्यको प्रारम्भिक स्वर मानिन्छ । यसैबाट भारतीय नेपाली कविताले एउटा निश्चित स्वरूप र

दिशा ग्रहण गर्दै गयो । सन्तकवि ज्ञानदिलदास अनि पादरी गङ्गाप्रसाद प्रधान प्रभृति चिन्तकहरूको सत्प्रयासबाट यहाँको साहित्यले आफ्नो वास्तविक स्वरूप प्राप्त गर्दै पछिबाट नीतिवादी धारा, स्वच्छन्दतावादी धाराजस्ता लेखन अघि बढेको देखिन्छ । स्वच्छन्दतावादी धाराअन्तर्गत अगमसिंह गिरी, वीरेन्द्र सुब्बा, अच्छा राई रसिक, नरेन्द्रप्रसाद कुमाई, दानियल खालिङ, प्रगतिवादी अनि सामाजिक यथार्थवादी कविहरूमा बद्रीनारायण प्रधान, दीननाथ घिमिरे, मणिकुमार थापा, चन्द्रवीर प्रधान, मायादेवी योञ्जन अनि विष्णु शर्मा आदि कविहरूको काव्यात्मक योगदान पनि उल्लेखनीय छ । सन् १९६३ देखि यहाँ प्रयोगवादी आयामिक लेखनको उदय हुनाका साथै भारतीय नेपाली कविता प्रगतिवादी-स्वच्छन्दतावादी हुँदै आधुनिकोत्तरवादी प्रवृत्तितिर उन्मुख भएर समसामयिक समस्याप्रति तीव्र संवेदनशील र जागरूक रही अन्तर्राष्ट्रियता, युगीन विसङ्गति, प्राकृतिक र ग्रामीण परिवेशभन्दा सहरिया जीवनको सन्त्रासजस्ता सन्दर्भहरूलाई लेखनधर्मिताका साथ बहन गरेको पाइन्छ । आधुनिकोत्तर धाराअन्तर्गत मोहन ठकुरी, मनप्रसाद सुब्बा, नोर्जाङ स्याङ्देन, राजेन्द्र भण्डारी, खडकसिंह काँढा, जीवन थिङ, जस योञ्जन प्यासी, जीवन नाम्दुङ, विन्द्या सुब्बा, विचन्द्र, सुरेन्द्र थिङ, कालुसिंह रनपहेंली, ज्ञानेन्द्र खतिवडा, टेकध्वज जिम्बा, मणिकुमार थापा, शङ्कर प्रधान, वेगवसन्त थापा, भक्त राई, मदन मोक्तान, सञ्जय बान्तवा, सुधीर छेत्री, केवलचन्द्र लामा, रेमिका थापा, वासुदेव पुलामी, राजा पुनियानी, मनोज बोगटी, पवित्रा लामा, उषाकिरण राई, विनोद रसाइली, लेखनाथ छेत्री, ज्ञानेन्द्र याक्सो, कर्ण विरहजस्ता कविहरूको काव्यिक यात्राले भारतीय नेपाली कवितालाई समृद्ध बनाएको पाइन्छ । भारतीय नेपाली साहित्यमा विशेष गरी कविता र कथामा देखिएका विभिन्न साहित्यिक आन्दोलन र लेखनधाराहरूमा सङ्क्रमण कविता, विचलन लेखन, किनारीकरण लेखनले ल्याएका विविध प्रवृत्तिगत विशेषताहरूले भारतीय नेपाली साहित्य धेरै विकसित भएको छ ।

प्राविधिक, तकनिकी प्रक्रिया तथा विद्युतीय माध्यम जस्तैः फेसबुक, ट्विटर, ह्वाट्स अप, इन्स्टिग्राममार्फत हाम्रा स्रष्टाहरू विश्वभरिका सर्जक-पाठकसित जोडिएर साहित्य लेखनमाथि विचार विमर्श गरिरहेका छन् । कविता लेखनमा कविहरूले विभिन्न प्रयोग गरिएको पाइन्छ - अमर बानियाँको काव्याणुमा एक पङ्क्तिको कविता, कालुसिंह रनपहेंलीको युग्मकबाट दुई पङ्क्ति -"आमा"

- मरेर बाँचेकी ऊ, मलाई बचाउनलाई । मुक्तक, उदय थुलुङको बिम्ब कविता, केवलचन्द्र लामाको एउटै विषयमा लेखिएको घर शृङ्खला सङ्ग्रह, राजेन्द्र भण्डारीको जापानी हाइकुशैलीमा लेखिएका कविताहरू हुँदै अहिले यो पाठदेखि बाहिरिएर सार्वजनिक क्षेत्रमा जस्तै, पुस्तक पसलमा, क्याफेमा, कविहरूको समूह बिच चिया र कफी पिउँदै कविता वाचन गर्नुदेखि लिएर सामाजिक सञ्जालमा कविताले नवीन स्वरूप र प्रस्तुतीकरणबाट विकास गरिरहेको छ । भारतीय नेपाली कविताले पक्रिसकेको यस कवितामय गतिविधिले लघुकथा र निबन्ध वाचन गर्दै अहिले नयाँ खाले श्रोता-दर्शक पनि जन्माउँदै गरेको सुखद स्थिति छ । बसिबिँयालो कालेबुङबाट, सिक्किमबाट चिया कविता, कफी कविता (आफ्ना रचनाहरूको पठन, वाचन), एकल कविता वाचन (डिजिटलाइजेसन, चित्र, फोटोग्राफी, डकुमेन्ट्री), सडक कविता, धमारी प्रतियोगिता, कविता वाचन प्रतियोगिताको आयोजना हुँदै कवितालाई अहिले तकनिकीसित जोडेर पर्फमेन्स कविता अभिसङ्गी नयाँ शैलीमा प्रस्तुत गरिएको पाइन्छ । जस्तै, निमा शेर्पाको कुरूप फूलको गन्धभित्रका केही कवितालाई फोटोग्राफी गरी कविता वाचन गर्दै कवितास्वादनलाई नयाँ आयाम दिएर पाठकसमक्ष प्रस्तुत गरिएको छ । नेपाली कविता पाठ वा लेखनदेखि बाहिरिएर वाचन अनि मञ्चनमा आइपुग्दा यो बढी शक्तिशाली र प्रभावशाली बनेको देखिन्छ । भारतीय नेपाली साहित्यको विकास हुनामा यी साहित्यिक गतिविधिहरूले मलजलको काम गरेको छ ।

आधुनिक नेपाली कथा लेखनको पृष्ठभूमिमा 'अन्नपूर्णा' स्वच्छन्दतावादी प्रवृत्ति लेखिएको पाइन्छ। नेपाली कथाहरूमा यथार्थवाद, आञ्चलिकता, प्रगतिवाद, मनोविश्लेषणवादको प्रयोग भएको पाइन्छ। ६० को दशकदेखि अस्तित्वमा आएको प्रयोगवादी लेखनअन्तर्गत आयामिक लेखन, लीलालेखन प्रमुख छन् । आयामेली कथा लेख्ने इन्द्रबहादुर राई, पछिबाट सञ्जय विष्ट अनि प्रवीण राई जुमेलीजस्ता युवा कथाकारहरू देखा परे । सन् १९८९ मा प्रकाशित राईले आफ्नो तेस्रो कथासङ्ग्रह **कठपुतलीको मन**को माध्यमद्वारा नेपाली साहित्यजगत्मा लीलालेखन नामक अर्को प्रयोगवादी लेखनको प्रवर्तन गरे । लीला लेखन नेपाली साहित्यमा देखिएको एउटा सर्वथा नवीन लेखन सिद्धान्त हो । राईले ज्याक डेरिडाद्वारा प्रवर्तित डिकन्स्ट्रक्सन नामक सिद्धान्तलाई विनिर्माणको रूपमा प्रतिस्थापन गरी प्रथम

पल्ट आफ्नो **कठपुतलीको मन** कथा लेखे । नेपाली साहित्यमा यो विनिर्माणको डेरिडीय सिद्धान्तलाई राईले अस्सीको दशकमा नै भित्र्याइसकेका हुन्, जसले गर्दा नेपाली कथा साहित्यलाई विश्वका अन्य साहित्यको समकक्षमा पुऱ्याएको मान्न सकिन्छ । राईले आयामिक लेखनपछि लीला लेखनलाई आधार गरी कथाहरू लेखे । यिनीपछि समय चेतना र नवीन प्रयोगले कथा लेख्ने कथाकारहरूमा सञ्जय विष्ट, प्रवीण राई जुमेली, छुदेन काविमो, शमशेर अली, उदय थुलुङ, सञ्जीव छेत्री, सुरज धड्कन, प्रकाश हाङखिम, नीरज थापा, मनोज बोगटी, निरङ्कर थापा, युवा बराल, सन्ध्या आचार्य आदि देखिन्छन् । अचेल जातीयतावाद भारतभरि छरिएर बसेका नेपालीहरूकै एउटा साझा अनि प्रमुख स्वर भएर साहित्यमा प्रतिध्वनित भएको पाइन्छ । कवितामा जे जति नयाँ प्रयोग भएको पाउँछौँ कथामा त्यो प्रयोग त्यस रूपमा आउन सकेको छैन । आजका कथाहरू शोध गरेर लेखिँदैछन् । कथाझैँ भारतीय नेपाली उपन्यास त्यति उर्वर देखिँदैन । यहाँको उपन्यास परम्परा पनि नेपालको झैँ आदर्शवाद, स्वच्छन्दतावाद, यथार्थवाद, सामाजिक यथार्थवाद, विसङ्गतिवाद, आलोचनात्मक यथार्थवाद, मनोविश्लेषणवाद, आञ्चलिकता, विनिर्माणवाद, नारीवाद, जातीय अस्मिता र गोर्खाल्यान्ड आन्दोलन तथा उत्तरउपनिवेशवाद आदि प्रवृत्तिहरू हुँदै विकसित भएको पाइन्छ । हालमा भारतका प्रमुख उपन्यासकारमा प्रमुख छन् भीम दाहाल, पुष्प राई, विन्ध्या सुब्बा, रुद्र पौड्याल, छुदेन काविमो, इन्द्रमणि दर्नाल, स्नेहलता राई, रीता ठकुरी, साङ्मु लेप्चा आदि ।

भारतको नेपाली नाट्य साहित्य बिसौँ शताब्दीदेखि सुरु भएको कालक्रमिक विकास क्रमलाई मुख्यतः भारत स्वतन्त्रपूर्वकाल अनि स्वतन्त्रोत्तरकाल गरी दुई भागमा विभाजित गरी अध्ययन गर्न सकिन्छ। स्वतन्त्रोत्तरकालमा उत्तरउपनिवेशवाद, लीला लेखन, सूत्र उपन्यासहरू विकसित भएको पाइन्छ। सी.के. श्रेष्ठ, राजु प्रधान हिंमाशु, पी अर्जुन, ध्रुव लोहागन, चुनिलाल घिमिरे, मुक्तिप्रसाद उपाध्याय, थौमन नौवाग आदि यस विधामा सक्रिय देखिन्छन् । भारतमा पनि नेपाली निबन्धको विकास क्रमिक रूपले अघि बढेको देख्न पाइन्छ । अच्छा राई 'रसिक', रामलाल अधिकारी, सानुभाइ शर्मा, राजनारायण प्रधान, रुद्र पौड्याल आदिको निबन्धमा पाइने व्यङ्ग्यात्मक स्वर विद्यमान देखिन्छ भने इन्द्रबहादुर राई प्रभृति लेखकको निबन्ध बौद्धिकतापूर्ण देखिन्छ । यसरी विधागत रूपमा नेपाली साहित्यमा निबन्ध

लेखनले पनि आफ्नो गरिमा कायम गर्न सफल रहेको पाइन्छ। नेपाली निबन्धमा युवा निबन्धकार अजय खड्काको **पखेटा चलुन्जेल** अनि जस योञ्जन प्यासीको **मेरो यात्रा** (सन् २०१८) पछि अन्य निबन्ध पुस्तक प्रकाशित भएको छैन । सानु लामा, सलोन कार्थक, विन्द्या सुब्बा, किसन प्रधान तथा शान्ति छेत्रीका नियात्राका केही कृतिहरू प्रकाशित छन् ।

अनुवाद निःसन्देह एउटा जटिल प्रक्रिया हो । कुनै पनि जातिको भाषा-साहित्यको विकासमा अनुवादको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। नेपाली साहित्यको विकासमा पनि अनुवादको एउटा निकै लामो परम्परा विकसित पाइन्छ । सन् १९१४ तिर पादरी गङ्गाप्रसाद प्रधानको साहित्येतर गद्य विधाबाट सुरु भएको भारतीय नेपाली अनुवाद परम्परामा सृजनात्मक साहित्य, काव्यशास्त्रका लक्षण तथा सैद्धान्तिक ग्रन्थ, आत्मकथा एवम् जीवनीसम्बन्धी कृतिहरूको विभिन्न भाषाबाट नेपालीमा र नेपालीबाट विभिन्न भाषामा अनुवाद भएको पाइन्छ । अधिकतर साहित्यिक कृतिहरूको अनुवाद अन्य भाषाबाट नेपाली भाषामा भए पनि नेपाली भाषाका कृतिहरूलाई अन्य भाषामा अनुवाद गर्ने काम भने त्यति सन्तोषजनक रहेको छैन । यद्यपि नेपाली साहित्यमा अनुवादको एउटा स्वस्थ र उर्वरशील परम्पराको स्थापना भएको देखिन्छ। उत्तरपूर्वाञ्चलबाट असम, मणिपुर, मेघालय, मिजोराम राज्यबाट नेपाली साहित्य लेखनको विकास भइरहेको छ । कविता विधा धेर लेखिने प्रथाबाट यी राज्यहरू अछुत देखिँदैन । असमबाट लेखिने नेपाली साहित्यका विविध विधाहरू आख्यान, बालसाहित्य, समालोचना, निबन्ध आदिका साथै नेपालीबाट असमेली र असमेलीबाट नेपालीमा अनुवाद गरिने प्रथा धेरै धनी रहेको पाइन्छ। लीलबहादुर क्षेत्री, गीता उपाध्याय, ज्ञानबहादुर छेत्री, नव सापकोटा, डा. शान्ति थापा, किरणकुमार राई, इन्दुप्रभा देवी, दैवकी तिमसिना, रुद्र बराल आदि प्रमुख साहित्यकार तथा अनुवादकका रूपमा देखिन्छन्। मिजोरामबाट लक्ष्मी मिनु, मणिपुरबाट भवानी अधिकारी आदिको साहित्यिक योगदानलाई नेपाली साहित्यको विकासक्रममा कतै भुल्न सकिँदैन ।

भारतमा विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूले पनि नेपाली साहित्यको विकासमा महत् योगदान पुऱ्याउँदै आएको छ । राष्ट्रियस्तरमा साहित्य अकादमीबाहेक विभिन्न राज्य, जिल्ला तथा महकुमा स्तरमा स्थापित संस्थाहरूमा सिक्किम अकादमी, नेपाली साहित्य परिषद्, नेपाली साहित्य सम्मेलन, दार्जिलिङ,

गोर्खा जनपुस्तकालय, खर्साङ, नेपाली साहित्य अध्ययन समिति, कालेबुङ, डुवर्स नेपाली साहित्य विकास समिति, बसुधा भारतीय नेपाली नारी साहित्य मञ्च, बद्री नारायण स्मृति प्रतिष्ठान, स्रष्टा परिवार, नागरीफार्म आदिद्वारा आयोजना गरिने साहित्यिक गतिविधि उल्लेखनीय छन् ।

पुरस्कारहरूमा साहित्य अकादमी पुरस्कार, बालसाहित्य अकादमी पुरस्कार, युवा साहित्य अकादमी पुरस्कार, साहित्य अकादमी अनुवाद पुरस्कार, सिक्किम, नेपाली साहित्य परिषद्बाट प्रदान गरिने भानु पुरस्कार, गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनिकबाट प्रदान गरिने भानु पुरस्कार, गिरी पुरस्कार तथा विभिन्न साहित्यिक संस्थाहरूबाट प्रदान गरिने दियालो पुरस्कार, स्रष्टा पुरस्कार, पारसमणि पुरस्कार, भाइचन्द पुरस्कार, पूर्ण राई पुरस्कार, बद्री नारायण स्मृति पुरस्कार, डी के श्रेष्ठ स्मृति साहित्यिक पुरस्कार, शोभाकान्ति थेगिम स्मृति पुरस्कार आदिले पनि नेपाली साहित्यमा समर्पित साहित्यकारहरूलाई उक्त पुरस्कारहरू अर्पण गरेर प्रोत्साहन दिइरहेको छ ।

समकालीन भारतीय नेपाली साहित्यको एउटा प्रमुख र छुट्टै विशेषता भएर हुर्किएको छ चियाबारी साहित्य । चियाबारी साहित्य भन्नाले चियाबारी जनजीवनमा आधारित साहित्य सिर्जना बुझिन्छ । सिङ्गो चियाबारीमाथि केन्द्रित कवितासङ्ग्रहमा - भूपाल सुब्बाको **चिया जीवन** (सन् २०१३) अनि चियाबारी जनजीवनलाई लिएर लेखिएका चियाबारी खण्डकाव्यहरू हुन् – नन्द हाङखिमको **चियाबारीमा** (सन् १९७०), बुद्धकुमार मोक्तानको **कुल्लीको गीत** (सन् २००२), नवीन सुब्बाको **चियाबारी मोफसल** (सन् २०१२) आदि । कवि कर्ण विरह 'चियाबारी र आमा' कवितामा लेख्छन् –

तपाईंको पुरानो कुच्चिएको सिल्वरको मगमा
खाजाको पोकामा अलि-अलि बटुलेर ल्याएको
एक मुट्ठी चियापत्तीको फिक्का झोलको जुन रङ छ
त्यही रङ रातभरि छानाबाट चुहिएको पानीमा छ
जुन राती तपाईंले डेक्ची थाप्दा भरिएको थियो ।
फरक यति छ ती दुईमा कि तपाईंको मगको रङ मालिकले देख्नु हुँदैन
र तपाईंको देक्चीको रङ मालिकलाई देखाउनु हुँदैन ।

(चर्किएको भुइँबाट पृ. ४७)

चियाबारी साहित्यलाई लिएर मात्र साहित्य अकादमीले सन् २०११ मा नयाँ दिल्लीमा एउटा राष्ट्रियस्तरको सङ्गोष्ठीको आयोजना गरिसकेको छ। उत्तर बङ्ग विश्वविद्यालय अनि सिक्किम विश्वविद्यालयका नेपाली विभागबाट चियाबारी साहित्यमा शोधकार्य भइरहेको जानकारी पाइन्छ ।

## नेपाली नारी लेखन

"नारी स्वतन्त्रता" को आवाज सुनिन थालेको अठारौँ शताब्दीको अन्ततिर हो । नारी आन्दोलनको जड पहिल्याउँदै जाँदा यो सन् १७८९ बाट सुरु भएको मान्न सकिन्छ । दुईसय वर्षभन्दा लामो इतिहास रहेको नारीहरूको सङ्घर्षको प्रारम्भिक चरण लैङ्गिक विभेदको विरोध र समानताको पक्षमा रहेको छ। यस आन्दोलनको थालनी हुनुभन्दा सैयौँ वर्ष अघिदेखि समाजमा नारीमाथि हुने शारीरिक र मानसिक शोषण, पुरुषले नारीमाथि गरेको थिचोमिचो र यसबाट नारीलाई मुक्ति दिनुपर्छ भन्ने सोचबाट नारी जागरणको थालनी १५ औँ शताब्दीबाट सुरु भयो । सिमोन दि बुआको **दि सेकेन्ड सेक्स** (१९४९) बाट नै पश्चिममा आधुनिक रूपमा नारीवादी चिन्तनको आरम्भ भएको मानिन्छ । विश्वको सामाजिक संरचनामा नारीलाई दासीको रूपमा हेर्ने गर्थ्यो त्यस समयमा बुआले यो पुस्तक लेखे । केट मिलेटको सेक्सुअल पोलिटिक्स (१९४९) नारीवादी आन्दोलनमा देखापरेको एउटा अति महत्त्वपूर्ण पुस्तक हो जसलाई आधुनिक नारीवादी चिन्तनको घोषणापत्र मानिन्छ। केट मिलेटले भनेकी छन् - "The personal is political" अर्थात् "नारी भएर मैले भोग्नु परेको समस्या मेरो व्यक्तिगत अयोग्यताले होइन तर पितृसत्तात्मक समाजको कारणले हो ।" नारीवादी आन्दोलनको दोस्रो प्रवाह सन् १९६०-१९७० मा अश्वेत अनि समलिङ्गी नारीहरू आफ्नो अस्तित्वको मुद्दा लिएर देखापरेका छन् । समयको प्रवाहसितै नारीले सुरुमा साहित्यमा लेख्दै आएका समस्या, पीडा, भोगाइको चित्रणले मात्र सन्तुष्ट नभएर अब हामी नारीहरू आफ्नो अनुभव, आफ्नो दृष्टिले साहित्य लेख्नुपर्छ भन्ने आग्रहले अघि आए। विश्वका नारी लेखनमा, प्रवृत्तिगत परिस्थितिवश आएको परिवर्तनले नेपालको नेपाली नारी साहित्यलाई पनि प्रभाव परेको पाइन्छ। नेपाल र भारतका नेपाली नारी साहित्यकारले आफ्ना सिर्जनामा नारी अनुभूति र विशिष्टतालाई केन्द्रमा राखेको पाइन्छ । नेपाल र भारतका नारी लेखनमा कहाँ भिन्नता पाइन्छ भने नेपालका नारी लेखकहरू

आफ्ना कविता, आख्यानमा नारीको बौद्धिक उपस्थितिमा पुरुषको हस्तक्षेप रहनु, नारीलाई अबला अनि पुरुषलाई शक्तिको प्रतीक मान्नु, साथै नारी अशिक्षित र अज्ञानी हुनुबाट पुरुष समाजले सधैँ फाइदा उठाएको, पुरुषको सफलतामा गर्व र खुसी महसुस गर्ने नारी अनि नारीलाई पनि समय-समयमा प्रशंसा गर्ने पुरुषले तर नारीको कर्मलाई इतिहास बनाउन नचाहेको कुरो उनीहरू आफ्ना लेखनमा स्पष्टतः उल्लेख गर्छन् भने भारतका नारी लेखकहरू यसरी खुलेर पुरुष सत्ताको विरोधमा आएको देखिँदैन। विशेषतः नेपाली नारीहरू निर्णयात्मक भूमिकामा सधैँ पुरुष साथीको सहयोग लिन बाध्य रहेका देखिन्छन्। यसैको प्रत्यक्ष प्रभाव नेपाली साहित्य लेखनमा पनि पर्दैआएको छ।

भारत र नेपाल दुवैतिरबाट नेपाली कवितामा प्रयोगवादी धारा, आख्यानमा अस्तित्ववादी, विसङ्गतिवादी, प्रगतिवादी, नारीवादी, जातीय अस्तित्व, किनारीकृत स्वरलाई प्रयोगमा आएको देखिन्छ। विश्व साहित्यमा नेपाली नारी लेखनले आफ्नो विशेष ठाउँ बनाउन सक्षम भएका स्रष्टाहरू हुन् - कवितामा बानीरा गिरी, बेन्जु शर्मा, कुन्ता शर्मा, मञ्जु काँचुली, उषा शेरचन, शारदा शर्मा, इन्दिरा प्रसाईं, प्रतिसरा सायमी, अरुणा वैद्य, मोमिला, सरिता तिवारी, सरस्वती प्रतीक्षा, गीता त्रिपाठी, सन्ध्या पहाडी, वीणा हाङखिम, रेमिका थापा, सुधा एम राई, कमला राई, शीला लामा, वसन्ती शर्मा, झमक घिमिरे, पवित्र लामा, मणिका मुखिया, लतिका जोशी, मीना सुब्बा, उषाकिरण 'सत्यदर्शी' उपन्यासमा पारिजात, विन्ध्या सुब्बा, गीता केशरी, प्रेमा शाह, इन्दिरा प्रसाईं, शारदा शर्मा, पद्मावती सिंह, जलेश्वरी श्रेष्ठ, माया ठकुरी, झमक घिमिरे, सुस्मिता नेपाल, पुष्प राई, मनीषा गौचन, काया कल्प, गीता उपाध्याय, राधा रसाइली, सरस्वती प्रतीक्षा, बाबा बस्नेत, तर्कना शर्मा, साङ्मु लेप्चा, रीता ठकुरी आदि, कथामा पद्मावती सिंह, भागीरथी श्रेष्ठ, भुवन ढुङ्गाना, मञ्जु काँचुली, मीरा प्रधान रेम, उषा शेरचन, नीलम कार्की निहारिका, निबन्धमा पारिजात, विन्ध्या सुब्बा, सुधा त्रिपाठी, शारदा शर्मा, सुलोचना मानन्धर, भारती गौतम, मोमिला, नाटकमा राधिका राया, बेन्जु शर्मा, पारिजात, सुधा त्रिपाठी, वेदकुमारी न्यौपाने, हरिमाया भेटवाल, शिवानी सिंह थारु, समालोचनामा उषा ठाकुर, गार्गी शर्मा, सुषमा आचार्य, शारदा अधिकारी, सुधा त्रिपाठी, ज्ञानु पाण्डे, लीला लुइटेल, रजनी ढकाल, गीता त्रिपाठी, ज्ञानु अधिकारी, बिन्दु शर्मा, सरिता ढकाल, कविता लामा, पुष्प शर्मा, रेमिका थापा, सुजातारानी

राई, मुन्नु गौतम, ममता लामा, गीता छेत्री, वीणा हाङखिम, मणिका मुखिया आदिमा समसामयिक धारा एवम् नवचेतनावादी धाराको प्रभाव रहेको पाइन्छ । भारतबाट नाटकमा इन्द्रमणि दर्नाल, उषाकिरण 'सत्यदर्शी', गजल लेखनमा सरिता समदर्शी, पी लक्खी शेर्पा आदि सक्रिय देखिन्छन् । यी लेखकहरूको गुणात्मक कृति लेखनले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिइएको पाइन्छ । सुधा त्रिपाठीका **महिला समालोचक र नेपाली समालोचना** (वि.सं. २०६२), **नेपाली उपन्यासमा नारीवाद** (सन् २०१२) र अर्को पुस्तक **नारीवादी सौन्दर्य चिन्तन** (सन् २०१२), ज्ञानु अधिकारीको **नेपाली नारी समालोचनाः परम्परा, प्रवृत्ति र विश्लेषण, सिद्धान्त र प्रयोग** (वि.सं. २०६८), लक्ष्मी उप्रेतीको **नेपालका नारी कथाकारः प्रवृत्ति र प्रतिनिधि कथा** (वि.सं. २०६८), सुधा त्रिपाठी र सीता पन्थीका सम्पादनमा प्रकाशित कृति **नेपाली नारीवादी समालोचना** (वि.सं. २०७०), लीला लुइटेल **नेपाली कवितामा महिलालेखन** (वि.सं. २०७०), ज्ञानु पाण्डेको **नेपाली उपन्यासमा लैङ्गिकता** (वि.सं. २०६९) र **प्रायोगिक समालोचना केही प्रतिरूप** (वि.सं. २०६७), बिन्दु शर्माको **आधारभूत नेपाली समालोचना**, लीला लुइटेलका **नेपाली महिला कथाकार, नेपाली महिला उपन्यासकार**, नन्दमाया नकर्मीको **नेपाली नाटकमा नारी समस्या** (वि.सं. २०६३), लीला लुइटेलको **भारतीय नेपाली महिला साहित्यकार** (सन् २०१९) जस्ता समालोचनात्मक पुस्तकले नेपाल र भारतका नेपाली नारी लेखकहरूलाई पुरुष लेखनको दाँजोमा सगर्व उभ्याउन सक्षम बनेको कुरा प्रमाणित हुँदछ ।

भारत र नेपाल दुवै देशबाट बालसाहित्यमा पनि नेपाली नारी लेखकको सहभागिता राम्रो रहेको देखिन्छ । नेपालका नेपाली नारी लेखनको विकास परम्परामा नेपालका १२ जना नेपाली महिलाहरूले साहित्य सिर्जना र नारी लेखकहरूको भेटघाटको निम्ति एउटा साहित्यिक मञ्च गुञ्जनको गठन भएको छ भने भारतमा नारी लेखकहरूलाई लिएर वसुधा (सन् २०००) नामक साहित्यिक मञ्चको स्थापना भएको छ । यी दुवै संस्थाले नेपाली साहित्यको विकासमा अतुलनीय योगदान पुऱ्याउँदै आएको छ ।

वर्तमान परिप्रेक्ष्यमा नेपाली साहित्यको एउटा ठुलो उपलब्धि नारी लेखकहरूको सक्रिय सहभागिता, उपस्थिति र सबल प्रतिनिधित्वलाई मान्न सकिन्छ । नेपाल र भारतको नेपाली साहित्यमा मात्र होइन डायस्पोरा नेपाली साहित्यमा पनि नेपाली नारी लेखकहरूले साहित्यका विभिन्न विधामा आफ्नो

सिर्जना प्रतिभाको शक्ति प्रमाणित गरिसकेका छन् । तीमध्ये प्रमुख हुन् - मीरा प्रधान, रेम, कल्पना घिमिरे नुरिस्साँ (अफ्रिका), गीता खत्री, नीलम कार्की निहारिका, जया राई, भारती गौतम, नम्रता गुरागाईं, प्रमिला शर्मा, भगवती बस्नेत, सानु घिमिरे, सञ्जु बजगाईं, दीप्स शाह, कमला स्वरूप, साधना शर्मा, सुमित्रा जोशी, अम्बिका तिवारी, विष्णुमाया परियार, पुनम काफ्ले, कमला प्रसाईं, शान्ता घिमिरे अधिकारी, गङ्गा लिगल, सीमा पाण्डे, विमला निरौला आदि । अनेसासद्वारा प्रकाशित **अनेक डायस्पोरा कविता** (सन् २०१२) पुस्तकमा १२३ जना नारी कविहरूको उल्लेख पाइन्छ । यसैबाट नेपाली साहित्यमा नेपाली नारी लेखकहरूको सक्रिय सहभागिता प्रस्ट हुन्छ । यो अत्यन्त गर्व गर्नपर्ने कुरो पनि हो ।

नेपालबाट प्रदान गरिने राष्ट्रिय पुरस्कार मदन पुरस्कारले नीलम कार्की निहारिकाको **योगमाया**लाई विभूषित गरिएको सुसमाचारले सबैलाई आल्हादित तुल्याएको हो । यो पुरस्कार डायस्पोरिक नेपाली नारी लेखकलाई अर्पण गरिनु ठुलो गर्वको कुरा हो । भारतको राष्ट्रियस्तरमा प्रदान गरिने सर्वोच्च साहित्य अकादमी पुरस्कारले आख्यानकार विन्धा सुब्बा, समालोचक वीणा हाङखिम, उपन्यासकार गीता उपाध्याय अनि रवीन्द्रनाथ अकादमी पुरस्कारले नाटककार इन्द्रमणि दर्नाल तथा साहित्य अकादमी अनुवाद पुरस्कारले गीता उपाध्याय, मणिका मुखिया तथा बालसाहित्य अकादमी पुरस्कारले स्नेहलता राई, मुन्नु सापकोटा, शान्ति छेत्री अङ्लकृत भइसकेका छन् । समकालीन नेपाली साहित्यको प्रमुख उपलब्धि भनेको नारी लेखकहरूको सबल प्रतिनिधित्व, किनारीकृत समूह, समलिङ्गी स्वर, भिन्न क्षमताको अध्ययनलाई साहित्यमा समावेश गरिनु, जनजातीय संस्कृतिको उठान सचेत रूपले गरिनु, साइबर संस्कृतिको साहित्यमा प्रभाव र प्रयोग हुनु, परिवेश विमर्शप्रतिको सचेततालाई समेट्नु आदि देखिन्छ । यसैअनुरूप नेपाली समालोचना लेखनमा सिद्धान्तगत चर्चाको विकास हुँदै आएको छ ।

## विभिन्न डायस्पोराका नेपाली साहित्य लेखन

डायस्पोरा शब्दको पहिलो प्रयोग बाइबलमा भएको उल्लेख पाइन्छ । यसको इतिहास दुई हजार वर्षको छ । आज यसको अर्थ विस्तार भएर विश्वका एकतिहाई जति त्यस्ता नागरिकलाई बुझाउन प्रयोग गरिन्छ जो मूलभूमि छोडेर आतिथेय भूमिमा बसोबास गर्छन् । नेपाली जातिको पनि विश्वमा पचास प्रतिशत

जति डायस्पोरा निर्माण भएका छन् । कतिपय नेपाली साहित्यकारले डायस्पोरा शब्दको प्रयोग गर्नाको साटो यसलाई आफ्नो अध्ययन क्रममा युरोपेली अथवा सम्बन्धित देशको नामले मात्र सम्बोधन गरेको पनि पाइन्छ । जस्तै, युरोपेली नेपाली साहित्य, अमेरिकी नेपाली साहित्य आदि ।

अनेसास बेलायत च्याप्टर अध्यक्ष सुमलकुमार गुरुङले आफ्नो एउटा कार्यपत्र **युरोपमा नेपाली साहित्य हिजो र आज**मा युरोपेली नेपाली साहित्यलाई खुबै अध्ययन गरी तयार पारेका छन् । उक्त कार्यपत्रलाई पनि प्रस्तुत लेखमा धेरै ठाउँमा सन्दर्भको रूपमा लिइएको छ । गुरुङ लेख्छन् - "डायस्पोरामा पहिलो भ्रमण गर्ने नेपाली जङ्गबहादुर राणा हुन् । उनले सन् १८५२ मा बेलायत र फ्रान्समा भ्रमण गरेका थिए । जङ्गबहादुर राणाको बेलायत भ्रमणले नेपाली साहित्यलाई **श्री ३ जङ्गबहादुर राणाको बेलायत यात्रा** नामक एउटा महत्त्वपूर्ण कृति दियो जुन नेपाली नियात्रा साहित्यको कोसेढुङ्गा भएको छ । त्यसपछि युरोप जाने नेपालीहरूमा गोर्खा फौज अग्रपङ्क्तिमा आउँछन् । तर बझाङे राजा र गोर्खा फौजको प्रारम्भिक समयमा भने कुनै कृति सिर्जना भएको प्रमाण पाइँदैन । जङ्गबहादुर राणापछि युरोपको भ्रमण गर्ने साहित्यकार लैनसिंह बाङदेल देखिन्छन् जसको **मुलुक बाहिर**जस्तो यथार्थवादी उपन्यास नेपाली साहित्यले पाएको छ । बेलायतमा नेपाली भाषा-साहित्यको विकास सन् १९६० को दशकदेखि हुन थालेको पाइन्छ । यसै समयदेखि तत्कालीन युवराज वीरेन्द्र, पशुपति शमशेरलगायतका अक्सफोर्ड र इटन कलेजमा पढ्ने विद्यार्थीहरूले यति नेपाली एसोसिएसन नामक संस्था स्थापना गरेर **यति** पत्रिकाको प्रकाशन प्रारम्भ गरेका थिए । सन् १९८६ मा यसै संस्थाको पहलमा नेपाली भाषा, साहित्य र संस्कृतिको जगेर्ना गर्नाका लागि कोसेली नेपाली सांस्कृतिक परिवार स्थापना गरिएर **कोसेली** लोक संस्कृतिप्रधान पत्रिका प्रकाशन गर्न थालिएको थियो । सन् १९९५ देखि नेपाली साहित्य विकास परिषद्को स्थापना अनि त्यही परिषद्को प्रयासमा **लालीगुराँस** पत्रिकाको प्रकाशनले थप योगदान पुऱ्याएको छ ।

विदेशी भूमिमा नेपाली भाषा पहिलोपल्ट बोल्ने गोर्खा सैनिकहरू नै थिए । तसर्थ नेपाली साहित्यलाई भारतमा मात्र सीमित नराखेर विश्वका अन्य मुलुकमा पुऱ्याउने श्रेय पनि यिनै गोर्खा सैनिकलाई नै सम्भवतः जान्छ । भारतलाई छोडेर अन्य देशहरूमा हेर्नु हो भने नेपाली भाषामा पहिलोचोटि बीएफबीएस रेडियो

हङकङमा सुरु भएको थियो । यस रेडियोमा कविता प्रतियोगिताहरूको आयोजना गरिँदैछ । यो रेडियो सेवा अहिले पनि नेपाल, ब्रुनाई र बेलायतमा निरन्तर प्रसारण भइरहेको पाइन्छ, जसलाई नेपाली भाषाको विकासमा एउटा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । युरोपीय देशहरूमा सबैभन्दा बेसी नेपालीहरूको बसोबास भएको राष्ट्र बेलायत हो । अहिले यहाँ सानाठुला गरेर लगभग २०० भन्दा बढी साहित्यिक सङ्घ-संस्थाहरू खोलिएका छन् । यीमध्ये यतिपत्र र अन्य ६ वटा नेपाली साहित्यिक संस्थानहरूले सक्रिय भएर नेपाली साहित्यको श्रीवृद्धिमा काम गरिरहेका छन् । यहाँको पर्वते पत्रिका, बीबीसी र बीएफबीएस आदि बेलायती सरकारबाट नै सञ्चालित छन् । बीएफबाएस रेडियोमा कविता प्रतियोगिताहरू आयोजना हुने गर्दछ ।

यति समाज बेलायतको मात्र नभई सम्पूर्ण युरोपकै सबैभन्दा पुरानो संस्था हो । सन् १९६० सालमा प्रकाशित **यतिपत्र**का सम्पादक वर्तमान सम्पादक सुरेशजङ्ग शाह हुन् । **यतिपत्र**मार्फत पहिलो नेपाली डायस्पोरिक साहित्यको जन्म भएको पाइन्छ । पछि युरोपमा नेपालीहरूको जनसङ्ख्या बढ्न थालेपछि यहाँ विभिन्न सङ्घ-संस्थाहरू खोलिन थाले र नेपाली डायस्पोरिक साहित्यको पनि वृद्धि हुँदै गयो । अहिले नेपाली डायस्पोरिक साहित्य बेलायत, रुस, अमेरिका, इजरायल, बेल्जियम, जर्मनी र फ्रान्स आदि देशहरूमा धेरै फस्टाएको देखिन्छ । युरोपीय देशहरूमा सबैभन्दा अधिक नेपालीहरूको बसोबास भएको राष्ट्र बेलायत हो । अहिले यहाँ सानाठुला गरेर लगभग दुईसय भन्दा बढी साहित्यिक सङ्घ-संस्थाहरू खोलिएका छन् । यस संस्थाले सम्मान र पुरस्कारहरूको पनि व्यवस्था गरेको छ । यसरी सन् १९६० देखि २००० सम्ममा बेलायतमा बाह्र हजारको हाराहारीमा नेपालीहरूको सङ्ख्या पुगिसकेको तथ्य प्राप्त भएको छ । बेलायतमा नेपाली भाषा साहित्यको विकासमा योगदान दिने व्यक्तिहरूमा बेलायतकै नागरिक तथा नेपाली भाषाका प्राध्यापक डा. माइकल हटको महत्त्वपूर्ण भूमिका रहन गएको छ ।

## अहिले बेलायतमा सक्रिय रहेका साहित्यिक संस्थानहरू

१. **नेपाली साहित्य विकास परिषद्, बेलायत** – सुरेशजङ्ग शाहको अध्यक्षतामा सन् १९९५ मा खोलिएको यो संस्था बेलायतको पुरानो संस्था हो । यस संस्थाबाट सुरशजङ्ग शाह, कोमलप्रसाद श्रेष्ठ मल्ल, हरिसिंह थापा, गोपाल

पौडेल, गोकुल भण्डारी, गोपाल पराजुली, सुमित्रा आँचलजस्ता लेखक वा कविहरूका पुस्तकहरू पनि प्रकाशन गरेका छन् । यस संस्थाले **लालीगुराँस** पत्रिका प्रकाशन गर्दै आएको छ । यस अतिरिक्त **कोसेली**, **लन्डनपोस्ट** र **सगरमाथा टाइम्स** आदि पत्रिकाहरू पनि प्रकाशित भएको पाइन्छ । यस संस्थाले एनएलडीसी र सन् २०१४ देखि नेपाली साहित्य पुरस्कार प्रदान गर्ने गर्दछ । हालसम्म प्रेरणा थापा, कोमल श्रेष्ठ मल्ल, धनबहादुर थापा आदि कविहरू एनएलडीसी गोल्डमेन पुरस्कारद्वारा पुरस्कृत भइसकेका छन् । नेपाली साहित्य पुरस्कारबाट विभूषित हुनेहरू साहित्यकारमा सुमलकुमार गुरुङ र गोविन्द बेलबासे हुन् ।

२. **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बेलायत च्याप्टर** – यो संस्था सन् २००४ मा पोषेन्द्र सत्यालको अध्यक्षतामा स्थापना भएको थियो । अहिले यस संस्थासँग आबद्ध रहेका सर्जकहरूले धेरै कृतिहरू नेपाली साहित्यलाई दिइसकेका छन् ।

सन् २०११ मा यस संस्थाले अनेसास कन्भेन्सन आयोजना गरेको थियो, जहाँ बेलायत च्याप्टरले **वाङ्मय** पत्रिका पनि प्रकाशित गरेको थियो । यस संस्थाले प्रत्येक महिना साहित्यिक कार्यक्रम गरेर साहित्यलाई सेवा पुऱ्याउने काम पनि गर्दैआएको छ ।

अनेसास बेलायत च्याप्टरबाट प्रदान गरिने सुप्रभा साहित्यिक पुरस्कारबाट पुरस्कृत साहित्यकारहरू हुन् - मुकेश राई, केदार सङ्केत, कृष्ण बजगाईं, दुर्गा पोखेल, सुमाया राई ।

अनेसासको दोस्रो कन्भेन्सन बेलायतमा सन् २०११ को अगस्ट महिनामा २६-२८ सम्म भएको थियो । त्यस कार्यक्रममा गोविन्दराज भट्टराई, सुष्मा आचार्य, होमनाथ सुवेदी, रूपक श्रेष्ठ, गोपीकृष्ण प्रसाई, माइकल हट आदिद्वारा कार्यपत्रहरू पनि प्रस्तुत गरिएका थिए ।

३. **नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत** – नेपाली भाषा, साहित्य, कला-संस्कृतिको सम्बर्द्धन गर्नाका निम्ति नेपाली प्रतिभा प्रतिष्ठान सन् २००८ मा स्थापना भएको हो । यस संस्थाले पनि कविता, गीत, उपन्यास, संस्मरण, लोक संस्कृति, विचार, दर्शन, कथासङ्ग्रह गरी जम्मा ३० वटा कृतिहरू अहिलेसम्म प्रकाशित गरिसकेको छ । यस संस्थाले नेपाली साहित्यमा

अतुलनीय योगदान पुऱ्याउने विशिष्ट कवि, लेखक, समालोचक तथा साहित्यकारहरूलाई कदर-पत्रले सम्मानित गर्दै आएको छ ।

४. **विश्व नेपाली साहित्य महासङ्घ, बेलायत च्याप्टर** - सन् २०१० मा नेटमार्फत स्थापना भएको विश्व नेपाली साहित्य महासङ्घ अहिले १२ वटा देशहरूमा फैलिएको छ । यस संस्थाले पनि विभिन्न देशका स्रष्टाहरूलाई पुरस्कृत गर्दै आएको छ - राजेन्द्र भण्डारी (भारत), नेपाली स्रष्टा पुरस्कार, विमला तुम्खेवा - युवा स्रष्टा पुरस्कार, श्यामसुन्दर यादव (नेपाल) - भाषाभाषी साहित्य पुरस्कार ।

५. **अन्तर्राष्ट्रिय नेपाली वाङ्मय प्रतिष्ठान** - यो संस्था विकल आचार्यको अध्यक्षतामा सन् २०१२ मा स्थापना भएको थियो । यस संस्थाको शाखा नेपालमा पनि खोलिएको छ भने यसै संस्थाबाट विकल आचार्यको **मोह** उपन्यास पनि विमोचन भएको पाइन्छ ।

६. **नेपाल मुक्तक प्रतिष्ठान, बेलायत च्याप्टर** - यो संस्था दुर्गाप्रसाद पोखरेलको अध्यक्षतामा सन् २०१५ मा खोलिएको थियो । नेपाली भाषा र साहित्यको विकासमा अनेपालीहरूले पनि धेरै योगदान दिएको पाइन्छ । तीमध्ये बेलायती नागरिकता त्यागेर नेपालमा बसेका जेपी काँस, माइकल हट अग्रपङ्क्तिमा देखिन्छन् । बेलायतका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीले आफ्नो सम्पादनमा बेलायतका कवि र कविता (सन् २०१७) प्रकाशित गरेका छन् ।

## हङकङमा नेपाली साहित्य

सन् १८१४ मा नालापानी युद्धमा वीर गोर्खालीको युद्ध कौशलबाट प्रभावित भएका अङ्ग्रेजले १८१७ देखि गोर्खालीहरूलाई इस्ट इन्डिया कम्पनीमा लिन थालेका हुन् । १९४७ मा भारत स्वतन्त्र हुनुअघि बेलायत, भारत र नेपालबिच त्रिपक्षीय सम्झौता हुनुभन्दा अघि अर्थात् १९४२ बाटै गोर्खालीहरू हङकङ क्याम्पमा बस्न थालेका थिए । सन् १९५९ देखि बेलायतले आफ्नो उपनिवेश हङकङलाई गोर्खाली सेनाको सुरक्षामा सुम्पिएपछि नेपाली भाषाको स्थायित्व बढेको हो । सन् १९४९ देखि सिङ्गापुरबाट प्रकाशन हुन थालेको नेपाली साहित्यिक पत्रिका **पर्वते** हङकङबाट पनि प्रकाशित हुन थाल्यो । त्यतिबेलैदेखि हङकङमा गोरखा रेडियोको

पनि प्रारम्भ हुन थाल्यो । यसका साथै हङकङबाट सन् २००० मा किसन राईको सम्पादनमा प्रकाशित हुन थालेको **एभरेष्ट** दैनिकको योगदान उल्लेखनीय छ। अनि सन् १९९८ मा पशन तमुले सुरु गरेको **संवाद**को योगदान, **सनराइज** साप्ताहिक, सन्देश नेपाली रेडियोलगायतका सञ्चार सामग्रीहरूले नेपाली भाषासाहित्यको विकासमा विशेष योगदान पुऱ्याइरहेको छ। हङकङमा सामाजिक सङ्घसंस्थाहरू पनि प्रशस्तै छन्। हाल नेपाली साहित्य प्रतिष्ठान, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, हङकङ च्याप्टर, सिर्जनशील साहित्य समाज, जनजाति साहित्य समाज, हङकङ नेपाली कलामन्दिरलगायतका धेरै सङ्घसंस्थादिले यहाँ नेपाली भाषा-साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् ।

## बेल्जियममा नेपाली साहित्य

बेल्जियममा नेपालीहरूको बसोबास प्रथम विश्वयुद्धपछि सुरु भएको पाइन्छ। बेल्जियममा नै बसोबास गर्ने ध्येय लिएर आउने पहिलो नेपाली पोखराकी सुकमाया नेपाली हुन् भन्ने केही तथ्यहरू पाइन्छ। उनी बेल्जियम नागरिकसँग विवाह गरेर सन् १९८२ मा यहाँ आएर बस्न थालेकी थिइन्। त्यसपछि वि.सं. २०४६ सालको आन्दोलनपछि नेपालीहरू लगातार रूपमा नेपालीहरू बेल्जियम आउन थालेका हुन् । अहिले बेल्जियममा लगभग ४५ वटा नेपाली सङ्घ-संस्थाहरू खोलिएका छन्। यी संस्थाहरूले नेपाली भाषा, साहित्य, संस्कृतिको विकासमा धेरै सहयोग पुऱ्याउँदै आएको छ । पछि सन् २००७ सालमा अनेसासको बेल्जियम च्याप्टर स्थापना भएपछि यहाँ भानु जयन्ती, मोती जयन्ती तथा देवकोटा जयन्तीहरू पनि मनाउन थालिएको पाइन्छ।

बेल्जियमका अनेकौं संस्थाहरूबाट विभिन्न पत्रिकाहरू प्रकाशित भएको पाइन्छ - नेपाली सांस्कृतिक समाजका गतिविधिहरू समेटेर प्रकाशित गरिएको **फोटोकपि पत्रिका** (सन् २००१), इन्द्रधनुष क्लबको **इन्द्रेणी** (सन् २००३), साङ्ग्रिला समाजको **बेल्जियम दर्पण** (सन् २००६), अनेसास बेल्जियम च्याप्टरको **शब्दाञ्जली** (सन् २००८) पुस्तकहरूमा विमल गिरीको गीतसङ्ग्रह, दिपेन केसी र सौरभ करन्जीका कृतिहरू अनि सञ्जु बजगाईको **समुद्र र सपना** प्रकाशित भएका छन्।

बेल्जियममा नेपालीहरूले भाषा अनि साहित्यको सेवाहेतु विभिन्न प्रकारका साहित्यिक वेभसाइटहरू पनि खोलेका छन् - कृष्ण बजगाईंद्वारा सम्पादित तथा

सञ्चालित वेभ पत्रिका **समकालीन डटकम**, दीपेन्द्र केसीद्वारा सम्पादित तथा सञ्चालित वेभ पत्रिका **प्रतिनिधि डटकम**, अन्य वेभसाइटहरूमा - **चितवन डटकम**, **इनेपाल न्युज डटकम**, **सँगालो डटकम**, **म्याग्दी डटकम**, **ब्रसेल्स डटकम**, **नेपाली मित्र डटकम**, **हाम्रो खबर डटकम** आदि प्रमुख छन् । यसका साथै नेपाली भाषा सिकाउनका निम्ति पनि बेल्जियममा संस्थाहरू खोलिएको पाइन्छ ।

## रूसमा नेपाली साहित्य

रूसमा नेपालीहरू पढाइको सिलसिलामा गएर त्यहीँ आफ्नो कर्मथलो बनाएर बस्न थालेका बहुसङ्ख्यामा छन् । बेलायतपछि नेपाली भाषा र साहित्यको गतिविधि हेर्ने हो भने रूसमा बढी भएको पाइन्छ । सन् १९५३ मा बुखारेस्ट विश्व युवा सम्मेलनमा भाग लिन गएको समयमा पूर्णबहादुर एम.एम.का स्रष्टा समूह क्रमशः लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र सिद्धिचरण श्रेष्ठले मस्को भ्रमण गरेका थिए । त्यस भ्रमणले प्रभावित भएर यी स्रष्टाहरूले रुसको भूमिलाई आधार गरी धेरै सिर्जनाहरू गरेका छन् । सन् १९६१ सालमा मस्कोमा नेपाली राजदूतावासको स्थापना भएपछि यस ठाउँमा नेपाली साहित्य सिर्जना फस्टाउन थालेको पाइन्छ ।

सर्वप्रथम कृष्णप्रकाश श्रेष्ठको सम्पादनमा **किरण** हस्तलिखित पत्रिका प्रकाशित भएको पाइन्छ । त्यसपछि विभिन्न छात्रसङ्घको मुखपत्रका रूपमा दुई दर्जनभन्दा बेसी हस्तलिखित पत्रिकाहरू प्रकाशित भएको रेकर्ड पाइन्छ । यसैको सन्दर्भमा सन् १९७४ मा रुस गएका कवि भूपि शेरचनले त 'मलाई लेखक बनाउने नै रूस हो' समेत भनेका थिए ।

रूसबाट प्रकाशित हुने नेपाली पत्रपत्रिकाहरू विभिन्न विषयक छन् । रूसमा सक्रिय रूपमा काम गरिरहेका नेपाली साहित्यिक सङ्घसंस्थाहरू हुन् - अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), रसिया च्याप्टर, विश्व नेपाली साहित्य महासङ्घ, अनि नेपाली डटकम अनि नारी निकुञ्ज (संस्था वा वेभ) आदि ।

यसरी नै रोमानियामा धेरै वर्षदेखि बस्दै आएका नवराज पोखरेलले रोमानियाको एकमात्र नेपाली साहित्यिक वेभ पत्रिका **नेपालरोमानिया डटकम**को सम्पादन तथा सञ्चालन गर्दै आएका छन् । उनका धेरै लेखहरू **मधुपर्क, नवकविता**

तथा **नवप्रभात** पत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । नेपाली गीति रचनालाई रोमानिया भाषामा अनुवाद गर्ने उनी प्रथम व्यक्ति पनि हुन् ।

## अमेरिकामा नेपाली साहित्य

सन् १९९१ सालसम्म अमेरिकामा नेपाली भाषासाहित्यको विकास गर्ने कुनै पनि साहित्यिक सङ्घ-संस्था नै थिएन । सन् १९९० देखि साहित्य सेवामा लाग्ने साहित्यकारहरूमा पुरुषोत्तम सुवेदी, डिगबहादुर तामाङ, कुमुद शर्मा, अरूण शर्मा, शिव गौतम आदि प्रमुख देखिन्छन् । अमेरिकाबाट प्रकाशित पत्रपत्रिकामा **परिक्रमा**, **विश्व सन्देश**, **सगरमाथा**, **नेपाल खबर** आदि हुन् । अनलाइन र वेभ पत्रिकामा **डिसी नेपाल**, **युएस अनलाइन**, **खसखस डट कम**, **हाम्रो समाज** हुन् । नेपाली भाषासाहित्यको विकासमा रेडियो दोभान, रेडियो समुद्रपारि, हिमाली स्वरहरू, सगरमाथा टिभी, नमस्ते टेलिभिजनको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

अमेरिकाको भर्जिनियामा बसोबास गर्दै आइरहेका होमनाथ सुवेदीको वि.सं. २०६४ मा प्रकाशित उपन्यास **यमपुरीको महल** डायस्पोरिक नेपाली उपन्यास लेखनको एउटा महत्त्वपूर्ण कृति मानिन्छ । **यमपुरीको महल** नवीनतासहित देखापरेको उपन्यास हो । यस कृतिमा मूलतः आप्रवासका क्षणको आत्मपहिचान र स्वप्नको खोजीको अभिव्यक्ति, प्रवासीका पीडा, सांस्कृतिक विचलन र सांस्कृतिक अन्तर्मिश्रणको अन्वेषण राम्रोसँग गरिएको छ । अस्तित्वको चेतनाको अभिव्यक्ति, बिरानोपन, अपरिचितता, स्वदेशप्रतिको अनुरागजस्ता डायस्पोरिक साहित्यका विशेषताहरू यस उपन्यासमा जताततै भेट्टाउन सकिने हुनाले यसलाई नेपाली उपन्यासका फाँटमा डायस्पोरिक साहित्यको कोसेढुङ्गा मान्न सकिन्छ । यिनकै अर्को कृति **चिरिएको मुटु** (२०६४) पनि यसतर्फ लेखिएको अर्को विशेष कृति हो । यसरी नै सुवेदीका कवितासङ्ग्रहहरू **प्रवासी स्वर** (२०५४), **आप्रवासका सुसेली** (२०६३) । कथाकार सन्जु बजगाईं र उनको पहिलो कथासङ्ग्रह **सपना र समुद्र** (२०६७) पछि **मध्यधार** भर्खरै प्रकाशित भएको छ । उनी वि.सं. २०६१ देखि युरोपियन मुलुकमा बस्दै आएकी छिन् । बेलायतमा रहेर कथा सिर्जनामा दर्बिलो उपस्थिति देखाएकी सन्जुको लेखनयात्रा विदेशी भूमिबाटै प्रारम्भ भएको देखिन्छ । पछिल्लो दशकमा आएर निक्कै चर्चामा आएको र हाल भने अलिक मत्थर देखिएको

डायस्पोरा साहित्य लेखकको रूपमा आफ्नो उपस्थिति दिन सफल बनेकी छन् । नीलम कार्की निहारिकाको **अर्की आइमाई**, जसमा नेपालदेखि अमेरिकासम्मको वातावरणलाई समेटेर लेखिएको प्रस्तुत उपन्यासले सरल र बोलीचालीको भाषालाई माध्यम बनाए तापनि धेरै ठाउँमा स्थानीय भाषाको प्रयोगद्वारा आञ्चलिकताको आभास दिने प्रयास पनि गरेको पाइन्छ । उनकै **कागजमा दस्तखत** (२००७), अनि **बेली** कथासङ्ग्रह (२०११) प्रकाशित छन् । यसरी नै अमेरिकाबाट भारती गौतमको **आकाशमाथिको सहर** कवितासङ्ग्रह (२००७) अनि **स्मृतिमा भीमु** उपन्यास (२०१०), कमला स्वरूपको **सम्झनाका अनुभूतिहरू** कथासङ्ग्रह (२००४), गीता खत्रीका **सिर्जनायात्रामा गीता** गीत-गजलसङ्ग्रह (२००४), **सम्झनाको तरेली** गीतसङ्ग्रह (२०१०), पुनम काफ्लेका **भावना, छायाछवि**, अनि **परदेसिएका पाइलाहरू** नामक काव्यकृतिहरू प्रकाशित छन् । साथै ज्योति पौड्यालको **ज्योतिका गीतहरू** (२००८), कमला प्रसाईंको **मबिनाको मेरो जीवन** (कवितासङ्ग्रह), शान्ता घिमिरेको **समुद्रपारीको माया** कवितासङ्ग्रह (२०१०), नम्रता गुरागाईंको **मन भए तिमीसँग** कवितासङ्ग्रह (२००८), गङ्गा लिगलको **सङ्गीतको आभास** कवितासङ्ग्रह (२००७), **ममताको खास्टो** खण्डकाव्य (२००९), **बिहानी, गङ्गाको लहर** तथा **युग ज्योति** शीर्षकका कवितासङ्ग्रहहरू पनि प्रकाशित छन् । मञ्जु निरौलाका **यथार्थमा अमेरिका** नियात्रा (२०१०), **प्रवासका सुस्केराहरू** कवितासङ्ग्रह (२०११) आदि कृतिहरूको प्रकाशन भएको पाइन्छ । यसैगरी अस्ट्रियाबाट रविचन्द्र भट्टराईको **मास्टर साहब** (उपन्यास, २०१३), हरिकुमार राणाको **मेरो आत्मकथाः प्रेम वियोग र समर्पणको त्रिवेणी** (लेखसङ्ग्रह, वि.सं. २०६६), आत्रेय चूडालको **कुहिरोभित्र लुकेको घर** (खण्डकाव्य), **बाल्यकालसँग लोभिँदै बाल्यकाल** (संस्मरण, वि.सं. २०६३) प्रकाशित छन् । इजरायलबाट दीप्स शाहको **आगो** (कवितासङ्ग्रह, सन् २०१०), **मुस्कानी फूलहरू** (कवितासङ्ग्रह, वि.सं. २०६९), हरि मानन्धरको **असूचित बिम्बध्वनि**, मनु लोहोरूङको **लुन्गमारी मिथक**, सुमित्रा पौड्यालको **ममताको आँचल** आदि कवितासङ्ग्रह सँगै उमा सुवेदीको **तप्किएर अञ्जुलिमा**, भगवती बस्नेतको **रहर भो जिन्दगी**, सुचित्रा खनियाँको **नियतिको खेल यस्तै**, शान्ति पाख्रिनको **निरीह समदृष्टि**, सावित्रा लुइटेलको **छचल्किएका भावनाहरू**, कल्पना पौड्याल 'जिज्ञासु' को **भावनाका भेलाहरू**, मीरामान थापाको **माटो, मुटु र मन**, कविता शर्माको **दुख्छ मन मेरो पनि** आदि गजलविधाका कृतिहरू विशेष उल्लेखनीय देखिन्छन् ।

यसरी नै विश्वका अन्यान्य मुलुकमा बस्दै आइरहेका नेपाली समुदायका लेखकहरूका प्रकाशित कृतिलाई क्रमिक रूपले यहाँ राख्न सकिन्छ । दक्षिण कोरियाबाट प्रवीन राईको **व्याकुल बिहानी** (कवितासङ्ग्रह, २०१२), हुद्धि मोक्तानको **फूल्न देऊ मलाई** शीर्षकको गजलसङ्ग्रह उल्लेखनीय छन् । क्यानाडाबाट मानकाजी श्रेष्ठका **अस्थिपञ्जर, आकाशपाताल** दुई कवितासङ्ग्रह प्रकाशित छन् भने चीनबाट पूर्णिमा शाहको **लम्कँदैछु युद्ध गर्न** (कवितासङ्ग्रह २०१४), हिमकला राईको **चौतारी** नामक डायरी लेखन अनि गङ्गा गुरुङको **केवल गङ्गाका कविता** आदि प्रकाशित छन् । जापानबाट पुनम क्षेत्रीको **पग्लिरहेका पहाडमा पुनमका पाइला**, निहारिका लक्ष्मी शाहीको **पाइलाका डोबहरू**लाई लिन सकिन्छ भने पोर्चुगलबाट सीता बरालको **भुन्टी** नामक कथासङ्ग्रह प्रकाशित छन् । यही क्रमले बेलायतबाट **लाराको पात्रहरूसँग एक साँझ** (२०११), निर्मला परिवेश राईको **युद्धः सहअस्तित्व र सिर्जना** (कवितासङ्ग्रह), अन्जु अन्जीको **फेरि किन विछोड** (उपन्यास, वि.सं. २०५९), जया राईको **डम्बरी** (कथासङ्ग्रह, सन् २००५), **बेकर स्ट्रिटका दुई आँखा** (नियात्रामूलक निबन्धसङ्ग्रह, सन् २०११), **पार्क र पानीका थोपा** (नियात्रामूलक निबन्धसङ्ग्रह, सन् २०१३), अनि सञ्जु बजगाइँको **रहँदाखेरि समुद्र र सपना** (कथासङ्ग्रह) प्रकाशित भएको देखिन्छ । यसरी नै भियतनामबाट सन्ध्या रेग्मीका **आमाको अविस्मरणीय अतीतहरू र म** (जीवनीपरक कृति, वि.सं. २०६६), **बचेरालाई आहारा** (कमलराज रेग्मीसितको सह-रचना, वि.सं. २०६८), **सन्ध्याका कविता र क्यानभासहरू** (कवितासङ्ग्रह, वि.सं. २०६८) आदि प्रकाशित छन् । म्यान्मार अथवा बर्माबाट प्रकाशित प्रथम कृति पं. शोभाकर शर्मा ज्ञवालीको **ऐरावती भक्तिमाला** काव्य हो, जसको प्रकाशन सन् १९२७ तिर भएको हो । यही क्रमले यहाँबाट कुसुम गौतमको **सल्बलाएका सपनाहरू** कवितासङ्ग्रहलाई लिन सकिन्छ ।

यसरी विश्वका विभिन्न मुलुकमा रहेका नेपाली साहित्यकारहरूले आफ्नो देशप्रतिको मोह, आफ्नो माटोप्रतिको मोहलाई सिर्जनात्मक लेखनका माध्यमद्वारा अभिव्यक्त गर्दै आइरहेका छन्, जसमा डायस्पोरिक चेतना सघन रूपमा व्याप्त रहेको पाइन्छ ।

बेलायतका माइकल हट South Asain and African Studies मा नेपालीका प्राध्यापक रहेका छन् । यिनले लीलबहादुर क्षेत्री बसाइँको अनुवाद

गर्नाका साथै **दि हिमालयन भोइसेस** नामक अमूल्य ग्रन्थमा नेपाली साहित्यका उत्कृष्ट रचना र रचनाकारहरूको सङ्कलन प्रकाशित गरी विश्वलाई चिनाएका छन् । एन हनकिन्सले तोया गुरुङको कविता **धूपी**, बानीरा गिरीको **कारागार** र रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** आदिलाई अङ्ग्रेजीमा अनुवाद गरी नेपाली साहित्यको विकासमा सहयोग पुऱ्याएकी छन् ।

## अस्ट्रेलियामा नेपाली साहित्य

अस्ट्रेलियाको सिड्नीमा पहिला कुनै साहित्यिक संस्थाको स्थापना नहुँदा युवा व्यवसायी केशव सापकोटाका अनुसार एउटा कोठामा भेला भई साहित्यिक चर्चाबाट सुरु भएको हो । सन् २००७ मा नेपाली कला, संस्कृति तथा साहित्य प्रतिष्ठान, अस्ट्रेलियाको स्थापना भयो । सन् २००८ मा दक्षिण एटलेडमा अन्तर र्राष्ट्रिय नेपाली साहित्य समाजको स्थापना भयो ।

## क्यानाडामा नेपाली साहित्य

क्यानाडामा पनि नेपाली भाषासाहित्यको क्रमिक विकास गति अघि बढिरहेको देखिन्छ । यसको प्रमाण हामी सन् १९८६ मा किरण ढुङ्गानाको सम्पादनमा प्रकाशित पत्रिका **दियालो**लाई लिन सक्छौँ । त्यसपछि १९९६ मा वसन्त श्रेष्ठको संयोजनमा स्थापित बोस्टन साहित्यिक समितिले नेपाली विभूति, स्रष्टाहरूको जन्म जयन्तीलगायत कार्यक्रमहरू गर्न थालेको पाइन्छ । त्यसै समय अर्को पत्रिका **इनटच** पनि प्रकाशनमा आयो । अनेसासद्वारा सन् १९९४ बाट प्रकाशन प्रारम्भ भएको **अन्तर्दृष्टि** त्रैमासिक पत्रिका आजसम्म नियमित रूपमा प्रकाशित हुँदै आइरहेको छ । गोविन्दसिंह रावतले सन् २००४ मा **रचना नेपाल** र **सौगात** त्रैमासिक क्यानाडाबाट प्रकाशनमा ल्याइरहेका छन् ।

## संयुक्त अरब इमिरेट्स

यहाँ नेपालीहरूको प्रवेश कहिलेबाट भएको हो भन्ने स्पष्ट जानकारी नभए तापनि हाल एक लाख पच्चिस हजारभन्दा बढी नेपाली विभिन्न रोगजार, व्यवसायमा रहेका छन् । सन् १९९० मा इराक युद्ध प्रारम्भ भएपछि यहाँ रहेका नेपालीहरू पनि स्वदेश फर्किन थाले । त्यही त्रसित वातावरणमा युएईमा रहेका

अगुवा नेपालीहरूले क्याप्टेन प्रचण्डजङ्ग शाहको नेतृत्वमा नेपाली समाज नामक संस्थाको स्थापना गरेका थिए । यहाँ भएका नेपालीहरूको नेपालीको पहिलो संस्था यही नै हो । सुरक्षा, भाषा, संस्कृति, साहित्य आदिका क्षेत्रमा संस्था सक्रिय भयो र **हिम अरब** नामक मुखपत्र पनि प्रकाशित गर्‍यो । नेपाली पत्रपत्रिका प्रायः सबै यहाँ आइपुग्छन् र व्यावसायिक रूपमा बिक्री वितरण गरिन्छ । युएईबाट प्रकाशित हुने **सहयात्रा** द्वैमासिकको योगदान पनि उल्लेखनीय रहेको छ । हालमा यहाँबाट **परदेश**, **आकृति**, **हाम्रो ध्वनि**, **नवसिर्जना**, **मकालु सन्देश**, **प्रवासी देउराली** पाक्षिकलगायतका धेरै मासिक, द्वैमासिक, त्रैमासिक आदि पत्रपत्रिकाहरू प्रकाशित हुँदै आइरहेका छन् । यसका साथै यहाँबाट धेरै सङ्ख्यामा अनलाइन पत्रिकाहरू पनि सञ्चालन हुँदै आइरहेको पाइन्छ ।

## बर्मामा नेपाली साहित्य

बर्मामा नेपालीहरूको बसोबासको इतिहास सय वर्षभन्दा लामो छ । दुई लाखभन्दा बढी नेपाली भाषीहरू आफ्नो नेपालीपन र मन जोगाइराख्नलाई आफ्नो भाषा र संस्कृतिसहित सङ्घर्षरत छन् । नयाँ पुस्ता सँगसँगै नेपाली धर्म-संस्कृति लोप हुने पो हो कि भन्ने चिन्ताले सङ्घसंस्था नै बनाएर काम गरिएको पाइन्छ । यहाँको नेपाली साहित्य परिषद्ले नेपाली भाषाको उत्थानमा उल्लेख्य काम गरिरहेको छ । नियन्त्रित शासन व्यवस्थाका कारण असजिलो र असहज वातावरण भए तापनि नेपाली भाषा र साहित्यमा कलम चलाउनेहरू धेरै छन् । अनुवादका क्षेत्रमा पनि नेपालीहरू अघि बढिरहेका छन् । प्रशस्तै प्रकाशनहरू र पुरस्कार गुठीहरूले यस क्षेत्रमा लागेका स्रष्टाहरूलाई प्रोत्साहन गरिरहेका छन् ।

## जापानमा नेपाली साहित्य

जापानमा विशेषतः जापानी साहित्य हाइकु भित्र्याएर साहित्यिक आदान-प्रदान भएको देखिन्छ । तुलसी दिवस, अभि सुवेदी, मञ्जुल, रामकुमार पाँडे, क्षेत्रप्रताप अधिकारी आदिले भाषा-साहित्यको आदान-प्रदानमा ठुलो योगदान पुर्‍याएका छन् । अनेसास जापान च्याप्टरले नेपाली साहित्यको विकास गर्नामा अत्यन्त सक्रिय छ । **स्वर्ण शृङ्खला**, **दर्पण** अनलाइन पत्रिका, रेडियो कार्यक्रम

**अनेसास डबली**, सन् २०१४ मा युद्धस्तरमा धेरै काम गरिरहेको छ। यहाँबाट विभिन्न कृतिहरू प्रकाशित भइरहेको छ । प्रकाश पौडेल 'माइला' को हाइकुमाथि किताब नै निस्किसकेको छ। डा. कमल लामिछानेको **अन्तर्दृष्टि** (२०१८), जापानमा रहेका नेपालीहरूको ज्यादै व्यस्त जीवन भएर पनि समय निकालेर भाषा-साहित्यका क्षेत्रमा कामहरू गरिएका छन् । विशेष गरी अनलाइन पत्रिकाहरूका माध्यमबाट नेपालीहरूले उल्लेख्य काम गरेको देखिन्छ । यसमा पनि **नेपाल–जापान डटकम** ज्यादै सक्रिय रहेको छ । **साकुरा फुल्दा** अनेसास जापानको मुखपत्रको रूपमा प्रकाशित भइरहेको छ ।

## जर्मनीमा नेपाली साहित्य

सन् १८९६ मा जर्मन नागरिक लुम्बिनी घुम्न आएपछि नागरिक स्तरमा सम्बन्ध बिस्तार भएको हो । सन् १९७५ को हाराहारीमा करन विश्वविद्यालय खोलिएपछि डा. बुर्थले नेपाली भाषाको अध्यापन प्रारम्भ गरेका हुन् । ३० वर्षदेखि यता जर्मनीमा नेपालीभाषीहरूको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि हुँदै गइरहेको छ भने नेपाली संस्कृति, भाषा र साहित्यका क्षेत्रमा उनीहरूले अपेक्षित विकास पनि गरिरहेका छन् ।

यस अतिरिक्त पोर्चुगलमा बसेर नेपाली भाषा र साहित्यको सेवा गर्ने व्यक्तिहरूमा सुनिल संगम, सीता बराल, अम्बर गुरुङ, अनि इन्द्रेणी शर्माहरू अग्रणी व्यक्ति हुन् । अनेसास डेनमार्क च्याप्टरबाट राजेश तुफान 'कार्की' को **तुफान** गजलसङ्ग्रहको प्रकाशन, दक्षिण कोरियाले मुक्तक वाचनको कार्यक्रम, अमेरिकाको मेरिल्यान्डको आयोजनामा सम्पन्न नेपाली साहित्यमा डायस्पोरिक भूमिका (सन् २०१९) विषयक गोष्ठी, कविता महोत्सवको आयोजना, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, बाल साहित्य समितिको गठन गरिएको छ जसले बाल कविता प्रतियोगिताको आयोजन गर्दै आएको छ । सुमलकुमार गुरुङको नियात्रा **यात्रा स्पर्शको अनुभूति** (पूर्वीतट अमेरिका) प्रकाशमा आएको छ ।

विभिन्न देशहरूका स्रष्टाहरूद्वारा सिर्जित डायस्पोरा नेपाली लेखनसम्बन्धी विभिन्न पत्रपत्रिका तथा जर्नलमा प्रकाशित अनेकौँ उत्कृष्ट समालोचनाहरूबाहेक पुस्तकाकार रूपमा नेत्र एटमका **नेपाली डायस्पोरा र अन्य समालोचना** (वि.सं. २०६७) अनि **नेपाली डायस्पोराका नारी कथाकार र कथा** (वि.सं. २०७०)

दुईवटा पुस्तकमा समालोचक नेत्र एटमले विश्वभरिका डायस्पोरा नेपाली लेखनको बृहत् अध्ययन विश्लेषण प्रस्तुत गरेका छन् । रक्षा राई अनि मिजास तेम्बेको सहलेखनमा डायस्पोराको सैद्धान्तिक पक्ष र रचनालाई समेटेर प्रकाशमा आएको पुस्तक हो **डायस्पोरा सिद्धान्त रचना र समालोचना** (वि.सं. २०७२) र डा. गोविन्दराज भट्टराईलिखित **डायास्पोराः सिद्धान्त र समालोचना** (वि.सं. २०७२) जस्ता पुस्तकले नेपाली डायस्पोरा वर्तमानमा ग्लोबल डायस्पोरा बनेर यसको एउटा समृद्ध ऐतिहासिक परम्परा रहेको पुष्टि गर्दछ ।

## नेपाल र भारतदेखि बाहिर अन्य देशहरूमा भानु जयन्ती

आजको विश्व समाज 'नलेज सोसाइटी' को रूपमा चर्चित छ । आजको पिँढी ज्ञान समाजसित जोडिएको छ। यस समाजले ज्ञान उत्पादन गर्छ, एकअर्कामा बाँड्छ अनि ज्ञानको संशाधन तयार गर्छ । ज्ञानको आदानप्रदान प्रक्रियामा कवि भानुभक्तलाई पनि अब ज्ञानको समाजसित जोड्ने प्रयासमा विश्वभरि बस्ने नेपाली समाजले निरन्तर कोसिस गर्दै आइरहेको देखिन्छ । यस सन्दर्भमा नेपाल तथा भारत अतिरिक्त विश्वका अन्य ठुला-साना देशहरू जहाँ नेपालीहरू स्थायी रूपले बसोबास गर्दै आएका छन् त्यहाँ भानु आफ्नो सन्देश छर्न पुगेका छन् । यी देशका रैथानेहरूसित कवि भानु नेपाली भाषा साहित्यको माध्यमद्वारा विश्वमा विस्तारित भएको पाइन्छ। कवि भानु नपुगेको कुनै ठाउँ छैन । जहाँ-जहाँ नेपाली समाज विस्तारित भएको छ त्यहाँ भानु अनि यिनको रामायण पुगेको छ । भुटान, बङ्गलादेश, म्यानमार, थाइल्यान्ड, जापान, चीन, कोरिया आदिका नेपाली समाजलगायत रुस, अमेरिका, बेलायत, अफ्रिका, इजरायल, अस्ट्रेलिया, क्यानाडा, ओसाका, डेनमार्क, साउदी अरब, बेल्जियममा पनि कवि भानुकृत रामायणको चर्चा भएको पाइन्छ । भानुले नेपाली समाजलाई एकताको सूत्रमा बाँध्न महत् योगदान पुऱ्याएका छन् । कविका कारणले यी विभिन्न देशहरूमा नेपाली भाषा र साहित्य प्रतिदिन फस्टिँदै र विस्तारित भएको पाइन्छ । यी देशहरूमा अहिले पनि कविको जन्म जयन्ती बढो धुमधामले पालन गरिन्छ ।

मौलिक साहित्य लेखनबाहेक अनुवाद साहित्यले पनि नेपाली साहित्यलाई वर्तमान परिप्रेक्ष्यमा समृद्ध तुल्याएको छ। अङ्ग्रेजीलगायत नेपाली साहित्य अन्य युरोपेली भाषा तथा भारतका अन्य भाषामा अनुवाद भएको देखिन्छ ।

## नेपाली भाषाबाट अङ्ग्रेजीमा अनुवाद

### (क) काव्य

हालसम्ममा नेपाली साहित्यका कृतिहरू अङ्ग्रेजी भाषामा कति अनुवाद भएका छन् भन्ने विषयको अध्ययनअनुसार सन् १९३५ मा प्रकाशित **मुनामदन** लक्ष्मीप्रसाद देवकोटाको सर्वाधिक लोकप्रिय कृति हो । झ्याउरे छन्दमा लेखिएको **मुनामदन**लाई अनेकौँ अनुवादकहरूले अङ्ग्रेजी भाषामा अनुवाद गरेका छन् । कविताको क्षेत्रमा सर्वप्रथम लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**लाई एम. स्याङ्देनले सन् १९९५ मा, गङ्गासिंह राईले सन् १९९६ मा, मोतीवीर राईले सन् १९९९ मा अङ्ग्रेजी भाषामा अनुवाद गरेका छन् । यसका अतिरिक्त गणेशलाल सुब्बाद्वारा अङ्ग्रेजीमा गरिएको **मुनामदन**को आंशिक अनुवाद पनि पाइन्छ । यसबाहेक **पोयम्स इन द विलेज** (सन् २००७, अनुवादक : मनप्रसाद सुब्बा, मूल लेखक : रेमिका थापा, मूल कृति : **गाउँमा कविताहरू**), **भोयसेस फ्रम द मार्जिन** (सन् २०० ९, अनुवादक : कुमार प्रधान र मनप्रसाद सुब्बा, मूल लेखक : मनप्रसाद सुब्बा र रेमिका थापा, मूल कृति : **किनाराका आवाज**), **आउटस्ट्याडिङ ड्रिम्स अफ् डिस्पोज्ड हिल** (२०११, अनुवादक : भानु छेत्री, मूल लेखक : जीवन नामदुङ), **प्रिमिटिभ विलेज एन्ड अदर पोएम्स्** (सन् २०१३, अनुवादक : मनप्रसाद सुब्बा, मूल लेखक : मनप्रसाद सुब्बा), **डिटरमिनेसन** (सन् १९१४, अनुवादक : शब्द राणा, मूल लेखक : मोनिका राणा, मूल कृति : **नेपाली कविताहरूको सङ्ग्रह**), अर्जुन प्रधानद्वारा **दि पोएट्री अफ् ह्युमानिटी** (२०१०) आदि नेपालीबाट अङ्ग्रेजी भाषामा अनुवाद भएका उल्लेखनीय कृतिहरू हुन् । कवि रक्षा राईको कवितासङ्ग्रह **पोयट इन किलिङ जोन – वार पोइम्स** (२०१५, अनुवादक : बलराम अधिकारी), गोकुल सिन्हाले भानुभक्तको **रामायण** (सन् २०१७) को अङ्ग्रेजी अनुवाद गरेका छन् ।

### (ख) गद्याख्यान (उपन्यास)

नेपाली भाषाका कतिपय गद्याख्यानका कृतिहरू पनि अङ्ग्रेजी भाषामा अनुवाद भएका छन् । जस्तैः पारिजातका **बोनी** उपन्यासलाई **बोनी** शीर्षकमा नै सन् २००५ मा चित्रबहादुर छेत्रीले अङ्ग्रेजीमा अनुवाद गरेका छन् भने पारिजातकै अर्को उपन्यास **शिरीषको फूल**लाई **ब्लु मिमोसा** शीर्षकमा टङ्कविलास वार्च र सोन्ड्रा जेडेन्स्टेन १९७२ मा अङ्ग्रेजीमा अनुवाद गरेका छन् । शङ्कर कोइरालाको **खैरेनी**

**घाट** उपन्यालाई लेरी हार्टसेलले सन् १९८४ मा **खैरेनी घाट** शीर्ष मै अङ्ग्रेजीमा अनुवाद गरेको पाइन्छ भने त्यही वर्ष डायमन शेमशेर राणाको **सेतो बाघ** नामक उपन्यासलाई गीता राणाले **द व्हाइट टाइगर** शीर्षकमा अनुवाद गरेकी छन् । ताना शर्माको उपन्यास **ओभ्रेल पर्दा**लाई लेरी हार्टसेलले **ब्ल्याक आउट** शीर्षकमा अनुवाद गरेका छन् भने उनले नै क्रमिक रूपले कविता राम श्रेष्ठको **बकपत्र**लाई सन् १९९५ मा **कन्फेसन्** शीर्षकमा, गोविन्दबहादुर गोठालेको **पल्लो घरको झ्याल** उपन्यासलाई सन् १९९८ मा **द विन्डो अफ् दि हाउस अपोजिट** शीर्षकमा अनुवाद गरेकी छन् । यसरी नै सरोजकुमार शाक्यले भरत जङ्गमका दुईवटा उपन्यास **कालो सूर्य** र **रातो सूर्य**लाई सन् १९९० अनि १९९१ मा क्रमशः **द ब्ल्याक सन** अनि **द रेड सन** शीर्षकमा अङ्ग्रेजीमा अनुवाद गरेका छन् । त्यसपछि ध्रुवचन्द्र गौतमको **अलिखित** उपन्यासलाई सन् १९९२ मा फिलिप पियर्सले **अनरिटन** शीर्षकमा अनुवाद गरेका छन् । यसरी नै शान्ति मिश्रले सन् १९९९ रुद्रराज पान्डेको रूपमती उपन्यासलाई सोही शीर्षकमा अङ्ग्रेजीमा अनुवाद गरेकी छन् । यही क्रमले विश्वेश्वरप्रसाद कोइरालाका **सुम्निमा** तारानाथ शर्मा र **मोदिआइन** उपन्यासलाई जयराज आचार्यले अङ्ग्रेजीमा अनुवाद गरेका छन् भने फिलिप पियर्सले ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क**लाई **द टेरर अफ् फ्लावर** शीर्षकमा अनुवाद गरेको देखिन्छ । नगेन्द्र शर्माले चाहिँ कोइरालाको अर्को उपन्यास **हिटलर र यहुदी**लाई **हिटलर एन्ड द ज्युज** शीर्षकमा अङ्ग्रेजीमा अनुवाद गरेकी छन् । यसरी नै पिटर जे कार्थकले आफ्नो **प्रत्येक ठाउँ प्रत्येक मान्छे** उपन्यासलाई **एभरी प्लेस एभरी पर्सन** शीर्षकमा अनुवाद गरेका छन् । नारायण वाग्लेको **पल्पसा क्याफे**लाई विकास सङ्ग्रौलाले सन् २००८ मा सोही शीर्षकमा अङ्ग्रेजी अनुवाद गरेका छन् । बलाराम अधिकारीले गोविन्दराज भट्टराईको उपन्यास **सुकरातको पाइला**लाई सन् २०१० मा **सोक्रेट्स फुटस्टेप्स** शीर्षकमा अनुवाद गरेका छन् । लीलबहादुर छेत्रीको **बसाइँ** उपन्यासलाई ल्यारी हार्टसेलले पनि **लस्ट होमस्टेज** शीर्षकमा सन् २००६ मा अङ्ग्रेजीमा अनुवाद गरेका छन् । विन्ध्या सुब्बाको **अथाह** उपन्यासलाई मनप्रसाद सुब्बाले सन् २०१३ **अनफेथोमेबल** शीर्षककमा अङ्ग्रेजीमा अनुवाद गरेका छन् । यसका साथै सन् २०१७ मा इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासलाई मञ्जुश्री थापाले **देअर इज अ कार्निवल टुडे** शीर्षकमा अङ्ग्रेजीमा अनुवाद गरेकी छन् ।

### (ग) कथासङ्ग्रह

**इन्द्रबहादुर राईका कथाहरू**लाई प्रेम पोद्दार र अनमोल प्रसादले **गोर्खाज इम्याजिन्ड : इन्द्रबहादुर राई इन ट्रान्सलेसन** शीर्षकमा सन् २००९ मा अङ्ग्रेजीमा अनुवाद गरेका छन् अनि केशरलालले सन् २००६ मा **नेपाली कथाकारका कथाहरू**लाई **द ब्ल्याक सर्पेन्ट** शीर्षकमा अङ्ग्रेजीमा अनुवाद गरेका छन् ।

## नेपालीबाट हिन्दीमा अनुवाद

**काव्य** : नेपाली भाषाबाट हिन्दी भाषामा अनुवाद भएका काव्यहरू हुन् - **तुमने जीवन तो दिया लेकिन** (सन् १९९९, अनुवादक : खड्गराज गिरी, मूल लेखक : वीरभद्र कार्कीढोली, मूल कृतिः **एक मुठ्ठी कविता**), **हिप्पोक्रिट चाँप - गुराँस र अन्य कविता** (सन् १९९९, अनुवादक : बिर्ख खड्का 'डुवर्सेली', मूल लेखक : गिर्मी शेर्पा), **शब्दोंका कोहरा** (सन् २००५, अनुवादक : खड्गराज गिरी, मूल लेखक : वीरभद्र कार्कीढोली, मूल कृति : **शब्द र मन**) **ऋतु कैनवास पर रेखाएँ** (सन् २०१३, अनुवादक : बीना क्षत्रिय, मूल लेखक : मनप्रसाद सुब्बा), **अमर बानियाँ लोहोरो भावधन तथा अन्य कविताएँ** (सन् २०१५, अनुवादक : सुवास दीपक), **मानव** (सन् २०१८) इत्यादि ।

**गद्याख्यान** : नेपाली भाषाबाट हिन्दी भाषामा अनुवाद भएका गद्याख्यानहरू हुन् : **नये क्षितिज की खोज** (सन् २००३, अनुवादक : सुरेन्द्रप्रसाद साह, मूल लेखक : असित राई, मूल कृति : **नयाँ क्षितिजको खोज**), **अथाह** (सन् २००३, अनुवादक : सुवास दीपक, मूल लेखक : विन्द्या सुब्बा), **मुर्झाए वृक्ष** (सन् २०१८, अनुवादक ओमनारायण गुप्त, मूल लेखक : प्रेम प्रधान) यसका अतिरिक्त **वीर जातिको अमर कहानी** (सन् २०००, अनुवादक : प्रकाशप्रसाद उपाध्याय, मूल लेखक : एम.पी. राई), **इन्द्रधनुष** (सन् २००३, अनुवादक : ओमनारायण गुप्ता, मूल लेखक : आर पी लामा) **समकालीन चर्चित नेपाली कहानियाँ** (सन् २०१७, सम्पादन एवम् अनुवाद : शोभा लिम्बू (यल्मो) जस्ता जीवनी र निबन्ध विधाका कृतिहरू पनि हिन्दीमा अनुवाद भएका छन् ।

## हिन्दीबाट नेपालीमा अनुवाद

नेपाली भाषामा भावानुवाद **सन्त कबीरका दोहावली** (वि.सं. २०६७,

अनुवादक : अमर बानियाँ 'लोहोरो', डा. प्रतिभा रायको **दौपदी** (सन् २०१२, अनुवादक विन्ध्या सुब्बा) ।

## नेपालीबाट बङ्गलामा अनुवाद

**काव्य** : नेपाली भाषाबाट बङ्गला भाषामा अनुवाद भएका काव्यहरू हुन् : **अग्निमय प्रतिबिम्ब कान्नामय प्रतिध्वनि** (सन् २००१, अनुवादक : धनीराज छेत्री, मूल लेखक : अगमसिंह गिरी, मूल कृति : **जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि**), **नेपाली कविता सङ्कलन** (सन् २००८, ९६ वटा नेपाली कविताहरूको बङ्गला अनुवाद, सम्पा. रामप्रसाद लामा), जीवन नामदुङ : **निर्वाचित कविता** (सन् २०१२, अनुवादक : भक्त सिंह), **तरताजा वर्तमान** (सन् २०१२, अनुवादक : उमा माझी मुखोपाध्याय, मूल लेखक : पारिजात, मूल कृति : **बैँसालु वर्तमान**) इत्यादि ।

## नेपालीबाट हिन्दी

**अक्षरार्थ** (सन् २०१८, मूल कवि डा.अ. कीर्तिवर्धन, अनुवादक : अमर बानियाँ लोहोरो

गद्याख्यान : नेपाली साहित्यको माध्यमिक कालदेखि नै बङ्गला साहित्यका कथा एवम् उपन्यासहरू नेपालीमा अनुवाद हुन थालेका हुन् । नेपाली आख्यान साहित्यको विकासमा बङ्गला भाषाबाट अनूदित गद्याख्यानको उल्लेखनीय भूमिका रहेको देखिन्छ तर नेपाली भाषाबाट बङ्गला भाषामा अनुवाद कार्य अस्सीको दशकदेखि मात्र भएको पाइन्छ । नेपाली भाषाबाट बङ्गला भाषामा अनुवाद भएका गद्याख्यानहरू हुन् : **नेपाली छोटो गल्प** (सन् १९८१, अनुवादक : हरेन घोष, १९ वटा नेपाली कथाहरूको सङ्कलन), **वर्षार झर्ना** (सन् २००२, अनुवादक र सम्पा. सुनिल दास र सुधीन घोष, मूल लेखक : शिवकुमार राई, मूल कृति : **खहरे**), **वधशाला जेते आसते** (सन् २००५, अनुवादक : जितेन पाल, मूल लेखक : पारिजात, मूल कृति : **वधशाला जाँदा आउँदा**), **भ्रमर** (सन् २०१३, अनुवादक : सुब्रता नन्दी र राजकुमारी दाहाल, मूल लेखक : रूपनारायण सिंह) इत्यादि । यसबाहेक पारिजातको निबन्धसङ्ग्रह **आधी आकाश** (सन् २०१४) लाई माझी मुखोपाध्यायले **अर्धेक आकाश** शीर्षकमा बङ्गलामा अनुवाद गरेकी छन् । मनप्रसाद सुब्बाको **अक्षर अर्केष्ट्रा**, विन्ध्या सुब्बाको **अथाह** (सन् २००८, अनुवादक :

अन्नत बिहारी लाल दास इन्दु), रेमिका थापाको **देश र अन्य कविताहरू** (सन् २०१०, अनुवादक : मेनका मल्लिका) मैथिली भाषामा अनुवाद भएका छन् । विन्द्या सुब्बाको **अथाह** (सन् २००४) प्रशान्तकुमार मोहन्तीद्वारा उडिया भाषामा पनि अनुवाद भएको पाइन्छ ।

यस अतिरिक्त मुक्तिप्रसाद उपाध्यायले पनि अनेकौँ कृतिहरू असमेली भाषामा अनुवाद गरेका छन् ।

यसरी हेर्दा नेपाली साहित्यका केही थोरै कृतिहरू मात्र अङ्ग्रेजी भाषामा अनुवाद भएको देखिन्छ। यसबाट नै थाहा हुन्छ कि हाम्रो साहित्य विश्वसाहित्यमा कति पुग्न सकेको छ ।

## निष्कर्ष

सन् २०१८ को फरवरीमा मैले भुवनेश्वरको एउटा साहित्यिक भेलामा एकजना विदेशी साथी भेटाएँ, उहाँले आफ्नो परिचय यसरी दिनुभयो - म एकजना 'कथा सम्पादक अनि कथा कन्सल्टान्ट हुँ ।' यसभित्र के के पर्छ ? मेरो प्रश्न थियो । उहाँले भन्नुभयो - म अनलाइन कथा संरचना गर्न र कथा विकास गर्ने कुरा सिकाउँछु । जुन अभ्यास र प्रशिक्षण हाम्रो भारतीय नेपाली समाजमा छैन ।

प्रज्ज्वल पराजुलीले creative writing course गरेकाले **गोर्खा डटर्स** लेख्न सहज भएको कुरा बताउँछन् । अर्थात् उहाँले सिर्जनात्मक लेखनमा कोर्स गर्नुभएको हो । यस्तो प्रशिक्षण नेपालमा सुरु भइसकेको छ । सिक्किम विश्वविद्यालयको स्नातकोत्तर पाठ्यक्रममा 'सिर्जनात्मक लेखन' एउटा वैकल्पिक पत्र छ तर विद्यार्थीहरूको यसमा कुनै रुचि छैन । एक दुई सत्रमा मैले नै कक्षा लिएँ तापनि यसको परिणाम उत्साहजनक छैन । नेपालमा बालबालिकादेखि ठुलाहरूलाई सिर्जनात्मक लेखनमा प्रशिक्षण दिइन्छ। कविताराम श्रेष्ठले बालबालिकाको निम्ति 'कथा कसरी लेख्नु ?' विषयक एउटा सिङ्गो किताब नै लेखेका छन् जसभित्र कथाका तत्त्वहरूको चर्चा समेत गरिएको पाइन्छ । यस्ता पुस्तकहरूले सर्जक जन्माउँछ। नेपालका डा. देवी नेपालज्यूले कविता कसरी लेखिन्छ ? विषयमाथि प्रशिक्षण भारतका विभिन्न ठाउँमा दिँदैआएका छन् । नेपालको नेपाली साहित्य, भारतको नेपाली साहित्य तथा डायस्पोरिक नेपाली साहित्यमा विश्व साहित्यको

प्रभावस्वरूप अनेकौँ प्रवृत्तिहरूको प्रवेश र प्रयोग भएको पाइन्छ। जस्तैः नारीवादी साहित्य, सीमान्तीकृत साहित्य, परिवेश विमर्श, जनजातीय तथा दलित साहित्य इत्यादि । यी सिर्जनाहरूमा धेरैजसो स्वअस्तित्व, चिन्हारी र संस्कृति संरक्षणका कुराहरू प्रयोगमा आएका छन् । भूमण्डलीकरणको प्रभावस्वरूप नेपाली साहित्य विश्व साहित्यको नजिक पुगेको देखिन्छ ।

वर्तमानमा नेपाल, भारत तथा डायस्पोराका धेरै देशहरूमा लेखिने नेपाली साहित्यमा लोक संस्कृतिको विमर्श हुन सुरु भएको छ। लोकसाहित्य, लोकभाषा, लोकसंस्कृतिको चर्चाले लोकसमाजसित जोड्न मद्दत पु¥याइरहेछ । समकालीन नेपाली आख्यानकारका मूल प्रवृत्ति हुन् - यथार्थवादी प्रवृत्ति, मार्क्सवादी प्रवृत्ति, नारीवादी प्रवृत्ति, आञ्चलिकता, परिवेशविमर्श, लोकसंस्कृति, मानवतावादी प्रवृत्ति, पलायनवादी प्रवृत्ति, उपनिवेशवादप्रतिको पीडा अन्तर्पाठात्मकता, विनिर्माणवादी प्रवृत्ति, जातीय अस्मिता र जातीय सङ्घर्ष, इतिहासको खोजी आदि देखिन्छन् । नेपालमा माओवादी आन्दोलनमा आख्यान लेखिन्छ भने भारतको नेपाली साहित्यमा गोर्खाल्यान्ड र भाषा आन्दोलनबारे साहित्य सिर्जना हुन्छ। यस दृष्टिले नेपाली साहित्यको परिस्थिति र समाजको भूगोल व्यापक र विस्तृत भएको छ । समकालीन विश्व समाजमा लैङ्गिकताबारे, नारीवादी, इकोलोजीसम्बन्धी, इको लेखनसम्बन्धी संवेदनाहरू बढेर गएको स्थिति छ । यी विषयहरूमा सिर्जनाका सातै नेपाल र भारतबाट धेरै शोधप्रबन्धहरू लेखी सकिएको पाइन्छ । नेपालको नेपाली साहित्यमा विश्व चेतनाको प्रवेश भएको छ। मोहनराज शर्माको **सलिजो** उपन्यास समलिङ्गीमा आधारित छ । गोविन्द गिरी प्रेरणाको उपन्यास **लिभिङ टुगेदर** अमेरिकाको पृष्ठभूमिमा लेखिएको नेपाली जोडीको कथा छ जो विवाहपूर्व प्रेमी प्रेमिका लोग्ने स्वास्नीझैँ बाहिर समाजमा खुला रूपले बस्छन्। यस कथाले भारतीय नेपाली समकालीन कथाकार सञ्जय विष्टको 'कथाकारका कथा' शीर्षक कथाको सम्झना गराउँछ जहाँ दुईजना दाजु बहिनीको सम्बन्धलाई यसरी नै लिभिङ टुगेदरको दृष्टिले हेरिन्छ। यो हेराइ वर्तमान युवा पिँढीको स्वतन्त्र सोचले दिएको पीडा हो । यसरी प्रेरणाको यस उपन्यासमा बाहिरको संस्कृति नेपाली संस्कृति बनिसकेको विकृत परिवर्तनलाई देखाइएको छ ।

नेपाली साहित्यको विकासमा विशेषतः लेखनमा नयाँ दिशा फर्किएको छ। एउटा स्थानबाट मात्र नभएर भारतको। विश्वको अनेक केन्द्रमा नेपाली साहित्यमा

काम भइरहेको छ । साधना स्थलहरूलाई भौतिक रूपमा मानिन्छ - बेलायत, हङकङ, भारत, बर्मा, रूस, इजरायल । वर्तमान परिप्रेक्ष्यमा नेपाली साहित्यमा विश्वग्रामको प्रवेश भएको छ । इजरायलमा २३ जुलाई २०१९ मा दार्जिलिङ, भारतका दुईजना कविहरूका कवितासङ्ग्रह रतन पाण्डेको **पारतनको प्रश्नचिह्न** अनि सविता सङ्कल्पको **मनान्दोलन**को लोकार्पण गरियो । अस्ट्रेलियाको सिड्नीमा रचित सानु घिमिरेको उपन्यास **सिड्नी सपना** (सन् २०१९) को लोकार्पण काठमाडौँ र भारतको सिलगडीमा गरियो भने अमेरिकामा बसेर सिर्जना गरिएको पदम विश्वकर्मको **तमसुक** (सन् २०१९) कथासङ्ग्रहको लोकार्पण पनि काठमाडौँमा नै भएको देखिन्छ । भारतीय लेखक छुदेन काविमोको **फातसुङ** (सन् २०१९) पोखरामा सार्वजनिकीकरण गरियो । साहित्यमा समाज परिवेशको चित्रण गरिएको हुनुपर्छ । **सिड्नी सपना** १६ खण्डमा लेखिएको यस उपन्यासमा युवा पिँढीले बोकेको ठुलो सपना छ । परिवेश सिड्नी, विद्यार्थी भिसामा पढ्न गएको पात्रको नाम हो सृष्टि । उसको भोगाइ, अनुभूति र जीवनमा आएको सङ्घर्षको कथा छ ।

अभौतिक रूपमा साइबरमा पनि नेपाली साहित्य विकसित छन् । यस सम्बन्धमा कुरा गर्न पर्दा विश्वका विभिन्न मुलुकहरूमा नेपाली भाषा निरन्तर अग्रगामी बन्दै गइरहेको छ । यस स्थितिमा विश्वमा आज भाषा, साहित्यदेखि लिएर मानव सम्बन्ध र मानव मूल्यमा ठुलो सङ्कट आएको चर्चा पनि चलिरहेको छ । इमोजीको प्रयोगले नेपाली समाज साङ्केतिक भाषा वा चित्रपरक अभिव्यक्तिमा धेरै निर्भर हुँदै गएको छ । वर्तमान परिप्रेक्ष्यमा यो निश्चय चिन्ताजनक कुरो हो । सामाजिक सञ्जालका सक्रिय प्रयोक्ता युवादेखि प्रौढसम्मकाले इमोजीद्वारा भाषिक अभिव्यक्तिको कार्य सम्पन्न गर्न भाषा विकासको निम्ति शुभ सङ्केत होइन ।

नेपाली भाषा-साहित्यको विकास आज वैश्विक रूपमा भइरहेको एउटा सुखद समय छ । तथापि वैश्विक स्तरमा सिर्जना भइरहेको नेपाली साहित्य विश्वका अन्य भाषा-साहित्यको तुलनामा कतिको बराबरी अवस्थामा पुग्न सकेको छ ? यो एउटा अर्को विचारणीय प्रश्न हाम्रो सामु छ । उसो त लेखनकै दृष्टिले हेर्ने हो भने विधागत रूपमा साहित्यको जति प्रगति हुनुपर्ने हो सो भइरहेको छ । तर आज विश्वका अन्य भाषा-साहित्य जुन स्तरमा पुगेको छ, त्यसको तुलनामा नेपाली भाषाका कृतिहरूको अनुवाद हुन नितान्त अनिवार्य रहेको छ ।

**सन्दर्भ पुस्तक**


एटम, नेत्र, २०६७, **नेपाली डायस्पोरा र अन्य समालोचना**, काठमाडौँ : एकता बुक्स

________, २०१७, **नेपाली डायस्पोराका नारी कथाकार र कथा**, काठमाडौँ : नेपाली प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद, २०६६, **उत्तरआधुनिक समालोचना**, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

ठाकुर, उषा, लीला लुइटेल, २०७१, **विश्व नारी नेपाली समालोचना**, काठमाडौँ : त्रिमूर्ति निकेतन ।

ढकाल, रजनी, गीता त्रिपाठी र ज्ञानु अधिकारी, २०७१, **विश्व नारी नेपाली साहित्य**, काठमाडौँ : त्रिमूर्ति निकेतन ।

भट्टराई, गोविन्दराज, २०६४, **उत्तरआधुनिक विमर्श**, काठमाडौँ : मोडर्न बुक्स ।

भट्टराई, गोविन्दराज, २०७२, **डायास्पोराः सिद्धान्त र समालोचना**, काठमाडौँ : नेपाली प्रज्ञा-प्रतिष्ठान ।

राई, रक्ष, मिजास तेम्बे, २०७२, **डायस्पोरा सिद्धान्त रचना र समालोचना**, गोर्खा बुक्स पब्लिकेसन प्रा. लि. ।

सुवेदी, राजेन्द्र, २०७३, **सांस्कृतिक अध्ययन र नेपाली साहित्य**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।


●


## लेख-रचनाका लागि अनुरोध ...

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समितिको मुखपत्र **अन्तर्दृष्टि**को निम्ति आफ्ना मौलिक लेख-रचनाहरु पठाउनका निम्ति सम्पूर्ण स्रष्टाहरूमा हार्दिक अनुरोध गर्दछौँ ।

रचना पठाउने इमेल : antardristi.inls@yahoo.com

**दीप पाठक**
तथा
**अन्तर्दृष्टि प्रकाशन समिति परिवार**

# प्रेस विज्ञप्ति

# 'अनेसास विशिष्ट प्रतिभा पुरस्कार' बारे केन्द्रीय कार्य समितिको ध्यानाकर्षण

मिति ३ नोभेम्बर २०१९ मा अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको अनेसास केन्द्रीय कार्य समितिको बैठकले 'अनेसास राम लामा अभिनाशी विशिष्ट प्रतिभा पुरस्कार' बारे विभिन्न माध्यमहरूमार्फत् आएका समाचारहरूको गम्भीर छलफल गरेको छ । सो पुरस्कारको निर्णयमा केन्द्रीय कार्य समितिको नाम जोडिन आएको र अनेसास आजीवन सदस्य तथा च्याप्टरहरूमा अन्योलको अवस्था सिर्जन भएकोले यसप्रति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज केन्द्रय कार्य समितिको गम्भीर ध्यानार्कर्षण भएको छ ।

यस पुरस्कारका रकम दाता अनेसास BOT कोषाध्यक्ष रामा लामा र केन्द्रीय कार्य समितिबिच MOU भएबमोजिम अनेसासको पाँचौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन पर्थमा पहिलोपटक यो पुरस्कार अनेसासका संस्थापक अध्यक्षलाई प्रदान गरिएको थियो । त्यसपछि पनि केन्द्रीय कार्य समितिको नियमित कार्यतालिकामा यो पुरस्कार प्राथमिकतामा रहेको थियो । तर पुरस्कार रकम दाता तथा केन्द्रीय कार्य समितिबिच असमझदारी बढेको र समस्या समाधानका लागि BOT मा पत्राचार गरिएको थियो ।

पुरस्कार दाता लामाबाट सामाजिक सञ्जालमा कार्य समितिलाई छाञ्छनापूर्ण अभिव्यक्ति आएको थियो । कार्य समितिको सल्लाहकार समिति गठनलाई पुरस्कारमार्फत् प्रभावित पार्न खोजिएको थियो । अतः सोका लागि केन्द्रीय कार्य समितिको पूर्ण बैठकले कारवाहीका लागि बोर्ड अफ ट्रस्टिजमा पत्राचार गरेको थियो । सो पत्रबारे पटक-पटक सम्पर्क गर्दा पनि बोर्ड अफ ट्रस्टिजबाट पत्राचार गरेको थियो । सो पत्रबारे पटक-पटक सम्पर्क गर्दा पनि बोर्ड अफ ट्रस्टिजबाट ६ महिनासम्म पनि कुनै पनि प्रतिक्रिया नआएको कारणले संस्थाको मर्यादामा आँच नआउओस् भन्ने हेतुले विवादित विषयको टुङ्गो ट्रस्टिजले नलगाउञ्जेल, 'अनेसास राम लामा अभिनाशी विशिष्ट प्रतिभा पुरस्कार' को निर्णय छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन बेलायतमा प्रतिभाको छनौट गरी प्रदान गर्न केन्द्रीय समितिले नसकेको हो । निज पुरस्कार दाता र बोर्ड अफ ट्रस्टिजले केन्द्रीय कार्य समितिसँग भएको MOU रद्द नै नगरी पुनः नयाँ MOU गरेर पुरस्कारलाई बोर्ड अफ ट्रस्टिजमा लगिएको र पुरस्कार घोषणा गरेको केन्द्रीय कार्य समितिलाई जानकारी प्राप्त हुन आएको छ । BOT को पुरस्कार समितिमार्फत् गरिएको पुरस्कारको निर्णय प्रतिक्रियामा त्रुटी रहेको बारे यस केन्द्रीय कार्य समितिले बोर्ड अफ ट्रस्टिजलाई जानकारी गराइसकेको छ ।

अतः पुरस्कारको निर्णय प्रक्रिया र घोषणा सम्बन्धमा विधानसम्मत प्रक्रिया नअपनाई केन्द्रीय कार्य समितिका अध्यक्षलाई समेत जाकारीसमेत नगराई आफ्नो प्रक्रिया अगाडि बढाएकोले यो पुरस्कारको घोषणा सम्बन्धमा केन्द्रीय कार्य समितिकको कुनै संलग्नता नरहेको सबैलाई जानकारी गराउँदछौं । सधन्यवाद !

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज**
www.inls.org
gsecretary@inls.org

**गणेश घिमिरे**
महासचिव

जापानको टोक्योमा १०-१३ जनवरी २०२० मा
तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर
सम्मेलनमा प्रस्तुत कार्यपत्र



कार्यपत्र

# ग्लोबमा नेपाली पहिचानको खोजी : एक सैद्धान्तिक विमर्श

● **महेश पौड्याल**

समय विश्वव्यापीकरणको हो, भूमण्डलीकरणको हो । वस्तु होस् वा विचार, सामान होस् वा संस्कृति – आजको समयमा विश्वमञ्चहरूसम्म देखिने गरी पुऱ्याउन सकिएन भने पछि पर्छ । पृथ्वी नै एउटा 'वैश्विक गाउँ' मा परिणत भइरहेको भनिएको आजको समयमा, खुम्चिएको अमूर्त दूरी र फैलिएको इन्टरनेटको पहुँचका कारण सबैलाई आफ्नो पहिचान स्थापित गर्न सजिलो छ भनिएको छ । तर, यो हामीले तर्क गरेजति सजिलो छैन ।

उत्तरआधुनिकताले युरोपेली[1] महाआख्यानहरूको विघटन गर्ने कोसिस गरेको सत्य हो । लामो समयसम्म साहित्यिक, सांस्कृतिक तथा दार्शनिक विमर्शको केन्द्र रहेको युरोपको उपादेयतामाथि प्रश्न उठाइएको सत्य हो । अनिवार्य रूपमा युरोपेली हुनु, गोरो हुनु, पुरुष हुनु, इतरलिङ्गी हुनु तथा सवलाङ्ग हुनु बौद्धिक हुनुका अनिवार्य शर्त मान्दै आएको पश्चिमा चिन्तनमाथि प्रश्न उठेको सत्य हो । फलस्वरूप, अयुरोपेलीहरू, काला र अन्य जातिका, महिलाहरू, समलिङ्गी र उभयलिङ्गीहरू तथा शारीरिक रूपले फरक क्षमता भएकाहरू साहित्य र संस्कृतिका केन्द्रीय घटना हुने बाटो प्रशस्त भएर आएको पनि सत्य हो । यस परिप्रेक्ष्यमा, नेपालीजस्ता गैरपश्चिमा र पछाडि पारिएका संस्कृतिले पनि सजिलै विश्वमञ्चमा आफूलाई चिनाउने मौका र वातावरण पाउनेछन् भनेर अपेक्षा गर्नु सर्वथा युक्तिसङ्गत भएर आएको पनि सत्य हो । तर पनि, विविध अन्य कारणले त्यसो हुन सकेन । साहित्य नलेखिएको वा अनुवाद नभएको कारणले यो भएको

---

1 यहाँ युरोपेली भन्नाले सांस्कृतिक युरोपको भनेर बुझ्नुपर्ने हुन्छ, जसभित्र समान सांस्कृतिक जगका अमेरिका, अष्ट्रेलिया, क्यानाडाजस्ता श्वेत मुलुक पनि आउँछन् ।

होइन । यसो हुनुमा केहीकेही सैद्धान्तिक जटिलता पनि छन् ।

उत्तराधुनिकताले भन्ने गरेको युरोपेली महाआख्यान युरोपद्वारा विगत २००० वर्षमा गरिएको आफूलाई श्रेष्ठतम देखाउने उपक्रम हो । यसमा उसको धर्म, दर्शन, साहित्य, कला, राजनीति शास्त्र सबैसबै पर्छन् । एडवार्ड सैयदले भनेकै हुन्, युरोपले आफूलाई आलोकित गर्न र अन्य मुलुकलाई आफ्नो ग्रहणमा पार्न दुई सहश्राब्दिदेखि काम गऱ्यो । युरोपकै लागि केही हदसम्म प्रत्युत्पादक रहेको उत्तराधुनिकताले यी युरापेली महाआख्यान र सङ्कथनलाई हल्लायो, तर यिनको ठाउँमा नयाँ र उत्तराऔपनिवेशिक महाआख्यानहरू जन्मिए र खडा भए, जसको पूर्वकल्पना उत्तराधुनिकतावादीहरूले कतै गरेका थिएनन् । यी नयाँ आख्यानले फेरि, नयाँ-नयाँ तर्कहरूमा युरोप वा अमेरिकालाई विश्वका नयाँ केन्द्र बनाइदियो । यसका दुई बलिया तर्क रहे – वैश्विक अर्थव्यवस्था तथा उत्तरऔपनिवेशिक ध्रुवीकरण । कतै नाटो भन्दै र कतै जी-आठ भन्दै आफूतिर गोलबद्ध गरिरहेका छन् । अमेरिका र युरोपले आफूलाई जसोतसो विश्व अर्थतन्त्रको केन्द्र बनाएर आजपर्यन्त राखिरहेको सत्य हो । जे कारणले होस्, यी मुलुकमा विकासको दर उच्च छ, नागरिक सुरक्षा राम्रो छ, खुलापन र स्वतन्त्रता छ, प्रतिव्यक्ति आय राम्रो छ र आज विश्वको सबै मुलुककमा मान्छे, यो वा त्यो बहानामा युरोप वा अमेरिका छिर्ने, पढ्ने, काम गर्ने वा उतैको नागरिक हुने होडबाजीमा छन् नै । यस सत्यलाई नकार्न कसै गरे पनि सकिँदैन । अर्को कुरा, उत्तरऔपनिवेशिक ध्रुवीकरणका कारण युरोप वा अमेरिकाले पहिले आफ्नो अधीनमा रहेका र पछि स्वतन्त्र भएका एसियाली, अफ्रिकाली अथवा अन्य मुलुकमा कतै नाटो क्लब भन्दै, कतै कमनवेल्थ भन्दै, कतै शान्ति सेना पठाउँदै, कतै मानवअधिकार भन्दै गोलबन्द गरिरहेकै छन् । यसरी गोलबन्द गरिएका मुलुकमा पनि एउटा एउटा केन्द्र बनाइरहेका छन्, जसको आँखाबाट उनीहरू त्यस वरिपरिका मुलुकलाई हेर्छन् । जस्तो कि, दक्षिण एसियामा भारत, अफ्रिकामा दक्षिण अफ्रिका, मध्यपूर्वमा इजरायल आदि । यी नयाँ केन्द्र, यसै कारण छिट्टै परिचित भए विश्वमा, कला, साहित्य, संस्कृति र ज्ञान परम्परामा । किनकि, उनीहरूसँग युरोपेली संयन्त्र थियो – भाषाका रूपमा, बजारका रूपमा, सम्बन्धका रूपमा । तर, यिनकै वरिपरिका स-साना संस्कृति पुनः नयाँ ग्रहणहरूमा परिनैरहे र यो क्रम आज पनि जारी नै छ । नेपाल पनि यसैको एउटा उदाहरण हो ।

एउटा सिङ्गो वाङ्मय, साहित्य र संस्कृतिको अन्तर्राष्ट्रियकरण भनेको एउटा वा दुईटा लेखकले अन्तर्राष्ट्रिय पाठक पाउनु होइन । यो भनेको, उक्त भूगोलको समग्र जीवन, दर्शन, चिन्तन र सभ्यताले वैश्विक अनुमोदन पाउनु हो । त्यस मुलुकबारेका भ्रामक दृष्टिकोणहरू चिरिनु हो । उसको वैश्विक गरिमा र विश्वसनीयता बढ्नु हो । तर नेपालको सन्दर्भमा यस्तो भएको छ त ?

नेपाली साहित्य र संस्कृतिको सन्दर्भमा यो तर्क यहाँ जोडिन्छ । प्रश्न स्वाभाविक रूपले यो पनि जोडिन्छ : नेपाली साहित्य र संस्कृतिको अन्तर्राष्ट्रिय विस्तारको कुरा पनि यहाँ जोडिन्छ । प्रयासहरू खुब भइरहेका छन् । सिधै अङ्ग्रेजी वा केही अन्य विश्वभाषामा लेख्ने वा अनुवादकको सहयोगले अङ्ग्रेजी वा अन्य भाषामा जाने – यी दुवै उपक्रममा तीव्रता आएको छ । तर, जुन पहुँच, उपस्थिति र मान्यताको कुरा हामी गरिहेका छौँ, त्यो त्यति उत्साहजनक छैन । यसमा व्यावहारिक अवरोध त छ नै, केही सैद्धान्तिक अवरोध पनि छ । हामी कसरी चिर्न सक्छौँ यस अवरोधलाई । अबको विमर्श त्यतातिर केन्द्रित रहनेछ र विशेष उल्लेख समालोचना र सिद्धान्तको हुनेछ । तर, यसो भनिरहँदा, प्रस्तुत लेखले नेपाली समालोचनाको विगतको विश्लेषण गर्दैन । यसले समालोचनाको परम्परित स्वरूप – कृतिको वर्गीकरण, ऐतिहासिक कालक्रममा त्यसको स्थानको निक्यौल, विधागत वर्गीकरण, तुलना, संरचना, स्वरूप, भाषाशैली, वैचारिक धरातल र कथ्य आदि समालोचनाका मानविन्दुहरूका आधारमा गरिने कृतिको मूल्याङ्कन अथवा कुनै स्थापित सिद्धान्तको प्रयोग गरेर गरिने कृतिहरूको सङ्कलन र व्याख्यालाई सबैले जानेमानेका कर्मकाण्ड अर्थात् रिच्युल्स मानेर त्यसभन्दा अगाडि बढेर नयाँ विचार, पद्धति र सिद्धान्तको विकासतर्फ उन्मुख हुनुपर्ने गम्भीर प्राज्ञिक दायित्वतिर समालोचना र सिद्धान्तको ध्यान आकृष्ट गर्ने कोसिस गर्नेछ । साथै, यस आलेखले आगतमा हाम्रो सामालोचना र सिद्धान्तले विश्वमा एक विशिष्ट पहिचान कायम गर्नका निमित्त मनन गर्न योग्य केही सम्भावित अध्ययनक्षेत्रको पहिचान गर्नेछ । यसले नेपालभन्दा कम विकसित र नेपालले भन्दा पछि आधुनिकतामा प्रवेश गरेका मुलुकहरूले विश्व साहित्यमा आफ्ना लागि एक गर्विलो स्थान सुरक्षित गरिसक्दा पनि नेपाली साहित्यले पश्चिममा 'अपरिचित प्रायः' नै छ भन्ने यथार्थमाथि गम्भीर आत्मविश्लेषण गर्न हामी सबैलाई प्रेरित गर्नेछ (थियोडोर रिकार्डी १५७) । यस यथार्थलाई गम्भीर रूपमा मनन गर्दै त्यसमा आफ्नो भूमिका पनि कतै न कतै

जिम्मेवार छ भन्ने कुरालाई नेपाली समालोचनाले स्वीकार गर्नेछ र कृष्णचन्द्रसिँह प्रधानले स्वीकार गरेको यस अभावलाई परिपूर्ति गर्नेछ : 'हाम्रो समालोचना लघु कथाजस्तो भयो, उपन्यास बन्न सकेन; काव्य-सङ्कलनजस्तो भयो, महाकाव्य हुन सकेन' (२०) ।

विश्वका यत्राविधि विश्वविद्यालयहरूमा साहित्य पढाइन्छ, तर नेपालबाहिरका विश्वविद्यालयहरूमा नेपालबाट सिर्जित (मौलिक होस् या अनूदित) साहित्यको कृति खासै पढाइँदैन । नेपाली वा ओरिएन्टल अध्ययनका विभागहरूसँग त विकल्प छैन, पढाउँछन् । त्यसलाई नै नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण भयो भनेर भन्नु सायद त्यति तर्कसङ्गत नहोला । विश्वभरि साहित्यका अनेक आयामहरूमा यति शोध-अनुसन्धानहरू हुन्छन्, नेपाल छुटेकै हुन्छ । विश्वभरि यति धेरै नेपाली आप्रवासी र डायस्पोरा[2] छरिएका छन् र धेरै साहित्यिक प्रयास भइरहेको समाचार सुनिन्छ, तर बार्बरा स्टोलर मिलर (१९९४) को 'मास्टरवर्कस् अफ एसियन लिटरेचर इन कम्पेरेरिभ पर्सपेक्टिभ'[3] मा नेपाली मूलको साहित्य उपेक्षा भएको छ । दक्षिण एसियाली नारीवादी चिन्तनबारे उमा नारायणनले १९९७ मा निकालेको **डिस्लोकेटिङ कल्चर**[4] मा नेपाल वा नेपालबाहिरको नेपालीभाषी भूगोल कहीँनिर पनि आउँदैन । पल ब्राइनले २००३ मा आधुनिक दक्षिण एसियाली साहित्यबारेको अनुसन्धान कृति **मोडर्न साउथ एसियन लिटरेचर इन इङ्लिस**[5] प्रकाशित गरे, नेपालको नेपाली र अन्यत्रको नेपाली भाषी लेखक छुट्यो । ब्रुस फोल्टोन र समूहको सम्पादनमा (२००३) कोलुम्बिया विश्वविद्यालयबाट प्रकाशित आधुनिक पूर्व एशियाली साहित्यको शोधग्रन्थ **कोलुम्बिया कम्पेनियन टु मोडर्न इस्ट एसियन लिटरेचर**[6] मा पनि नेपाल वा भारतभित्रको नेपाली भाषी साहित्यको उल्लेख छैन ।

---

2 नेपाली डायस्पोराको परिभाषाका बारेमा मेरा आफ्नै तर्कहरू छन् । कुनै पनि समुदाय डायस्पोरा हुनलाई बाध्यात्मक परिस्थितका कारण स्वदेशबाट पलायन हुनु, र पलायन भएको वर्गका कमसेकम एक पुस्ता विदेशका हुर्कनुबाट मात्रै डायस्पोरको उदय हुन्छ भन्ने सैद्धान्तिक अवधारणाहरू छन् । यस सन्दर्भमा हेर्नुहोस : पौड्याल, महेश. "डायस्पोरा फेसन." नागरिक दैनिक. २० भाद्र २०६८. अन्तर्राष्ट्रिय सञ्जालमा समकालिन साहित्यको वेवसाइट : <http://www.samakalinsahitya.com/?show=detail&art_id=3480>

3 Miller, Barbara Stoller (Ed). *Masterworks of Asian Literature in Comparative Perspective*. New York and London: East Gate Book, 1994.

4 Narayan, Uma. *Dislocating Cultures: Identities, Tradition and Third World Feminism*. New York and London: Routledge, 1997.

5 Brains, Paul. Modern *South Asian Literature in English*. London: Greewood Press, 2003.

6 Fulton , Bruce , Joshua Mostow and Sharalyn Orbaugh (Ed.) *Columbia Companion to Modern East Asian Literature*. New York: Columbia University Press, 2003.

२००५ मा विलार्ड स्पिगिलमेनले लेखेको **हाउ पोएट्स सी द वर्ल्ड**[७] मा नेपाली परेनन् । एसियाको अन्तर्देशीय सांस्कृतिक अध्ययन सम्बन्धमा कुअन-सिङ चेन र चुआ बेङ हुआतको **इन्टर एसिया कल्चरल स्टडी**[8] (२००७) मा नेपाली समेटिएन । बेन्जी झेङ (२००८) ले सम्पादन गरेको उत्तर अमेरिकामा बस्ने एसियाली कविहरूको कवितासङ्ग्रह **एसियन डायस्पोरा पोयट्री इन नोर्थ अमेरिका**[9] मा नेपालको नाम छैन । भर्खर २०१२ मा रोजमेरी एम केन्फिल्ड रेइसमेनले प्रकाशित गरेको **एसियन पोएट्स**[10] मा नेपाली कविले प्रवेश पाएको देखिँदैन । बालसाहित्यमा पनि पिटर हन्टले १९९६ मा प्रकाशित गरेको **विश्व बालसाहित्य ज्ञानकोश**[11] मा नेपाल छैन ।

नेपाल र नेपालजस्ता विकासोन्मुख वा अल्पविकसित देश र नेपालका छिमेकी देशको आधुनिकताको चर्चा गर्दा केही चाखलाग्दा तथ्यहरू सामुन्ने आउँछन् । हामीले जस्तै या भनौं हामीभन्दा पनि पछाडि आधुनिक युगमा प्रवेश गरेका अन्य साहित्यहरू पनि छन्, जसले आफैंलाई विश्वमानचित्रमा बलियो हुँकारका साथ स्थापित गरिसके । अधिकांश उत्तरऔपनिवेशिक राष्ट्र र तेस्रो विश्वका भनिएका राष्ट्रहरू सन् १९५० पछि[12] (साहित्यका हिसाबले) आधुनिकताको युगमा प्रवेश गरेका हुन् र त्यसको सापेक्षतामा हामी केही दशकअगाडि नै आधुनिक युगमा प्रवेश गरेका हौं । यहाँनिर स्पष्टीकरण दिनु आवश्यक हुन जाला सायद, कि ब्रिटेनमा १९८० को बोहेमियन आन्दोलन र १८९० को नटी नाइन्टिसको उदयसँग आधुनिकता अर्थात् मोडनिज्मको प्रारम्भ भयो भन्दैमा गैरपश्चिमा मुलुकमा पनि त्यसै बेला आधुनिकता आयो भन्नु एक गम्भीर समालोचकीय भूल हुनेछ । मुलुकहरूका आफ्नै विशिष्ट आवश्यकता र यथार्थहरूले आधुनिकताको निर्धारण गर्ने हो । त्यसैले विभिन्न मुलुकहरूमा आधुनिकताका भिन्नाभिन्नै प्रस्थानविन्दुहरू छन् ।

---

7 Spiegelman, Willard. *How Poets See the World: The Art of Description in Contemporary Poetry*. Oxford: Oxford University Press, 2005.

8 Chen, Kuan-Hsing and Chau Beng Huat. *The Inter-Asia Cultural Studies*. London and New York: Routledge, 2007.

9 Zhang, Benzi. *Asian Diaspora Poetry in North America*. London and New York: Routledge, 2008.

10 Reisman, Rosemary M. Canfield. *Asian Poets*. Massachussets: Salem Press, 2012.

11 Hunt, Peter. *International Companion Encyclopedia of Children's Literature*. London and New York: Routledge, 1996.

12 अमेरिकाको सन्दर्भमा १९५० भनेको उत्तराधुनिकताको उदयको समय हो । तर यसैलार्य अन्यत्र पनि उत्तरआधुनिकताको प्रस्थानविन्दु मान्नु त्रेटिपूर्ण हुने छ ।

अफ्रिकी साहित्यमा आधुनिकताको इतिहास चालिस वर्षको पनि छैन । वास्तवमा त्यो पूर्णतः उत्तर-औपनिवेशिक साहित्य हो । फारा जसमिन ग्रिफिन भन्छन्, 'बितेका तिस वर्षमा अफ्रिकी मूलका लेखकहरूबाट साहित्यको विष्फोटन नै भएको छ । काला समुदायका लेखकहरूले युगौँदेखि साहित्य लेख्दै आएका भए तापनि यसबेला उनीहरूको साहित्य संस्थागत भयो र यसको बजार र अध्ययन-अध्यापन व्यवस्थित भयो (१६५) ।' नगण्य साहित्यको बाटोबाट आधुनिकतामा प्रवेश गरेर एक शताब्दी पनि नपुग्दै आज अफ्रिकी साहित्य विश्व साहित्यको एक विशाल हिस्सेदार बन्न पुगेको छ र वोले सोयिङका, चिनुवा अचेबे र जे.एम. कोयट्जीजस्ता शिखरहरू जन्माइसकेको छ । यसको एउटा आधार हो, पश्चिमा विश्वविद्यालयहरूमा ब्लेक भर्नाकुलर लिटरेचर र अफ्रिकन या क्यारावियन स्टडिज[13] का सिद्धान्त र विभागहरूको विकास, जुन काम समालोचनाले गरेको हो । तनुरे ओइजाडे भन्छन्, अफ्रिकी साहित्यको यत्रो विकासको कारण हरेक अफ्रिकी लेखकमा 'कुनै न कुनै प्रकारले नेग्रो हुनुको विशिष्ट अनुभव मुखरित गर्ने प्रवृत्ति हो' (४६) । यस अनुभवलाई समालेचकहरूले सिद्धान्तको रूपमा विकसित गरे ।

आजसम्म विश्वमा आफूलाई स्थापित गरेको अफ्रिकी साहित्य र गैरयुरोपेली आदिवासी साहित्यलाई (जस्तै अस्ट्रेलियाली आदिवासीको साहित्य) हेर्दा हामी मूल रूपमा तीन प्रवृतिहरू पाउँछौँ : 'सांस्कृतिक राष्ट्रवाद, साहित्यिक विशिष्टता र आदिवासी हुनुको गौरव-बोध' (आदम सुमेकर २७९) । यी तिनै विशिष्टलाई एक प्राज्ञिक विश्वसनीयता दिने काम तत्तत् देशका समालोचकहरूका नवीन विष्लेषण सिद्धान्तहरूले नै गरेका हुन् ।

अफ्रिकी र अफ्रिकी-अमेरिकी साहित्य पचासको दशकमा आधुनिकतामा प्रवेश गरेको हो । आदिवासी हुनुको गौरवबोध र आफ्नो सभ्यताको विकासका आदिम जराहरूको खोज केरिबियाली आधुनिक साहित्यको पनि मूल कथ्य हो । लिजाबेथ पाराभासिनी गेवर्ट भन्छन्, 'आधुनिकतावादका दौरान एकपछि एक आएका विभिन्न साहित्यिक प्रवृतिमा केरिबियाली साहित्यको सबैभन्दा महत्त्वपूर्ण कथ्य आफ्नो सभ्यताको जरो अफ्रिकी सभ्यतामा छ भन्ने हो ।' (६९०) यसबाट

13 धेरैजसो केरिबियालीहरू अफ्रिकी मूलका हुन् । यसका लागि हुर्नुहोस् बिबिसीको आधिकारिक वेवसाइटमा Grannu, Guy. "Researching African-Caribbean Family Histor. http://www.bbc.co.uk/history/familyhistory/next_steps/genealogy_article_01.shtml> 17 Feb. 2011.

डेरेक वाल्कोट र भलेरी ब्लुमजस्ता हस्ती जन्मिए र आफ्नै सभ्यताको गीत गाएर अमर भए । यस अमरत्वका पछाडिको तर्क हो, क्यारिबियन स्टडिजको विकास। कालाहरूकै सन्दर्भमा इमानुएल नेल्सन भन्छन्, 'कालाहरू, अफ्रिकीहरू र आदिवासीहरूको साहित्यमा एउटा समानता छ – सांस्कृतिक ऐक्यको खोजी, जसमा 'स्व' को स्वतन्त्र र स्वस्थ अनुभूति विकसित होस्, जसमा सामूहिकतामा शक्तिको खोजी होस्, जसमा साझा विगतको पुनर्निर्माण होस्, दमनकारी सङ्कथनको पराजय होस्, पारम्परिक उत्सव र विधिहरूको पुनर्रचना होस् र कालो हुनुको यथार्थलाई सगौरव उत्सवमयी बनाइएको होस्' (१२) ।

आधुनिकताको इतिहासमा ढिलै गरी प्रवेश गरेका मध्यपूर्वीय र चिनियाँ साहित्यले सेरेना इभादी, खलिल जिब्रान, एडवार्ड सेड, हा जिन र मोयानजस्ता हस्ताक्षर तयार गरेको छ । लि ह्वा- यिङ (२०१०) का अनुसार सन् १९१८ तिर आधुनिक युगमा प्रवेश गरेको चिनियाँ साहित्यले आजसम्म आउँदा धेरै चामत्कारिक डायस्पोरालाई जन्म दियो, जसले चिनियाँ मिथक र इतिहासको जगमा साहित्य लेखेर आफ्नो विशिष्ट पहिचान कायम गरे। यही मार्गमा पुसकार्ट र हेमिङवे पुरस्कार जितेका हा जिनले चीनको लघुइतिहासमा उभ्याइएको उनको साहित्यमार्फत विश्वमा चीनको नयाँ पहिचान स्थापित गरे र चीनको सत्ता-नियन्त्रित र भ्रामक 'यथार्थ' विपरीत एक वैकल्पिक ऐतिहासिक स्वरूप प्रस्तुत गरे । मो यानले त नोबेल पुरस्कारै जिते । यी लेखनलाई सैद्धान्तिक अनुमोदन दिनका लगि चिनियाँ समालोचनाले पर्याप्त गृहकार्य गरिसकेको थियो । भारतको त के कुरा गर्नु, उत्तरऔपनिवेशिक समालोचना, सबाल्टर्न स्टडिज, तेश्रो विश्वको नारीवाद अर्थात् थर्ड वल्ड फेमिनिज्मजस्ता सिद्धान्त र डायस्पोरा डिस्कोर्सका अधिकांश आयामहरू भारतीय समालोचकहरूले नै स्थापित गरेका हुन् ।

पश्चिमा र युरोपेली साहित्य र गैरयुरोपेली साहित्यलाई छुट्याउने एउटा मूल प्रवृत्ति हो, उनीहरू समस्त युरोपभरि समानताको वकालत गर्छन् र त्यसै समानतालाई ल्याकत मान्छन् । गैरपश्चिमा मुलुकको साहित्य भनेको बहुलताको साहित्य हो र भिन्नतामा हामी शक्ति देख्छौँ । यो हाम्रो सभ्यताको उपज हो, जो सधैँ भिन्नताकै उत्सव मनाएर विकसित भएर पनि एक छ । गैरपश्चिमी साहित्यको सन्दर्भमा होमी के भाभा भन्छन्, 'स्थिर सांस्कृतिक समानताभन्दा सांस्कृतिक भिन्नताका वाचाल अभिव्यक्तिहरू शक्तिशाली हुन्छन् र यो शक्ति

लेखनको विविधताले प्रदान गर्नसक्छ' (३६) । यस्तो शक्ति हाम्रो सभ्यताको अणुवांशिक प्रवृत्ति हो तर यसलाई हामीले सिद्धान्ततः मुखरित गर्न सकेका छौँ वा छैनौँ, यो एक बहसको विषय हुनसक्छ । समालोचक सञ्जीव उप्रेतीको तर्क सत्य हो : 'हालको समसामयिकताभित्र उब्जेका विभिन्न राजनीतिक-ऐतिहासिक सिद्धान्तहरूले भिन्नताको स्वीकारोक्तिको पक्षमा आवाज उठाएका छन्' (३२७) । हामी यस प्रकारको वैविद्यको काव्यशास्त्र अर्थात् 'पोइटिक्स अफ डिफरेन्स' मा केही सैद्धान्तिक काम गर्न सक्छौँ कि ? यस विचारपत्रले आशा राखेको छ, आफ्नै सांस्कृतिक बहुलतालाई नेपाली सामालोचनाले आफ्नो विशिष्ट सामर्थ्य मानेर अगाडि बढ्नेछ ।

कतिपय गैरपश्चिमा मुलुकका अनुभव र सफलताका कथाले हामीलाई के पाठ सिकाउन सक्छ ? अबका दिनमा नेपाली साहित्यको मुहार फेर्नलाई र विश्व साहित्याकाशमा नेपाललाई एक विशिष्ट स्थान दिलाउनका लागि नेपाली समालोचनाले राजनैतिक मताग्रह, गुटबन्दी, भाइभतिजावाद, अतिमूल्याङ्कन र अवमूल्याङ्कनका दोषहरू (यदि भएका छन् भने) पुनरावृत्त हुन नदिन कटिबद्ध हुनु आवश्यक छ । आगतका दिनहरूमा नेपाली समालोचनाले पश्चिममा आएका लहर र सिद्धान्तहरूलाई तद्रूप नेपाली साहित्यमा प्रयोग गर्ने काम गर्दा त्यसको आवश्यकता र सान्दर्भिकतालाई नेपाली संस्कृतिक भूगोलका निजी र मौलिक आवश्यकता र सान्दर्भिकताको सापेक्षतामा मात्रै प्रयोग गर्ने प्रण लिनु पनि आवश्यक छ । नितान्त नेपाली मौलिक शैलीको कुनै समालोचना पद्धति विश्वमा लोकप्रिय हुन नसक्नु र धेरै अध्ययनको अध्ययनविधि आयातित हुनुका पछाडि नेपाली समालोचना र सिद्धान्तले गम्भीर आत्मसमीक्षा गर्नुपर्ने आवश्यकता छँदैछ । नेपाली संस्कृतिका अध्येताहरूले उत्खनन गरेर ल्याएका अमूल्य निधिहरूलाई नेपाली साहित्य लेखन र समालोचनाले आ-आफ्ना परिधिभित्र समेट्न नसक्नु एक विडम्बनापूर्ण कटुसत्य हो ।

यस लेखले सिद्धान्तको तहमा हामी नेपाली भाषी लेखक, समालोचक र सिद्धान्तकारले आगतका दिनमा खेल्न सक्ने ती भूमिकाहरूको परिकल्पना गर्दछ, जसले नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणलाई सहज र आकर्षक तुल्याउनेछ, साहित्य अध्ययन र चिन्तनको समग्र सिद्धान्तमा केही नयाँ आयामहरू थप्न सक्नेछ । यस्ता केही अपेक्षित भूमिकाहरूलाई यसरी बुँदागत रूपमा निम्नानुसार राखिएको छ :

## १. नेपाली सांस्कृतिक भूगोललाई ज्ञानको एक वैकल्पित केन्द्रको रूपमा परिभाषित गर्नु

नेपाली समालोचनाले विश्वका अन्य मुलुकमा विकसित भएको सिद्धान्तको व्याख्या, विश्लेषण र प्रयोगलाई नै आफ्नो प्रमुख कार्यदिशा मानेर हिँडेको छ भन्ने गुनासो यदाकदा सुनिन्छ। नेपाली साहित्यको बजारमा निस्किएका समालोचनाका पुस्तकहरूलाई सर्सर्ती हेर्दा पनि प्रायःजसो पुस्तकहरू पशिचमा सिद्धान्तको व्याख्या, विश्लेषण र प्रयोगमै आधारित भेटिन्छन् । अर्कोथरि पुस्तकहरू कि ऐतिहासिक अभिलेखको स्वरूपमा छन्, या त ती समालोचनाका केही अवयवहरूको सापेक्षतामा गरिएका पारम्परिक अध्ययन हुन् । त्यस्ता समालोचनाले कुनै बहस सिर्जना गर्दैनन् र कुनै नयाँ विचार र चिन्तनलाई जन्म पनि दिँदैनन् । त्यो यथास्थितिवादी, परम्परित समालोचना हो । यसले कृतिहरूको मूल्याकङ्न त हुन्छ, तर सैद्धान्तिक राजमार्गमा नेपाली समालोचनाले केही नयाँ आयाम थप्ने देखिँदैन ।

समालोचनाले नयाँ आयामहरूको आविष्कार गर्दा सधैँ आफ्नो मुलुकको साहित्यलाई टेवा पुऱ्याउने अभीष्टले गऱ्यो भने त्यसको फाइदा देशले दिन सक्छ। आज, अर्थात् उत्तर उपनिवेशकालीन समयमा विश्वका स-साना र अविकसित भनिएका मुलुकहरू आफ्ना मौलिक र निजी ज्ञानस्रोत – मिथक, धर्म, दर्शन, लोक जीवन, लघु इतिहास, सामूहिक सम्झना, सामूहिक अवचेतन – जस्ता विषयमा केन्द्रित भएर परम्परित लेखनभन्दा पनि विशिष्ट ऐतिहासिक अनुभवका आधारमा नव-ऐतिहासिक लेखन र नश्लबोधी लेखन अर्थात् इथ्नो-राइटिङजस्ता नयाँ समालोचना पद्धतिमार्फत आफैंलाई र आफ्ना साहित्यलाई विश्वसामु उद्घाटित गरिरहेका छन् । समालोचक यदुनाथ खनालले यसको आवश्यकताको बोध २०१७ सालतिरै गरेर यस दिशामा भएका यस्ता प्रयासको सराहना गरेका थिएः 'राष्ट्रिय साझा भावनाको खोजतलासमा राष्ट्रियताको खोजतलासमा, नेपालको अलग व्यक्तित्वको खोजतलासमा, नेपाली इतिहास, लोकगीत, लोकनाच, साहित्य आदि कुरामा प्रयास भएको छ, त्यसको उद्देश्य हाम्रो आफ्नै अनुभूतिलाई तिखार्नु हो' (२०६) । तर यी प्रयास सङ्गठित भएनन् र बिलाएर गए । मौलिक नेपाललाई कसरी साहित्यमार्फत उद्घाटित गर्न सकिन्छ भनेर लिनुपर्ने चिन्ता समालोचनाको परिधिभित्र पर्छ । यसका लागि केही मिथ क्रिटिसिज्म, आर्किटाइपल क्रिटिसिज्म, इथ्नोराइटिङ, लोकल कलर, ऐतिहासिक समालोचना पद्धतिजस्ता पुराना तर

नेपालको निजी ज्ञानकोशलाई उद्घाटित गर्नेखाले समालोचनाको रणनैतिक प्रयोग, साथै, नयाँ केही अध्ययन र अनुसन्धानपद्धतिको विकासका दिशामा नेपाली समालोचना आगतका दिनहरूमा अगाडि बढ्नु आवश्यक देखिन्छ ।

## २. गलत दृष्टिविन्दुहरूलाई चिर्नु

आजपर्यन्त, एउटा विडम्बनापूर्ण यथार्थ के छ भने, पश्चिमबाट प्रकाशित हुनु, उतै समालोचना समीक्षा हुनु, उताकै पाठ्यक्रममा समाविष्ट हुनु र उतैबाट बजारीकरण हुनु कुनै पनि पुस्तक वा साहत्यिको अन्तर्राष्ट्रियकरण हुनुको पर्याय रहँदै आएको छ । तर, पश्चिमले कुनै पनि सामग्रीलाई आफ्नो आँखामा प्रकाशनयोग्य मान्ने केही दृष्टिविन्दु छन् । ती दृष्टिविन्दुहरू पश्चिमले गैरपश्चिमा मुलुकमा आफूले उपनिवेश गरेको समयमा छोडिगएका मानविन्दुहरूको आधारमै गर्छ । यसो भन्नुको अर्थ हो, अफ्रिकामा दक्षिण अफ्रिकी दृष्टिविन्दु, एसियामा मूलधारको भारतीय अङ्ग्रेजी बाबुवाला दृष्टिविन्दु र मध्यपूर्वमा इजरायली दृष्टिविन्दु आदि हुन् । तर यी दृष्टिविन्दुले आफैभित्रका अल्पसङ्ख्यक र किनारीकृत संस्कृति र साहित्यलाई नेपथ्यमा आज पनि पारिरहेका छन् । फलतः पश्चिमका आँखामा नेपाली साहित्य अथवा कुनै अल्पसङ्ख्यकको साहित्य, मूलधारको, दिल्लीकेन्द्रित अङ्ग्रेजी भाषाको भारतीय साहित्यको दृष्टिविन्दुले देख्दैन । यस स्थितिमा, पश्चिमले छोडिगएको यो कथाकथित केन्द्रको विघटन अत्यावश्यक छ । यस दिशामा काम गर्नुपर्छ, जसको मूल मन्त्र भनेको स्थानीय नै वैश्विक हो र पश्चिमको स्पर्शबिना नै कुनै पनि साहित्य र संस्कृति वैश्विक हुन सक्छ भन्ने तर्क हो । आज त्यो कुरा चिनियाँले सफलतापूर्वक गरेका छन् । दक्षिण अमेरिकी देशहरूले गरेका छन् । ती हाम्रा लागि प्रेरणा हुन सक्छन् । 'मूल धार' र 'वैश्विक' भन्ने धारणालाई नै पुनर्परिभाषित गर्नु जरुरी छ । यसका लागि पछिल्लो समय विकसित हुँदै गएको नवक्षेत्रवाद वा न्यु रिजनलिज्म हाम्रा लागि सहयोगी हुनसक्छ ।

## ३. वैकल्पित आधुनिकतालाई परिभाषित गर्नु आवश्यक

नेपाली साहित्यमा आयातित सिद्धान्तलाई जस्ताको तस्तै प्रयोग गरेर भ्रमजाल फिँजाउने अभ्यास पुरानै हो । पछिल्लो समय वास्तुकलाबाट सुरु भएर कलाका अन्य क्षेत्रमा आएको एक प्रयोगवादको लहरलाई उत्तरआधुनिक

समालोचनाको रूपमा व्याख्या गर्ने अभ्यास भएको खुब देखिएको छ। ल्योटार्डले उत्तरआधुनिक समयको परिकल्पना गरिरहँदा भविष्यमा ज्ञानमाथि कुन वर्गको पकड र नियन्त्रण रहेको पाइन्छ, त्यसले सत्ताकेन्द्री ज्ञानवादको अवसानको घोषणा गर्नेछ भन्ने भविष्यवाणी गरेका थिए। यस भविष्यवाणीले पश्चिममा निकै उथलपुथल ल्याएको र कलामा स्थापित स्वरूपहरूमाथि जबरजस्त प्रहार गरेको र अभूतपूर्व प्रयोगहरूलाई प्रश्रय दिएको भए तापनि उत्तरआधुनिकताको सैद्धान्तिक र दार्शनिक दलिल समयको अदालतमा खारेज हुन पुगेको देखिन्छ र अन्ततः यसको मृत्युको घोषण गरिएको छ[14]। कलाको केही पक्षमा केही प्रयोगलाई छोड्ने हो भने कुनै पनि एपिस्टेमिक पक्षमा उत्तरआधुनिकताले नेपाललाई स्पर्श गरेको छैन भनेर दावी गर्न सकिन्छ। बरु, आधा शताब्दीको अभ्यासपश्चात् पनि राजनीतिले स्पष्ट स्वरूप लिन नसकेको, मानिसका आधारभूत आवश्यकता पनि अझैसम्म पूरा हुन नसकेको रेमिटेन्समा देशको अर्थनीति टिकेको, विश्वमा सबैभन्दा सस्तो श्रमको बजारका रूपमा नेपाली चिनिएको, नेपालभित्र भोकमरीको चर्को मार आजपर्यन्त रहेको र हैजालगायतको फिस्टे रोग लाग्दा पनि औषधि नपाएर मर्न विवश जनता रहेको यो देशको आधुनिकता नै स्पष्ट स्वरूपमा विकसित भएको देखिँदैन। यदि साहित्य समाजको दर्पण हो र सिद्धान्तहरू त्यसै दर्पणको व्याख्याका लागि विकास हुन्छन् भने, नेपाली आधुनिकताको सैद्धान्तिक स्वरूप यसै वस्तुस्थितिलाई चित्रण गरेर लेखिएको साहित्यको जगबाट विकसित हुनुपर्छ भन्ने मलाई लाग्छ। त्यसैले पश्चिमको सिको गरेर उत्तरआधुनिकताको कुरो गर्नुभन्दा पनि समालोचक सञ्जीव उप्रतीले प्रस्तावित गरेजस्तो[15] नेपाली पाराको 'वैकल्पित' र अझ परिपक्व आधुनिकताको खोजी गर्नु नेपाली समालोचनका लागि सार्थक कार्य हुनेछ।

## ४. वैकल्पित दक्षिण एसियाको परिकल्पना

कला साहित्यको सन्दर्भमा दक्षिण एसिया आजपर्यन्त भारतमा अङ्ग्रेजले छोडी गएको अङ्ग्रेजीभीरु मूलधार नै केन्द्र हो। पश्चिमले भारतनजिकका अन्य मुलुक वा भारतभित्रकै स-साना संस्कृतिलाई हेर्ने दृष्टि भारतीय सङ्कथन अर्थात् इन्डिक डिस्कोर्सकै मियो वरिपरि घुमेको देखिन्छ। इन्डिक डिस्कोर्सको पछिल्लो

14 Kirby, Alan. "Death of Postmodernism and Beyond." in *Philosphy Now.* Issue 58. <http://www.emerymartin.net/FE503/Week10/The%20Death%20of%20Postmodernism%20And%20Beyond-Kirby.pdf>

15 उप्रेती, सञ्जीव. "नेपाली "वैकल्पित" आधुनिकता". सिद्धान्तका कुरा. काठमाडौं : अक्षर क्रिएसन,२०६८. ९७-१६१.

र समकालीन संस्करणमा उपनिवेशका बाछिटाहरू छन्, जसले नेपाली यथार्थलाई सम्बोधन गर्न सक्दैन । यसले भारतभित्रकै नेपाली साहित्यलाई पनि सम्बोधन गर्न सक्दैन । यसले पश्चिमा उपनिवेशको सिधा अनुभव नभएका सिक्किम र दार्जिलिङजस्ता क्षेत्रलाई पनि समेट्न सक्दैन । तर भारतीय उपमहाद्वीपका कतिपय निजी अवधारणाहरूको जड नेपाल वा नेपाली भाषी भूभागमा छ । हिमालयन स्टडिज र बुद्धिस्ट स्टडिज, यसका उदाहरणका हुन, जसको वैश्विक अनुमोदन भारतीय र चिनियाँ सङ्कथनकै वरिपरि खोजिने गरेको पाइन्छ । यसैगरी संसारका अधिकांश मुलुकहरूले एरिया स्टडिजको अवधारणामार्फत नव-क्षेत्रवाद अर्थात् नियो रिजनलिज्मको वकालत गरिहेका छन् र विश्वका धेरै विश्वविद्यालयमा एरिया स्टडिजका अध्ययन केन्द्रहरू विकसित भइसकेका छन् । नेपालकै सन्दर्भमा नेपाल स्टडिजको विकासमा नेपाली समालोचनाले के-कति भूमिका खेलेको वा सोचेको छ, त्यसको विश्लेषण गर्नु आवश्यक छ । साथै, यो हुन नसकेको भए नेपाल स्टडिजको विकास, यसलाई नेपालका विश्वविद्यालयका साथै नेपालबाहिरका विश्वविद्यालयमा पनि अध्ययनको एक विषयका रूपमा विकास गर्ने दिशामा नेपाली समालोचनाले चिन्ता लिनु पर्दछ ।

## ५ विशिष्ट ऐतिहासिक अनुभवहरूको सैद्धान्तीकरण

यो विषय केवल साहित्यिक समालोचनाको मात्रै नहोला । यसले स्वतन्त्र दार्शनिक चिन्तन र अनुसन्धानको आवश्यकताको बोध गर्ला । तर नेपाल र नेपालसँग सटेका नेपाली बहुल भारतीय भू-भागसँग केही यस्ता निजी र विशिष्ट ऐतिहासिक अनुभवहरू छन्, जुन विश्वका अन्य मुलुकहरूसँग छैनन् । प्रथम, छिमेकमा सबै मुलुक पश्चिमा उपनिवेशवादको चपेटोमा परिसक्दा पनि यी क्षेत्रले आफैंलाई स्वतन्त्र राखेको सत्य हो । यस परिप्रेक्ष्यमा तत्कालीन नेपाली साहित्यलाई उत्तरऔपनिवेशवादी समालोचनाका आयामहरूको सन्दर्भमा हेर्नु अप्रासङ्गिक हुनजान्छ । त्यसैले, स्वाभाविक रूपले ओरिएन्टलिज्मका पनि कतिपय तर्कहरू नेपाली साहित्यको सन्दर्भमा लागू हुँदैनन् । स्वतन्त्र थियो भनेर असंलग्न अर्थात् नन एलाइन्ड नेसनहरूको जस्तो अनुभव पनि नेपालसँग छैन । नेपालमा भावुकताकै धरातलमा गरिने गरेको वीरताको तर्क नेपाल उपनिवेशको सिकार नहुनुको कारण सायद होइन । नेपाल किन साम्राज्यवादको उत्कर्षमा पनि स्वतन्त्र

रह्यो ? के नेपालसँग साम्राज्यवादीहरूलाई अल्मल्याएरै राख्ने कुनै कुटनैतिक सिप थियो ? थियो भने, त्यो नेपाली सिप हो, त्यसलाई सैद्धान्तीकरण गरिनु पर्दछ र त्यस सिद्धान्तलाई स्थापित गर्नका लागि त्यसैअनुरूपको साहित्य पनि लेखिनु पर्दछ। यसका लागि अनुसन्धान र समालोचनाका सिद्धान्तले बाटो निर्माण गर्नुपर्दछ, नेपालजस्ता मुलुकहरूका विशिष्ट अनुभवहरूलाई नवीन ज्ञानका रूपमा विश्वमा प्रक्षेपण गर्नुपर्दछ ।

दोस्रो, तीनवटा विश्वधर्म – इस्लाम, इसाई र यहुदी धर्म – को एकै उद्‌भव भूमि भएको मध्यपूर्व आजपर्यन्त धर्मयुद्धबाट आहत भइरहेको यथार्थको सापेक्षता हिन्दू, बौद्ध र किरातजस्ता विश्वधर्महरूको एकै उद्‌भव र विकास भूमि भएको नेपालमा कहिल्यै त्यस परिमाणका धर्मयुद्धहरू भएनन् र आज पनि यी तीन धर्मका अनुयायीहरूका बिच भातृवत् सम्बन्ध भएको देखिन्छ । हाम्रा धर्महरूभित्र के छ, त्यस्तो, जसले यस्तो सहिष्णुतालाई बाटो दियो ? हुनसक्छ, यी धर्महरूले एकअर्काको सहअस्तित्वलाई शास्त्रतः र व्यवहारतः स्वीकार गरे र धर्मान्तरणलाई धर्मविस्तारको माध्यम बनाएनन्। (यो एक अवधारणा अर्थात् हाइपोथेसिस मात्रै हो) अथवा यसको कारण अन्य कुनै पनि हुनसक्छ, जसलाई अनुसन्धानले उद्‌घाटित गरिदिन सक्छ। त्यस रहस्योघाटनले स्थापित गरेको ज्ञान नेपाली भाषीहरूको ज्ञान हो । त्ससलाई सैद्धान्तीकरण गर्नु हाम्रो समालोचना र अनुसन्धानको दायित्व हो र त्यस सिद्धान्तलाई स्थापित गर्ने साहित्य लेख्नु हाम्रो साहित्यको दायित्व हो ।

## ६. डायस्पोरा अध्ययनभित्रका सैद्धान्तिक विचलन हटाउनु र न्यायसङ्गम काम गर्नु

डायस्पोरा, पछिल्ला केही दशकहरूमा विश्वमै एउटा चर्चाको विषय बनेको छ र डायास्पोरिक साहित्यको अध्ययनले तीव्रता पाएको छ। नेपाली साहित्य पनि यसबाट अक्षुण्ण छैन । तर, हाम्रो सैद्धान्तिक ज्ञान र अध्ययनमा केही आंशिक विचलनहरू छन् । नेपालबाहिरको नेपाली समाज विविध प्रकारको । भूमिसहित अर्को देशका परेका सिक्किम, दार्जिलिङ र उत्तराखण्डका नेपाली, सुदूर विगतमा, आधा भारतकै कुनै भागबाट र आधा नेपालबाट गएर बसेका असम-मणिपुरमा बसेकाजस्ता नेपाली, नेपालबाट गएर पनि शताब्दीयौँ बिताइसकेको भुटान र बर्माका जस्ता नेपाली, पढ्न वा काम गर्न अस्थायी रूपमा युरोप अथवा अमेरिकातिर

गएका नेपाली, देशभित्रको प्रतिकूलताका कारण बाहिरिएका नेपाली, व्यापारका लागि हिँडेका नेपाली, ग्रिनकार्ड वा नागरिकता लिएर विदेशमा नागरिक भएर बसेका नेपाली, फेरि नेपाल फर्कने सम्भावना बचाएका नेपाली, नफर्कने निधो गरेर बसेका नेपाली...आदि । यी सबै नेपाली 'डायस्पोरा हुन्' भन्नु हास्यास्पद हुनेछ । हाल नेपालबाहिर रहेका तर नेपालमा घरजग्गा, जमिन वा नागरिकता भएका र कुनै पनि समय फर्कन सक्ने नेपाली डायस्पोराको परिभाषाभित्र पर्दैनन् । रहरले, अन्य देशको नागरिकता लिएर गएका नेपालीको पहिलो पुस्ता, मेरो बुझाइमा डायस्पोरा होइनन् । तिनका सन्तान डायस्पोरा हुनेछन् । भूमिसहित भारतमा परेका सिक्किम, दार्जिलिङ वा उत्तराखण्डका नेपाली पनि डायस्पोरा होइनन् । भारतकै कुनै भागबाट कुनै समय असमलगायत पूर्वोत्तर भारत पुगेका नेपाली डायस्पोरा होइनन् तर नेपालको भू-भागबाट गएकाहरू डायस्पोरा हुन् । भुटान, बर्माका नेपाली, लाहुर हुँदै हङ्कङ, ब्रुनाइ वा बेलायतमा बसोबास गर्न पुगेका नेपालीहरूका सन्तान पनि डायस्पोरा हुनेछन् । यसबाट, को नेपाली डायस्पोरा हो र को होइन भनेर किटान गर्ने आधार तयार हुनेछ ।

जहाँसम्म साहित्यको प्रश्न छ, डायस्पोराको साहित्य र डायस्पोरिक साहित्य फरक हो । डायस्पोराको परिभाषाभित्र पर्ने नेपालीले जे विषयमा साहित्य लेखे पनि डायस्पोराको, यानि, डायस्पोराद्वारा लेखिएको साहित्यचाहिँ हुन्छ तर कुनै पनि साहित्य 'डायस्पोरिक' हुनलाई दुई अनिवार्य शर्त छन् । १) लेखक डायस्पोरा हुनुपर्ने र २) उसको लेखको विषयमा डायस्पोरिक साहित्यका भाव हुनुपर्ने – जस्तो, पितृभूमिको प्रेम, विछोडको पीडा, दुई संस्कृतिबिच अल्झनुको समस्या, घर फिर्तीको चाहना, ठिम्मर संस्कृतिको प्रभाव आदि र अर्को कुरा, नेपालमै रहेर, कुनै डायस्पोराको मनोदशाको कल्पना गरेर लेखिएको साहित्य पनि डायस्पोरिक मानिनु हुँदैन । पछिल्लो समय धेरै उल्झनमा रहेको यो विषयमा स्पष्टता आउनु जरुरी छ र यस नयाँ स्पष्टताका साथ यस्तो साहित्यको घनीभूत अध्ययन हुनु जरुरी छ ।

## ७. नयाँ सिद्धान्तहरूमा काम गर्नु

हामी नेपाली भाषी लेखक, समालोचक र सिद्धान्तकारका लागि नयाँ अध्ययन पद्धतिको विकास र विस्तार गर्ने अरू पनि ठाउँहरू छन् । इकोक्रिटिसिज्म अर्थात् पर्यावरणीय समालोचना आजभोलि निकै लोकप्रिय बन्दै गएको छ । नेपाल

र भारतका हिमालय क्षेत्रमा पनि यस दिशामा केही अध्ययन-अनुसन्धान भएका छन् । इकोक्रिटिसिज्मको व्यापक आयतनमा हिमालयन इकोक्रिटिसिज्मको एक छुट्टै विशिष्ट अध्ययन र अनुसन्धान पद्धति विकास हुनसक्छ कि भनेर चिन्ता लिनु हाम्रो सम्दर्भमा मुनासिब हुनसक्छ। हिमाली पर्यावरण फगत वैज्ञानिक पर्यावरणसँग सम्बन्धित छैन । यसमा धार्मिक (पौराणिकलगायत) सामाजिक, भौगोलिक (मौसमलगायत) आर्थिक, पर्यटकीय र सांस्कृतिक पक्षहरू पनि गाँसिनुका साथै सामरिक र सुरक्षासँग सम्बन्धित पक्षहरू पनि जोडिएका छन् । सँगसँगै, धेरैजसो पूर्वेली शास्त्रीय र दार्शनिक चिन्तन (ओरियेन्टल फिलोसोफी) मूल हिमालय पर्वत र यसको वरिपरिको आदिम सभ्यता भएको हुँदा उक्त सभ्यताले विकास गरेको मानव-प्रकृति सम्बन्धको विशिष्ट अवधारणालाई हिमालयन इकोक्रिटिसिज्मसँग गाँसेर एक यौगिक सिद्धान्तको विकास हुन सक्ने सम्भावना हामीसँग छ । इकोक्रिटिसिज्मको वर्तमान वैश्विक अवधारणाले मात्रै समग्र हिमाली इकोलोजीलाई सम्बोधन गर्नसक्छ भन्ने मलाई लाग्दैन। त्यसको प्रत्युत्तरमा अझ व्यापक स्वरूपको हिमालयन इकोक्रिटिसिज्मको विकास हामी गर्न सक्छौँ कि भन्ने दिशामा सोच्नु आवश्यक देखिन्छ ।

विश्वलाई, विशेष गरी सत्यलाई हेर्ने विविध दृष्टिकोणहरूमध्ये, सत्यको सापेक्षित विश्लेषणको पद्धतिमा लीला लेखनका प्रणेताहरूले नयाँ पद्धति विकास गरेका छन् । विशेष गरी यसको सैद्धान्तीकरणको दिशामा इन्द्रबहादुर राई र पछि साहित्यकार कृष्ण धरावासीले उल्लेख्य काम गरेका छन् र यस सिद्धान्तको प्रयोग पक्ष समातेर लेख्ने साहित्यकारको सङ्ख्या त निकै ठुलो छ । यसको विस्तृत व्याख्याका लागि कृष्ण धरावासीको **लीलाबोध** हेर्न सकिछ। यस्ता मौलिक विषयलाई वैश्विक अध्ययन र चिन्तन पद्धतिको रूपमा विकसित गर्न सकियो भने हामी सिद्धान्तको पटलमा पनि नयाँ साबित हुनेछौँ ।

## सन्दर्भसूची :


उप्रेती, सञ्जीव. 'नेपाली वैकल्पित आधुनिकता, **सिद्धान्तका कुरा**. काठमाडौं : अक्षर क्रिएसन, २०६८. ।

खनाल, यदुनाथ. **यदुनाथ खनालको समालोचना**. सं. डिल्लीराम मिश्र. काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०६८ ।

गौतम, लक्ष्मण. 'आधुनिकता र आधुनिक नेपाली कविता', **सरमाथाको नृत्यमग्न आत्मा**, सम्पा. मोमिला., काठमाडौँ : नेपाली कलासाहित्य डटकम प्रतिष्ठान, २०६५. पृ. क-ल ।

धरावासी, कृष्ण, **लीलाबोध**, काठमाडौँ : पैरवी प्रकाशन, २०७३ ।

प्रधान, कृष्णचन्द्रसिँह (सम्पा.) **साझा समालोचना**, पाँचौं संस्क., पुल्चोक : साझा प्रकाशन, २०५८ ।

शर्मा, मोहनराज, 'नेपाली काव्यसमालोचना', **काव्य समालोचना**. सम्पा. नरेन्द्र चापागाई र दधिराज सुवेदी, बिराटनगर : पूर्वाञ्चल साहित्य-प्रतिष्ठान, २०५२. पृ. ६८४-६८५ ।

Bhabha, Homi. *The Location of Culture*. New York: Routledge, 1994.

Griffin, Farah Jasmine. "Thirty Years of Black American Literature and Literary Studies: A Review" *Journal of Black Studies* 35.2, Special Issue: (Nov 2004) 165-174.

Nelson, Emmanuel S. (Ed) . *Connections*. Canberra: Aboriginal Studies Press. 1988.

Ojaide, Tanure. "Modern African Literature and Cultural Identity." *African Studies Review* 35. 3 (Dec., 1992), 43-57.

Paravisini-Gebert, Lizabeth. "Carribean Literature in Spanish." *The Cambridge History of African and Caribbean Literature*. Ed. F. Abiola Ireli and Simon Gikandi. Cambridge: Cambridge University Press, 2012. 670-710.

Riccardi, Theodore. "*Himalayan Voice*: An Introduction to Modern Nepali Literature." Rev. of Michael Hutt's *Himalayan Voice*. *Bulletin of the School of Oriental and African Studies* 56.1. London: University of London,1993. 157-158.

Shoemaker, Adam. *Black Words White Page: Aboriginal Literature 1929-1988*. Canberra: The Australian National University, 2004.

Ying, Li-Huwa. *A Historical Dictionary of Modern Chinese Literature*. Plymouth: The Scarecrow Press, Inc., 2010.

अन्तर्राष्ट्रिय साहित्य समाजद्वारा अक्टोबर १९-२० मा दार्जिलिङमा आयोजित दोस्रो एसिया साहित्य सम्मेलन-२०१९ मा प्रस्तुत सम्मेलन-पत्र

(The conference paper presented at 2nd Asia Nepali Literary Conference, Darjeeling, Organized by International Nepali Literary Society on October 19-20, 2019)

●



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
International Nepali Literary Society



# तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन

## 3rd Int'l INLS Chapter Convention

१२ जनवरी, २०२० | टोक्यो, जापान

# ६ बुँदे टोक्यो घोषणा-पत्र २०२०

१) अनेसास प्रथम र दोस्रो अन्तर्राष्ट्रिय च्याप्टर सम्मेलनहरूबाट गरिएका तर आजसम्म कार्यान्वयन नभएका घोषणाहरूलाई यथाशीघ्र कार्यान्वयन गरिने छ ।

२) केन्द्र र च्याप्टरहरूबीच निरन्तर रूपमा प्रभावकारी सञ्चार सम्पर्क गर्दै केन्द्रका नीति निर्णय र कार्यक्रमहरू निरन्तर रूपमा हरेक च्याप्टरहरूलाई पारदर्शी गराइने छ ।

३) विभिन्न देश-देशान्तरका साहित्यकार, प्राज्ञ, अनुवादक एवम् समालोचक आदिको यथास्थान एवम् समयमा सामूहिक गोष्ठी भेलाको आयोजना गराइने छ ।

४) नेपाली भाषा-साहित्यका उन्नयनका लागि च्याप्टरहरूको संस्थागत तथा दक्षता विकास गर्न यथासमयमा केन्द्रद्वारा आवश्यक स्रोतव्यक्ति उपलब्ध गराई केही आर्थिक सहयोग समेत प्रदान गरिने छ ।

५) च्याप्टरका आजीवन सदस्यहरूको सक्रियता बढाउनका लागि बेलाबखत अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रम गराइने छ ।

६) आजको भेलामा उठेका विविध बूँदाहरूलाई संशोधनका लागि प्रस्तावित विधानमा समावेश गरी तीन महिनाभित्रमा अनुमोदनका लागि प्रक्रिया अगाडि बढाइने छ ।

**घोषणा-पत्र मस्यौदा समिति :**

**संयोजक : मोहन सिटौला**

सदस्यहरू : उर्मिला निर्दोषी, प्रकाशचन्द्र घिमिरे, गिरिजा गैह्रे, ममता तिवारी, डन कार्की, माया के.सी., प्रमोद सारंग, रूद्र पौड्याल, निजानन्द मल्ल, हरिमाया अधिकारी

दार्जिलिङमा सम्पन्न दोस्रो एसियाली नेपाली साहित्य सम्मेलनमा प्रस्तुत कार्यपत्र

# वर्तमान नेपाली साहित्य र यसको अन्तर्राष्ट्रियकरण



कार्यपत्र

● ज्ञानु अधिकारी

## १. विषयप्रवेश

आधुनिक नेपाली साहित्यको विकास र विस्तारले क्रमशः व्यापकता पाउँदै गएको छ। साढे आठ दशकको इतिहास बनाएको यसले आजको अवस्थासम्म आइपुग्न धेरै मोड र घुम्तीहरू पार गरेको छ। अनेकौं प्रतिकूल समयहरूसँग पनि जुधेको छ अनि नेपाली भाषा र साहित्यका लागि समर्पित हुने थुप्रै साहित्यिक तपस्वीहरूको साथ पनि पाएको छ। आजको परिप्रेक्ष्यमा नेपाली साहित्य नेपालभित्र मात्र सीमित नभई विश्वभरि छरिन पुगेको छ। आधुनिक नेपाली साहित्यको विकासमा नेपाल बाहिर बसेर नेपाली भाषामा साहित्य लेख्ने साहित्यकारहरूको योगदान पनि उत्तिकै महत्त्वपूर्ण छ। कुनै पनि देशको साहित्यको विकास त्यस देशको जनताले प्राप्त गर्ने शिक्षा र चेतनामा निर्भर रहन्छ। चेतनाको वृद्धिसँगै साहित्यको स्तर बढ्दै जान्छ र साहित्य पनि समृद्ध हुँदै जान्छ। नेपाली साहित्यको सन्दर्भमा जहानियाँ राणा शासन र निरङ्कुश पञ्चायती शासनको अङ्कुशले नेपाली साहित्यलाई फैलने अवसर दिएन। यसरी सीमितताभित्र खुम्चिएको नेपाली साहित्यको विकासले २०४६ पछिको समयदेखि बल्ल गति लिन थालेको हो। देशको राजनीतिक परिवर्तन, नेपालीहरूमा बढ्दै गएको जनचेतना, विश्व परिदृश्यसँगको निकटता, विश्वको विभिन्न भूगोलमा छरिएर रहेका नेपालीहरूमा पैदा भएको स्वअस्तित्व र स्वपहिचानको चेतनाजस्ता विविध कारणले नेपाली साहित्य विविधता र व्यापकतासहित गतिशील बनेको छ। नेपाली साहित्यको वर्तमान स्थिति, नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका सन्दर्भहरू, नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणको आवश्यकता र यसका लागि भएका प्रयासहरूका साथै वर्तमानमा अन्तर्राष्ट्रियकरणको स्थितिका बारेमा यस आलेखमा सङ्क्षिप्त रूपमा चर्चा गर्ने प्रयास गरिएको छ।

## २. पृष्ठभूमि

आधुनिक नेपाली साहित्यको पृष्ठभूमि तयार गर्ने सन्दर्भमा नेपाल बाहिरबाट नेपाली भाषामा लेखिएका साहित्यको पनि ठुलो भूमिका छ । भारतको वनारस, दार्जिलिङ, असामलगायत बर्मा (म्यानमार) भुटानजस्ता देशका विभिन्न ठाउँमा नेपाली भाषा र साहित्यको लेखनको निरन्तरताले पनि नेपाली साहित्यको विकास र विस्तार भएको तथ्य अगाडि आउँछ । पहिले प्रवासी नेपालीहरूका माध्यमबाट दक्षिण एसियामा नेपाली साहित्यले फैलने मौका पायो भने पछि २०४० को दशक यता वैदेशिक रोजगारी तथा अन्य कारणले विश्वका विभिन्न मुलकमा गई उतै स्थानान्तर भएका नेपाली युवाहरूका कारण नेपाली साहित्यले नेपालको सीमारेखा पार गरेर विश्वका विभिन्न भूगोलभरि फैलिन पुगेको छ । यसरी हेर्दा नेपाली साहित्यको समग्र अध्ययन गर्ने सन्दर्भमा निम्नलिखित प्रकारका साहित्यको पनि अध्ययन गर्नुपर्ने हुन्छ, जुन यसप्रकार छन् :

- दक्षिण एसियाली (भारतका दार्जिलिङ, सिक्किम, असम, वनारसजस्ता विभिन्न ठाउँ र भुटान, म्यानमार) देशहरूमा लेखिएका प्रवासी नेपाली साहित्य,
- विश्वका विभिन्न देश अर्थात् तेस्रो मुलुकहरूका स्थायी बासिन्दाका रूपमा बसेर लेखिएका डायस्पोरा नेपाली साहित्य,
- नेपालमा नै बसेर नेपालीहरूद्वारा नेपाली भाषामा लेखिएका नेपाली साहित्य,
- नेपालमा नै बसेर नेपालका विभिन्न भाषाभाषी तथा जनजातिहरूले आफ्ना मातृभाषामा लेखेको नेपाली साहित्य आदि ।

पहिले आप्रवासी नेपालीहरू (भारत, बर्मा, भुटान आदि देश) मा सीमित नेपाली साहित्य समयक्रमसँगै नेपाली डायस्पोराका नामले विश्वका धेरै देशहरूमा छरिएको छ र यही डायस्पोरा नेपाली साहित्यलाई सङ्गठित र व्यवस्थित रूपमा अगाडि बढाउनका लागि ‘अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज’ नामक साहित्यिक संस्थाको स्थापना भएको छ । अनेसासको स्थापनापश्चात् नेपाली साहित्यको अन्तर्राष्ट्रिय गतिविधि र कार्यक्रमहरूले गति र निरन्तरता लिन थालेका छन् । वर्तमान नेपाली साहित्यका लागि यो महत्त्वपूर्ण कुरा हो । अनेसासले विश्वभरि छरिएर रहेका नेपाली साहित्यकार र नेपाली साहित्यकार र तिनका साहित्यलाई

समेटेर जसरी सङ्गठित रूपमा कार्यक्रम गर्ने र प्रकाशन गर्ने काम गरेको छ, यसबाट नेपाली साहित्यको मूल प्रवाहमा एउटा फरक धार बनेर समाहित भएको छ ।

## ३. वर्तमान नेपाली साहित्यको स्वरूप

वर्तमान नेपाली साहित्य भन्नाले पछिल्लो समयको अर्थात् उत्तरवर्ती नेपाली साहित्य भन्ने बुझिन्छ। खासगरी नेपालको २०४६ को राजनीतिक परिवर्तनपछिको नेपाली साहित्यलाई समकालीन वा आजको साहित्यका रूपमा मान्ने गरिएको पाइन्छ । कतिपय विद्वान्हरूले भने माओवादी सशस्त्र द्वन्द्वका कारण नेपाली जीवन र समाजमा ठुलो प्रभाव परेकाले त्यसपछिको नेपाली साहित्यलाई वर्तमान साहित्यका रूपमा लिने गरेको पाइन्छ । सशस्त्र द्वन्द्वका कारण देशमा अस्थिर वातावरण सिर्जना भएकाले धेरै नेपालीहरू विदेश पलायन हुने क्रममा साहित्य स्रष्टाहरू पनि विदेसिएको यथार्थ छ। त्यसैले पछिल्लो समयको करिब साढे दुई दशक वा तीन दशकको समयलाई वर्तमान नेपाली साहित्यको समयावधि मान्नु उपयुक्त नै देखिन्छ । यति हुँदाहुँदै पनि सूक्ष्म रूपमा २०४६ पछिका प्रवृत्ति र २०५२/०५३ यताका प्रवृत्तिमा सशस्त्र द्वन्द्वबाहेक अरूमा खासै फरकपन देखिँदैन बरु २०६० को दशकसँगै केही विषयगत र शिल्पगत प्रवृत्तिमा चाहिँ नवीनता देखिएको छ ।

वर्तमान नेपाली साहित्यले विभिन्न मोड, चरण, धार र भङ्गालाहरू पार गरेर यहाँसम्म आइपुगेको छ । एउटै परम्परागत चिन्तन, शैली र मान्यताबाट माथि उठेर विविध शैली, प्रवृत्ति, चिन्तन र मान्यताहरूमा विभाजित भएर अगाडि बढेको छ । त्यति मात्र नभई वर्तमान नेपाली साहित्य विधागत दृष्टिले पनि बहुआयामिक छ । पहिलेदेखि स्थापित भएका विधा कविता र यसअन्तर्गतका महाकाव्य, खण्डकाव्य, लामो कविता, फुटकर कविता, मुक्तक, हाइकु, गीत, गजल आदि विधा उपविधा; आख्यानअन्तर्गतका उपन्यास, कथा र लघुकथा, नाटक/एकाङ्की; निबन्धअन्तर्गतका आत्मपरक निबन्ध, नियात्रा, संस्मरण आदि विधा-उपविधाका रचनाहरू/कृतिहरू तथा समीक्षा-समालोचना कृतिहरू प्रकाशित भइरहेका छन् । साहित्यमा परम्परागत स्थापित विधाहरूका साथै नवविधाहरू पनि हरेक मूल विधाजस्तै बनेर देखापर्दै छन् । अनुभवन्यास, सूत्रउपन्यास,

सूत्रकथा, जापानी साहित्यमा प्रचलित हाइकु र ताङ्का आदि नवीन किसिमका विधा-उपविधाको सिर्जनामा पनि स्रष्टाहरू क्रियाशील छन् र तिनका कृतिहरू प्रकाशित भइरहेका छन् (गौतम, सन् २०७३ : ६) । आख्यानेतर गद्यका सबै विधा-उपविधामा विधामिश्रणको स्थिति देखिएकाले तिनलाई अहिले गैरआख्यान भनी चिनाउने गरिन्छ ।

वर्तमान नेपाली साहित्यको विधागत स्थितिलाई हेर्दा कविता सबैभन्दा बढी लेखिने, सुनिने वा वाचन गरिने र सबैभन्दा बढी कृतिहरू प्रकाशित हुने विधाका रूपमा देखिन्छ । यसरी लेखन र प्रकाशनका दृष्टिले कविता सबैभन्दा अगाडि रहे पनि यसका पाठकहरू सीमित छन् र तुलनात्मक रूपमा यो कम पढिने विधाका रूपमा देखिएको छ । गैरआख्यानको लोकप्रियता पछिल्लो समयमा बढ्दै गएको छ भने नियात्रा र संस्मरणका नाममा कोरा वर्णन तथा विवरण मात्र भएका कृतिहरूले यसको स्तर खस्काएका छन् । आख्यान पछिल्लो समयमा निकै फस्टाएको र चर्चामा रहेको विधा हो । अपेक्षाकृत रूपमा यसका पाठकको सङ्ख्या बढ्दै गएको छ भने कृतिहरूको प्रकाशन सङ्ख्या पनि बढेको छ । नाटक र समालोचनाको सङ्ख्या निकै कम छ र प्राज्ञिक समालोचना निकै कम लेखिएका छन् । २०७० को दशकयता प्रत्येक वर्ष साहित्यका सबै विधामा गरेर पाँच/छ सयको हाराहारीमा पुस्तकहरू प्रकाशित हुन्छन् । ती पुस्तकमध्ये धेरै कम कृतिले मात्र साहित्यको गुणात्मक मूल्य धानिरहेको स्थिति देखिन्छ । समग्रमा वर्तमान नेपाली साहित्यको विधागत स्थिति र प्राप्ति यिनै हुन् ।

आजको साहित्यमा साहित्य मात्र छैन । राजनीति, समाजशास्त्र, अर्थशास्त्र, मनोविज्ञान, कला, दर्शन, विज्ञानप्रविधि, साइबर सञ्चार, इतिहास आदि अनेकौँ विषयसँग आजको नेपाली साहित्य गाँसिएको छ । तसर्थ आजको नेपाली साहित्यमा अन्तर्विषयकता (Interdisciplinary) छ । आजको नेपाली साहित्यको मानक स्तर र गति केही रूपमा सन्तोषजनक नै भए पनि परिमाणात्मक वृद्धिका सापेक्षमा गुणात्मक वृद्धि कमै देखिन्छ । नेपाली साहित्यको गतिलाई अग्रता प्रदान गर्ने र दिशानिर्धारण गर्ने काम सचेत लेखकहरूले गरेका छन् । आज बहुलवादी संस्कृति र दर्शनको प्रवेश र प्रयोग भइरहेका सन्दर्भमा आजको नेपाली साहित्य पनि बहुलतापरक अवधारणाबाट प्रभावित छ (गौतम, सन् २०७३ : ८) । आजको नेपाली साहित्य नेपालको भूगोलभित्र मात्र सीमित छैन । विभिन्न मुलुकमा नेपाली

भाषीहरूको आप्रवासनसँगै यसको विस्तार भएको छ । यसलाई अनुवाद गरेर अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याएपछि मात्र नेपाली साहित्यको थप गति, दिशा र धारको निर्क्यौल अझ स्पष्ट हुन्छ । उपर्युक्त विशेषताहरूका आधारमा पछिल्लो समय नेपाली साहित्य समृद्धितर्फ अभिमुख भइरहेको देखिन्छ । प्रविधिको विकासले र स्रष्टाहरूको चेतनाको विकासले नेपाली साहित्य पनि विश्वबजारमा आफ्नो पहिचान बनाउन सक्ने अवस्थामा पुगिसकेको छ ।

## ४. नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणको सन्दर्भ

नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणको सन्दर्भको बारेमा धेरै पहिलेदेखि नै चर्चा हुने गरेको हो । नेपाली साहित्यले आधुनिक कालमा प्रवेश गरेपछि र विदेशी साहित्यको प्रभाव नेपाली साहित्यमा पर्न थालेदेखि नै साहित्यका विभिन्न विद्वान्हरूले चिन्ता र चासो राखेको पाइन्छ । नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण भन्नाले नेपाली साहित्यलाई विश्वका विभिन्न पाठकसमक्ष पुऱ्याउनु र नेपाली साहित्यका कृतिहरूलाई विश्वबजारसम्म पुऱ्याउनु भन्ने हुन्छ । आप्रवासी नेपालीहरूले नेपालबाहिर बसेर लेखेको साहित्यले र अहिले नेपाली डायस्पोराहरूले लेखेको साहित्यले नेपालको भूगोल र सिमाना काटेर विश्वको विभिन्न क्षेत्रमा फैलन पुगेको भए पनि नेपाली साहित्यको पहुँच विदेशी भाषीहरूका माझमा पुग्न सकेको देखिँदैन । नेपाली जाति विश्वभर फैलिएको वर्तमान परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय समुदायमा आफ्नो पहिचान कायम गर्नका लागि पनि भाषा साहित्यको विश्वव्यापीकरण तथा अन्तर्राष्ट्रियकरण अनिवार्य देखिन्छ । साहित्यको अन्तर्राष्ट्रियकरण गर्न डायस्पोरा साहित्यलाई भाषाले त्यति फरक नपारे पनि विदेशी पाठकहरूका माझमा पुऱ्याउन भाषाको सर्वोपरी भूमिका हुन्छ । त्यसैले नेपाली साहित्यको मानक कृतिहरूको अनुवाद हुन अति नै जरुरी हुन्छ । कम्तीमा अन्तर्राष्ट्रिय भाषाका रूपमा रहेको अङ्ग्रेजी भाषामा मात्र अनुवाद हुन सक्यो भने पनि नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण सहज देखिन्छ । यसरी हेर्दा नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका दुईवटा स्वरूप देखिन्छन्, जुन यसप्रकार छन् :

(क) नेपाली साहित्यका कृतिहरूलाई विश्वका विभिन्न भाषामा अनुवाद गरी विश्वबजार र विश्वका धेरैभन्दा धेरै पाठकहरूमाझ पुऱ्याएर गरिने अन्तर्राष्ट्रियकरण

(ख) नेपाली साहित्यलाई देशभित्र मात्र सीमित नराखी विश्वका विभिन्न ठाउँ (जहाँजहाँ नेपाली स्रष्टाहरू छन्) बाट लेखेर र विश्वभरि प्रचारित भएर हुने अन्तर्राष्ट्रियकरण ।

माथि प्रस्तुत गरिएका दुईवटा स्वरूपमध्ये पहिलोमा भनिएको अन्तर ाष्ट्रियकरणले नेपाली साहित्यलाई नेपाली भाषा, नेपाली पाठक र नेपाली बजारमा मात्र सीमित नराखी अन्य भाषाहरूमा समेत अनुवाद गरेर नेपाली साहित्यको विस्तार गर्दै विश्व साहित्यमा नेपाली साहित्यको पहिचान स्थापित गराउने भन्ने बुझिन्छ । नेपाली साहित्यलाई विश्वव्यापीकरण गर्न नेपाली साहित्यको स्तरीय कृतिहरूको चयन गरी तिनको अनुवाद, सम्पादन, प्रकाशन र वितरणको उचित प्रबन्ध मिलाउनुका साथै तत्तत् भाषी मुलुकमा पुऱ्याएको खण्डमा मात्र नेपाली साहित्यको स्तर विश्वसामु परिचित हुन्छ (लुइटेल, २०७३ : ४८१) भन्ने उद्देश्य पहिलो बुँदाको हुन्छ भने दोस्रो बुँदामा भनिएको अन्तर्राष्ट्रियकरणले नेपाली साहित्यको विस्तार स्वदेशमा मात्र सीमित नरही विश्वका विभिन्न देशमा पुग्नु भन्ने हुन्छ । नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणमा 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज' ले महत्त्वपूर्ण कामहरू गरिसकेको छ । यस संस्थाको स्थापनापश्चात् सङ्गठित रूपमा नै नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण भएको देखिन्छ, जुन कुरा अनेसासका आजसम्मका गतिविधिहरूले प्रस्ट पारेका छन् ।

अनेसासले विश्वका विभिन्न देशमा बसेर साहित्य लेख्ने साहित्यकारहरूलाई एकत्रित गरी अन्तर्राष्ट्रिय सम्मेलनहरू गर्नु, नेपाली डायस्पोरालाई इतिहासबद्ध र व्यवस्थित गर्नु, साहित्यिक पत्रपत्रिका तथा कृतिहरू प्रकाशन गर्नु, विभिन्न देशमा बसोबास गर्ने साहित्यकारहरूलाई समय-समयमा एउटै मञ्चमा भेला गरी साहित्यिक अन्तर्क्रिया गर्नुजस्ता कामहरू गरी अनेसासले नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणमा महत्त्वपूर्ण योगदान दिएको छ । अब नेपाली डायस्पोरा साहित्यले नेपाली भाषामा मात्र सीमित नरही जुन-जुन देशको डायस्पोराका रूपमा चिनिएको हो तत्तत् देशको भाषामा पनि साहित्य लेखाइ वा अनुवाद गराइ नेपाली साहित्यलाई विश्वस्तरमा पुऱ्याउनुपर्ने आवश्यकतातर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५. नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका प्रयासहरू

हरेक मान्छे, जाति, भाषा, संस्कृति र भूगोलका आफ्नै मौलिक पहिचान र

विशेषता हुन्छ। त्यही पहिचान र विशेषताका कारण नै ती अरूभन्दा पृथक् हुन्छन्। वर्तमान अवस्थासम्म आइपुग्दा नेपाली साहित्यले पनि आफ्नो गौरवपूर्ण इतिहास बनाइसकेको छ। यसको आफ्नै मौलिक विशेषता र पहिचान पनि छ। नेपाली साहित्यको यस्तो आफ्नै मौलिक विशेषता र पहिचानलाई आफैमा मात्र सीमित नराखी विश्वसामु चिनाउनु राष्टका लागि अपरिहार्य हुन्छ। भाषा, साहित्य र कला भनेको देशको गरिमा, सम्पदा र पहिचान पनि हुन्। त्यसैले अन्तर्राष्ट्रिय स्तरमा देशलाई चिनाउन देशको गरिमा बढाउनका लागि पनि हाम्रा कला-साहित्यले अन्तर्राष्ट्रिय बजारमा स्थान बनाउन आवश्यक हुन्छ। यसै आवश्यकतालाई बोध गरेर धेरै पहिलेदेखि नै नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणको चर्चा चलेको र त्यसका लागि केही प्रयास पनि भएको देखिन्छ। नेपाली साहित्यकारहरूको टोली विभिन्न देशका साहित्यिक कार्यक्रमहरूमा भाग लिन जानु, विदेशी साहित्यकार तथा कलाकारलाई पनि नेपालमा बोलाउनु, विदेशी भाषाका कृतिहरू नेपाली भाषामा अनुवाद गरिनु, नेपाली भाषाका कृतिहरूलाई अङ्ग्रेजी तथा अन्य भाषामा अनुवाद गरिनुजस्ता प्रयासहरू पहिले पनि नभएका होइनन्, तर अनेसासको स्थापनापछि यस प्रयासले केही फरक रूपमा नै भने पनि निरन्तरता पाएको छ। यसरी हेर्दा नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका प्रयासलाई निम्नलिखित दुई चरणमा राखेर चर्चा गर्नु उपयुक्त हुन्छ :

(क) अनेसासको स्थापनापूर्व अन्तर्राष्ट्रियकरणका लागि भएका प्रयास

(ख) अनेसासको स्थापनापश्चात् अन्तर्राष्ट्रियकरणका लागि भएका प्रयास

## ५.१ अनेसासको स्थापनापूर्व अन्तर्राष्ट्रियकरणका लागि भएका प्रयास

नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय पाठकसम्म पुऱ्याउनु पर्दछ भन्ने विषयले चर्चा पाएको प्रजातन्त्रको स्थापना कालदेखि नै हो। नेपाल सरकारद्वारा सञ्चालित नेपाल प्रज्ञा-प्रतिष्ठान (तत्कालीन नेपाल रोयल एकाडेमी) को स्थापनासँगै यस विषयले नीतिगत रूपमा नै प्रवेश पाएको देखिन्छ। नेपाली साहित्यलाई अन्तर ाष्ट्रियकरण गरिनुपर्दछ भन्ने चेतना तत्कालीन साहित्यकारहरूमा पनि थियो र सबैभन्दा बढी चेतनाको तीव्रता महाकवि लक्ष्मीप्रसाद देवकोटामा रहेको देखिन्छ। नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन उनले हरतरहले प्रयास गरेको देखिन्छ। यस क्रममा उनले अङ्ग्रजी भाषामा नै प्रशस्त कविताहरू सिर्जना गरेका

थिए (श्रेष्ठ, २०७० : १०३) भने नेपाली साहित्यमा नै नेपाली महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा पूर्वीय पौराणिक आख्यानमा आधारित महाकाव्य **सकुन्तला** अङ्ग्रेजी भाषामा लेखे । यो महाकाव्य लेखनको उनको मुख्य उद्देश्य नेपाली वा पूर्वीय सन्दर्भको विषयलाई अन्तर्राष्ट्रिय जगत्सम्म पुऱ्याउनु हो । २००७ सालमा हिन्दी भाषी कविता सम्मेलन नेपालमा गरिनु, २०११ र २०१३ मा एसियाली लेखक सम्मेलनमा देवकोटा आफै नेपाली लेखकहरूको प्रतिनिधित्व गरी भारतको नयाँ दिल्लीमा भाग लिन जानु तथा यसबाहेक चेकोस्लाभाकिया, रुस (सोभियतसङ्घ) र चीनको साहित्यिक भ्रमण गरी आफ्ना विचारले विदेशी साहित्यकारहरूलाई प्रभावित बनाएको प्रसङ्गले पनि नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणमा सरकारी क्षेत्रका साथै वैयक्तिक प्रयास पनि भएको देखिन्छ ।

२०१४ सालमा स्थापना भएको नेपाल प्रज्ञा-प्रतिष्ठानले आफ्ना प्रारम्भकालीन दिनबाट नै अन्तर्राष्ट्रिय सम्बन्धका लागि विशेष चासो राखेको देखिन्छ । नेपाल प्रज्ञा-प्रतिष्ठानले अगाडि बढाएको अन्तर्राष्ट्रिय सम्बन्ध भाषा, साहित्य, संस्कृति, दर्शन र कला क्षेत्रमा मात्र केन्द्रित देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा आफ्नो कला, साहित्य र संस्कृतिको पहिचान बढाउने र अन्तर्राष्ट्रिय क्षेत्रहरूका त्यस्ता विषयहरूसँग पनि अवगत हुने उद्देश्यले प्रज्ञा-प्रतिष्ठानले अन्तर्राष्ट्रिय सम्बन्धलाई विशेष प्राथमिकता दिँदै आए पनि यस क्षेत्रमा अपेक्षाकृत रूपमा उपलब्धि हासिल गर्न भने सकेको छैन । प्रतिष्ठानले विशेष गरी विदेशी सङ्घसंस्थाहरूबाट आएको निमन्त्रणालाई स्वीकार गरी अन्तर्राष्ट्रिय सभा, सेमिनार, गोष्ठी र सांस्कृतिक कार्यक्रममा भाग लिनका लागि त्यसतर्फ विद्वान् तथा कलाकारहरू पठाउने र अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा व्यक्तिहरूलाई गोष्ठी, सेमिनार र कार्यक्रमहरूका लागि बोलाउने कार्य बेलाबखतमा गर्दै आएको छ । प्रज्ञा-प्रतिष्ठानको यस किसिमको अन्तर्राष्ट्रिय सम्बन्ध प्रारम्भदेखि अहिलेसम्म नै नियमित किसिमले अगाडि बढेको देखिन्छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय सम्बन्ध अगाडि बढ्दै आएको हुनाले यसको इतिहास पनि लामो देखिन्छ । प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा पहिलोपटक कहिले र कस्तो नीति बनाइएको थियो भन्ने सम्बन्धमा तथ्य र प्रमाणहरूको अभाव भएकाले यकिनका साथ भन्न सकिने स्थिति नदेखिए पनि २०१८ सालमा सोमनाथ शर्मा, बालकृष्ण सम, सिद्धिचरण

श्रेष्ठ, यज्ञराज सत्याल, लैनसिंह बाङ्देल, भवानी भिक्षु, माधवप्रसाद घिमिरे र सूर्यविक्रम ज्ञवालीको उपस्थितिमा बसेको बैठकले देशविदेशमा नेपाली साहित्यिक तथा सांस्कृतिक प्रतिनिधि मण्डल पठाइरहनुपर्ने हुनाले र हाम्रो देशमा एकेडेमीले कलाको विकासका लागि केही काम नगरिनहुने देखिएकाले रकमको छुट्टै निकासाका निम्ति बिन्ती चढाइएको (२०१८ साउन ४ गते बसेको बैठकको माइन्युटबाट) भन्ने आशयबाट नेपाल प्रज्ञा-प्रतिष्ठानले त्यसअघिदेखि नै अन्तर्राष्ट्रिय सम्बन्ध र कलासाहित्यको आदानप्रदानमा काम गरिसकेको भन्ने बुझ्न आउँछ । यसरी अन्तर्राष्ट्रिय सम्बन्धका क्रममा सबैभन्दा पहिले संयुक्त सोभियतसङ्घ रुससँग नेपाल प्रज्ञा-प्रतिष्ठानको सुमधुर सम्बन्ध रहेको र एक-अर्को देशका बिचमा साहित्य, कला, संस्कृतिको आदानप्रदान हुने गरेको देखिन्छ । प्रतिष्ठानले पछिल्लो समय अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार समिति नामको नयाँ विभाग निर्माण गरेर विश्वका विभिन्न प्राज्ञिक सङ्घसंस्थासँग सम्बन्ध स्थापित गर्दै भाषा, साहित्य, कला, सङ्गीत, दर्शन, इतिहास राजनीतिशास्त्र, समाजशास्त्र, मानवशास्त्रसँग सम्बन्धित प्राज्ञिक र सांस्कृतिक विषयको आदानप्रदान गर्नुका साथै भारतीय नेपाली तथा डायस्पोरा साहित्यको अध्ययन र विस्तारलाई पनि अघि बढाउने लक्ष्य लिएको देखिन्छ ।

नेपालस्थित रुसी राजदूतावासले औपचारिक रूपमा एकेडेमीका सदस्यहरूलाई बारम्बार सम्मानपूर्णक आमन्त्रण गरी साहित्य, कला, संस्कृति आदिका सम्बन्धमा विचार आदानप्रदान गर्ने गरेकाले नेपाल एकेडेमीले पनि उनीहरूलाई आमन्त्रण गरी शिष्टाचार निर्वाह गर्नुपर्ने हुनाले नेपालका र उनीहरूका केही सङ्गीतकार, कलाकारहरूलाई डाकेर सङ्गीतविषयक गोष्ठी गर्ने निर्णय २०१८ साउन ४ गते गरिएको थियो । २०२० जेठ २ गते सोभियत सङ्घबाट आएका साहित्यकारहरूको सम्मानमा तत्कालीन श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्व विभागको अनुरोधमा नेपाल रोयल एकेडेमीले साहित्य सम्मेलनको आयोजना गरेको थियो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानले अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार गर्दै जाने अवधारणाअनुरूप विभिन्न कार्य गरेको देखिन्छ । अन्तर्राष्ट्रिय देशहरूबाट कला, साहित्य, संस्कृतिको आदानप्रदानका लागि गरेको निमन्त्रणमा भाग लिन जानु, उनीहरूलाई पनि विविध कार्यक्रमहरूको आयोजना गरी नेपालमा बोलाउनु, संयुक्त रूपमा गोष्ठी, सेमिनार गर्नु, संस्कृति, साहित्य र कलाका विविध पक्षहरूमा विचार

तथा अनुभव साटासाट गर्नुजस्ता क्रियाकलाप नेपाल प्रज्ञा-प्रतिष्ठानले सुरुदेखि नै गर्दै आएको छ । यसरी वैदेशिक सम्बन्धलाई निरन्तरता दिँदै आएको भए पनि यसबाट अपेक्षाकृत रूपमा सफल हुन सकेको भने देखिँदैन ।

नेपाल प्रज्ञा-प्रतिष्ठानबाहेक अन्य साहित्यिक सङ्घसंस्था र केही व्यक्तिगत रूपमा नै पनि नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि बेलाबखतमा प्रयासहरू नभएका होइनन् तर ती प्रयासहरू पर्याप्त छैनन् । यी प्रयासहरू केवल औपचारिकताका रूपमा मात्र आदानप्रदान भएका देखिन्छन् । पछिल्लो समयमा भने यो विषयमा प्रशस्त बहसहरू हुन थालेका छन् र सचेत लेखक तथा प्रकाशकहरूको यसतर्फ ध्यान गएको छ भने केही कामको थालनी पनि भएको छ ।

## ५.२ अनेसासको स्थापनापश्चात् अन्तर्राष्ट्रियकरणका लागि भएका प्रयास

सन् १९९० मा अमेरिकाको वासिङ्टन डि.सी.मा साहित्यकार होमनाथ सुवेदीको अध्यक्षतामा स्थापना भएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले आज झण्डै तीन दशक लामो इतिहास बनाइसकेको छ । विश्वका विभिन्न देशमा बसेर साहित्य लेखिरहेका नेपाली साहित्यकारहरूलाई समेटेर नेपाली डायस्पोरा साहित्यको सम्बर्द्धन र विकास गर्नु नै यस संस्थाको मुख्य उद्देश्य देखिन्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित नेपाली साहित्य नै नेपाली डायस्पोरा साहित्य हो । डायस्पोरा साहित्यकै कारण नेपाली साहित्यले आज अन्तर्राष्ट्रिय परिवेशमा आफूलाई गतिशील बनाउने अवसर पाएको छ र यो नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका लागि ठुलो प्राप्ति हो ।

अनेसासको यो गौरवमय तिस वर्षको अवधिमा यो संस्थाले विश्वका पचासवटा देशमा आफ्नो शाखा विस्तार गरिसकेको छ । यी पचासवटा देशमा सयभन्दा बढी च्याप्टरहरू बन्नु, सोह्र सयभन्दा बढी सदस्यसङ्ख्या रहनु यस संस्थाको सफल पक्ष हो । यसरी विश्वभरि फैलिएको नेपाली डायस्पोरा साहित्यलाई नेपाली साहित्यको मूलधारमा समाहित गराउन सक्नु अनेसासको सबैभन्दा ठुलो योगदान हो । साहित्यको विकास र विस्तारको एउटा महत्त्वपूर्ण आधार संस्थागत विकास र विस्तार पनि हो । यस्तो संस्थागत विकास र विस्तारले एकातिर स्रष्टाहरूलाई एकताबद्ध गराउँछ भने अर्कातिर संस्थागत रूपमा सम्पन्न गरिने कुनै पनि कार्यले आधिकारिकता र वैधानिकतासमेत प्राप्त गर्छन् । अन्तर्राष्ट्रिय

नेपाली साहित्य समाजको स्थापना भएपछि डायस्पोरा नेपाली साहित्यले संस्थागत रूपमा विकास हुने अवसर पाएको हो भने विभिन्न मुलुक र तिनका प्रान्तहरूमा यसका शाखाका रूपमा विभिन्न च्याप्टरहरूको गठन भएपछि डायस्पोरा नेपाली साहित्यको अन्तर्राष्ट्रिय विस्तार भएको हो ।

समग्रमा अनेसासले समय-समयमा विश्वका विभिन्न मुलुकहरूमा विशेष अन्तर्राष्ट्रिय साहित्यिक सम्मेलन तथा उत्सवहरू गराउनु, विदेशी भूमिमा लेखिएका विभिन्न विधाका साहित्यिक कृतिहरू प्रकाशन गर्नु, सर्वोत्कृष्ट कृति पुरस्कारजस्ता पुरस्कारहरू स्थापना गर्नु, **अन्तर्दृष्टि** र **अनेसास दर्पण**जस्ता पत्रिकाको प्रकाशन गर्नुजस्ता काम गरी नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण वा विश्वव्यापीकरणमा यस संस्थाले उल्लेखनीय भूमिका खेलेको देखिन्छ (लुइटेल, २०७३ : ४८३) । अन्तर्राष्ट्रिय क्षेत्रमा रहेर अनेसासले थोरै समयमा जे-जति काम गरेको छ, त्यो प्रशंसनीय भए पनि यसका अगाडि अझै धेरै जिम्मेवारीहरू छन् । विभिन्न मुलुकमा रहेका अनेसास च्याप्टरहरूमार्फत नेपाली साहित्यका मानक रचना/कृतिको अनुवाद गराएर विश्वबजारमा नेपाली साहित्यलाई सम्मानजनक रूपमा उपस्थित गराउन जरुरी देखिन्छ । कतिपय नेपाली कृतिहरू अङ्ग्रेजी, रसियाली, डच, कोरियाली, जापानी आदि भाषामा अनुवाद भएका छन् भने कतिपय कृति द्विभाषिक रूपमा पनि प्रकाशित छन् । कतिपय नेपाली स्रष्टाका अङ्ग्रेजीमा लेखिएका कृति र केही अनूदित कृतिहरू आएका छन् तापनि ती पर्याप्त छैनन् । यसलाई अझ अग्रगतिका साथ अगाडि बढाउन अनेसासमा अनुवाद विभाग नै खडा गरेर केही प्रारम्भिक कार्य गर्नुपर्ने देखिन्छ । डायस्पोरा नेपाली साहित्यका उत्कृष्ट ठहरिएका कृतिहरूलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याएर चिनाउन सकिएको खण्डमा डायस्पोरा नेपाली स्रष्टा र समग्र नेपाली स्रष्टाको पहिचान नेपालीभाषीहरूको चौघेराबाट माथि उठेर विश्व साहित्यमा देखाउन सकिन्छ ।

यसरी नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउन अनेसासको भूमिका अवश्य पनि बढी हुन्छ । सयओटा कृतिहरू छापेर किताबको सङ्ख्या मात्र बढाई आत्मरतिमा रमाउनुभन्दा दशओटा उत्कृष्ट कृतिहरू छापेर अनुवादसमेत गरी नेपालीइतर भाषीका माझ पुऱ्याउनु बढी श्रेयष्कर हुन्छ र यो कार्य गर्न डायस्पोरा नेपाली स्रष्टालाई बढी सहज देखिन्छ । समग्र नेपाली साहित्य र डायस्पोरा नेपाली साहित्यका उत्कृष्ट कृतिहरूलाई अङ्ग्रेजीमा अनुवाद गरेर विश्वसमुदायमा

नपुऱ्याएसम्म हाम्रो साहित्यिक पहिचान हामीमा मात्र सीमित हुनेछ भन्ने कुरा मनन गर्नु आवश्यक छ । नेपाली डायस्पोरा साहित्यको मूल प्रवाहीकरण र अन्तर्राष्ट्रियकरणको एउटा महत्त्वपूर्ण आधार यो पनि हो ।

## ६. नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणको स्थिति

नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण भौगोलिक रूपमा जुन प्रकारले भएको छ, भाषिक अर्थात् अनुवादका रूपमा पनि त्यसै रूपमा हुनुपर्दछ । तर अनुवादका माध्यमबाट चाहिँ अत्यन्त न्यून रूपमा भएको देखिन्छ । नेपाली साहित्यले आधुनिक कालमा प्रवेश गरेदेखि नै नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका लागि सरकारी, संस्थागत र व्यक्तिगत रूपबाट विभिन्न प्रयासहरू हुँदै आएको देखिन्छ, तर ती प्रयासहरूले खासै उपलब्धि हासिल गर्न सकेको छैन । नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका लागि प्रयास थालिएको सात दशकभन्दा बढी भए पनि यस क्षेत्रमा खासै उल्लेखनीय कामहरू हुन नसक्नु दुःखद पक्ष हो ।

नेपाली साहित्यले विश्व बजारमा प्रवेश गर्न नसक्नु अर्थात् विदेशी पाठकहरूलाई आकर्षित गर्न नसक्नुमा यसको स्तरीयता र विश्वसनीयतामा पनि भर पर्छ । मनमा आएका भावना, अनुभूति, भोगाइ, आवेग र संवेदनाको सामान्य पोखाइ मात्र पनि साहित्य होइन र सामान्य हल्काफुल्का लेखनबाट साहित्यको विश्वबजारमा समग्र नेपाली साहित्य र डायस्पोरा नेपाली साहित्यलाई पुऱ्याउन सकिँदैन । सामान्य सिर्जना गरेर सानो वृत्तमा आफ्नो उपस्थिति देखाउन त सकिएला तर विश्व साहित्यमा त के समग्र नेपाली साहित्यमा पनि टाढैबाट चिनिने गरी पृथक् पहिचान दिनका लागि समेत निकै कठिन हुन्छ । यस्तो स्थितिमा अब हामीले विश्व साहित्यका सामु आफ्नो सशक्त उपस्थिति देखाउन ढिला भइसकेको छ । समग्र नेपाली साहित्यका उत्कृष्ट कृतिलाई अङ्ग्रेजीमा अनुवाद गरेर अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउनका लागि नेपालको सरकारी निकायबाट खासै उल्लेख्य काम नभएको र निजीस्तरमा भएका केही प्रयासहरू पनि अत्यन्त कम भएको वर्तमान स्थितिमा समग्र नेपाली साहित्य र विशेषतः डायस्पोरा नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरण गर्नु नितान्त आवश्यक छ ।

अनेसास र यसका अनेक च्याप्टरहरूका अतिरिक्त पनि विभिन्न मुलुकमा विभिन्न नामले धेरै साहित्यिक संस्थाहरू खुलेका छन् । बेलायतका समकालीन

साहित्य प्रतिष्ठान, नेपाली साहित्य विकास परिषद्, प्रतिभा प्रतिष्ठान; प्रवासी नेपाली साहित्य समाज बेलायत; बेल्जियमको नेपाली सांस्कृतिक समाजलगायतका संस्थाहरू; यु.ए.ई.का आकृति युवा साहित्यिक परिवार, नेपाली साहित्य परिषद् यु.ए.ई.लगायतका संस्थाहरू; म्यान्मारका अखिल म्यान्मा देशीय गोर्खा हिन्दू धार्मिक सङ्घलगायतका संस्थाहरू; हङकङका नेपाली साहित्य प्रतिष्ठान, सृजनशील साहित्य समाज, जनजाति साहित्य समाज, हङकङ नेपाली साहित्य तथा पाठ्यक्रम विकास परिषद् साहित्यिक चौतारी इजरायल आदि अनेकौं साहित्यिक सङ्घसंस्थाहरू विभिन्न मुलुकमा क्रियाशील छन् । डायस्पोरा नेपाली साहित्यको संस्थागत तथा सिर्जनात्मक विकास र विस्तारमा यी र यस्तै साहित्यिक संस्थाहरूको योगदान पनि अत्यन्त महत्त्वपूर्ण देखिन्छ । यीमध्ये कतिपय संस्थाहरू कम सक्रिय रहे पनि तत्स्थानिक तहमा रहेर साहित्यिक प्रबर्द्धनमा तिनको भूमिका उल्लेखनीय देखिन्छ । यस्ता संस्थाहरूले पनि सङ्गठनात्मक रूपमा नेपाली साहित्यको सम्बर्द्धनमा योगदान पुऱ्याएका छन् र यसका साथै अब नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरणका लागि पनि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज र डायस्पोरामा रहेका अन्य संस्थाहरू क्रियाशील हुनुपर्ने देखिन्छ ।

## ७. निष्कर्ष

साहित्यका विभिन्न विधा, उपविधा, साहित्यमा प्रयुक्त नवीन प्रयोग र यसको भौगोलिक रूपमा भएको विस्तारले वर्तमान नेपाली साहित्यको मूलप्रवाह व्यापक र गतिशील बनेको छ । बहुलवादी चिन्तन र सांस्कृतिक चेतनाको प्रयोग हुनु, विधागत दृष्टिले बहुआयामिक हुनु, प्रकाशनको सङ्ख्यामा वृद्धि हुनु, विधागत विकास र विस्तारमा एकरूपता नदेखिनु, नेपालको भूगोलभित्र मात्र सीमित नभई विश्वको कुना-कुनासम्म विस्तार हुनु, अनुवादको प्रयास भए पनि यथेष्ट हुन नसक्नु, प्रविधिका माध्यमबाट विभिन्न साहित्यिक समूहको निर्माण गरी विश्वव्यापी बनाउनु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका साहित्यिक उत्सव, सम्मेलन, गोष्ठी तथा कार्यक्रमहरूमा साहित्यका विविध पक्षमाथि बहस तथा अन्तर्क्रिया हुनु र स्रष्टाहरूमा साहित्यिक सचेतनाको विकास हुनु र साहित्यमा अन्तर्विषकताको प्रयोग गरिनु वर्तमान नेपाली साहित्यको मुख्य विशेषता हो । यिनै विशेषताहरूलाई सुदृढ बनाउँदै वर्तमान नेपाली साहित्य अगाडि बढेको छ । नेपाली

स्रष्टाहरूको मातृभूमि छाडेर विदेशी भूमिमा स्थानान्तरण हुने प्रक्रियाले नेपाली साहित्यको विश्वव्यापीकरण त भएको छ तर यो केवल भौगोलिक रूपमा मात्र भएको अन्तर्राष्ट्रियकरण हो । यसले नेपाली साहित्यलाई नेपालीभाषी पाठकहरूमा मात्र सीमित बनाउँछ । नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भाषा हो । विश्वका विभिन्न भाषामा अनुवाद भएर नेपाली साहित्य विश्वका पाठकको हातमा नपुगेसम्म र विभिन्न देशका अन्तर्राष्ट्रिय साहित्यिक संस्थाहरूसँग सहकार्य नभएसम्म नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणले सही दिशा र गति लिन सक्ने अवस्था देखिँदैन ।

## सन्दर्भसूची :


अधिकारी, ज्ञानु (२०७४), **साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना**, काठमाडौँ : साझा प्रकाशन ।

................., (२०७४). **गोष्ठी, सहयोग र अन्तराष्ट्रिय सम्बन्ध**, संयो. दिनेशराज पन्त, 'नेपाल प्रज्ञा-प्रतिष्ठानको गौरवमय साठी वर्ष', काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

एटम, नेत्र (२०७२), **डायस्पोरिक नेपाली साहित्यको उपलब्धिको सर्वेक्षण**, नेपाल प्रज्ञा-प्रतिष्ठान र गैरआवासीय नेपाली सङ्घको आयोजनामा असोज २१ मा काठमाडौँमा सम्पन्न गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

गौतम, भारती र अन्य (सम्पा.), 'प्रथम अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन', **स्मारिका**, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

..........., (२०७३), **वर्तमान नेपाली साहित्यको मूलप्रवाहमा डायस्पोरा साहित्य**, अन्तर्राष्ट्रिय साहित्य समाजद्वारा सेप्टेम्बर ९-१० मा अस्ट्रेलियाको पर्थमा आयोजित अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा प्रस्तुत सम्मेलन पत्र ।

प्रसाईं, नरेन्द्रराज र इन्दिरा प्रसाईं (सम्पा.) (२०६७), **नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार**, काठमाडौँ : त्रिमूर्ति निकेतन ।

बजगाईं, कृष्ण (सम्पा.) (२०६६), **स्रष्टा र डिजिटल वार्ता**, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाज, वासिङ्टन डिसी ।


भट्टराई, गोविन्दराज (२०६४), **उत्तरआधुनिक विमर्श**,. काठमाडौँ : मोर्डन बुक्स ।
............ (२०७३), 'साहित्यमा डायस्पोरा : सिद्धान्त र समालोचनाको स्वरूप', **अनेसासको इतिहास**, (सम्पा.) होमनाथ सुवेदी र अन्य. अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।
राई, रक्ष र मिजास तेम्बे (२०७२), **डायस्पोरा सिद्धान्त : रचना र समालोचना**, काठमाडौँ : गोर्खा बुक्स पब्लिकेसन ।
लुइटेल, खगेन्द्रप्रसाद (२०७३), 'नेपाली डायस्पोरा साहित्य, विश्वव्यापीकरण र अनेसास', **अनेसासको इतिहास**, (सम्पा.) होमनाथ सुवेदी र अन्य, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।
श्रेष्ठ, वसन्त (२०७०), 'नेपाली साहित्यको विकासमा महाकवि देवकोटाको अन्तर ाष्ट्रिय अभ्यास', **अनेक डायस्पोराको साहित्य**, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।
सुवेदी, होमनाथ (२०६५). **समुद्रपारका समालोचना**, वासिङ्टन डिसी : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।
............ र अन्य (सम्पा.) (सन् २०१३), **अनेक डायस्पोराको साहित्य**, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।
.............. र अन्य (सम्पा.) (२०७३), **अनेसासको इतिहास**, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

**अन्य सामग्री :**

अनेसासबाट प्रकाशित विभिन्न पुस्तक र **अन्तर्दृष्टि** पत्रिका, विभिन्न अनलाइन सामग्री र अन्तर्वार्ताहरू, विभिन्न विद्वान्हरूका विभिन्न समयका नेपाली साहित्यसम्बन्धी कार्यपत्रहरू ।

●

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**International Nepali Literary Society (INLS)**



# छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन २०१९

**6th Int'l Nepali Literary Convention 2019**

३-५ अगस्ट, २०१९ | लन्डन, बेलायत

## ६ बुँदे लन्डन घोषणा-पत्र २०१९

१) नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणका लागि स्तरीय कृतिहरूको चयन गरी विभिन्न भाषामा अनुवाद गर्ने कार्यलाई निरन्तरता दिने ।

२) विज्ञहरूसँग परामर्श गरी डायस्पोराका नेपाली साहित्यकारहरूको इतिहास तयार गर्ने ।

३) नेपाली भाषा साहित्यका विशिष्ट स्रष्टाहरूको पहिचान गरी सम्मानलाई निरन्तरता दिने ।

४) डायस्पोराका बालबालिकाहरूलाई नेपाली भाषा पठनपाठनको व्यवस्था गरी पाठ्यसामग्रीलाई आवश्यकताअनुसार युगानुकूल तुल्याउने ।

५) अनेसास, केन्द्रीय कार्य समितिले च्याप्टरहरूसँग आवश्यक समन्वय गरी च्याप्टर तथा आजीवन सदस्यहरूको तथ्याङ्क अध्यावधिक गर्ने ।

६) विभिन्न विश्वविद्यालय तथा सङ्घ-संस्थाहरूसँग आवश्यक समन्वय गरी भाषा साहित्यको उन्नयनमा सहकार्य गर्नका लागि अनेसासलाई अनुसन्धान केन्द्रका रूपमा विकास गर्दै लैजाने ।

**घोषणा-पत्र समिति** : **संयोजक** : **प्रकाश पौडेल 'माइला'**

सदस्यहरू : सुमलकुमार गुरूङ
लालगोपाल सुवेदी
राजकुमार पुडासैनी
राजेन्द्र श्रेष्ठ 'राज'
लतिका जोशी
सन्ध्या पहाडी

# उफान



● **माया ठकुरी**
सल्लाहकार, अनेसास

कथा

बिदाको दिन परेको हुनाले मुग्धा अलि ढिलो उठेकी थिइन् ।

उनको पति शिवम् र बि.बि.ए. प्रथम वर्षमा अध्ययनरत छोरो सुशान्त र कक्षा बाह्रमा पढ्दै गरेकी छोरी सुस्मिता हिजो राती अबेरसम्म बसेर टिभी हेरेको हुनाले बिहान सात बज्न लाग्दासम्म पनि सुतिरहेका थिए । शिवम्को त बानी नै थियो ढिलो उठ्ने ।

मुग्धा उठेर बाथरुममा पसिन् र नुहाइवरी गुलाबी रङको मेक्सी लाएर बैठककोठाको दक्षिणपट्टि भएको बार्दलीमा गएर कपाल बाँधेको तौलिया हटाइन् । त्यसपछि उनले आफ्नो बाक्लो कालो केशलाई औँलाले बिस्तारै-बिस्तारै छुट्याउँदै तौलियाले पुछ्न थालिन् । भिजेको केशबाट तप-तप पानी तप्किएर उनको ढाडलाई भिजाइरहेको थियो ।

त्यसरी नै एकाग्र भएर केश पुछ्ने क्रममा हठात् मुग्धाको दृष्टि आफ्नो नयाँ छिमेकीको घरको बार्दलीमा गएर अडियो । त्यहाँ एउटा नौलो युवक, जो सत्ताइस-अट्ठाइस वर्षको झैँ देखिन्थ्यो, बार्दलीमा उभिएर निर्निमेष दृष्टिले मुग्धालाई हेरिरहेको थियो । त्यसरी त्यो युवकले आफूलाई एकोहोरो किसिमले हेरिरहेको देखेर मुग्धालाई असजिलो लाग्यो । एकछिनपछि मुग्धाले फेरि नजर उठाएर छिमेकीको बार्दलीमा हेर्दा त्यो युवक अझै पनि उस्तरी नै उनी भएतिर नै आँखा गाडेर उभिइरहेको थियो । युवकको एकोहोरो हेराइले उनलाई असजिलो लाग्यो र त्यसैकारण अन्य दिनजस्तो अलिबेरसम्म त्यहाँ उभिएर केश सुकाउन छोडेर उनी घरभित्र पसिन् ।

अलि बेरपछि शिवम् र छोराछोरीहरू पनि उठे र आ-आफ्नो नित्यकर्म सिध्याइवरी बिहानको खाजा खानका लागि डाइनिङ टेबल वरिपरि बसे ।

"बजार गएर मैले के-के ल्याउने हो एउटा लिस्ट बनाएर देऊ ।" शिवम्ले पत्नीतिर हेरेर भने ।

"बाबा...! आज रहु माछा ल्याउनुस् न ... मलाई त माछाको झोलसँग भात खान मन लागेको छ ।" शिवम् सामान किन्न जान लागेको देखेर सुस्मिताले भनेकी थिई ।

"हुन्छ, हुन्छ । आज माछा नै लिएर आउँला । माछा त तिम्री मम्मीलाई पनि मन पर्छ ।" शिवम्ले छोरीको कुरालाई सहर्ष स्विकार्दै भने ।

"तिमीलाई त यो मेक्सी खुबै सुहाएको छ नि । गोरो मान्छेलाई गुलाबी रङ निकै सुहाउँछ ।" शिवम्ले चिया पिउँदै गरेकी मुग्धातिर प्रशंसित दृष्टिले हेर्दै भनेका थिए ।

"मम्मी ! म आज कलेजका साथीहरूसँग दिउँसोको सो हेर्न जान्छु है ?" चिया खाजा खान बसेको क्षणदेखि नै हातमा भएको मोबाइल चलाइरहेको सुशान्तले अचानक आफ्नो मम्मीतिर हेरेर भनेको थियो ।

"बिदा भयो कि तिमीहरू आफैं प्रोगाम बनाउँछौ र हामीलाई सूचना मात्र दिन्छौ । कुन हलमा जाने ? को सँग जाने ? तेरा साथीहरूको मोबाइल नम्बर त्याँ नोटबुकमा लेख्नु ।" छोरोको कुरोको प्रतिउत्तरमा अलि गम्भीर भएर बोलेकी थिइन् मुग्धा ।

"मम्मी पनि बिनासित्तिमा... ! हामी त अब ठुलो भइसक्यौँ नि...। साना केटाकेटी होइनौँ के । होइन त बुबा ?" सुशान्तले शिवम्तिर हेरेर हाँस्दै भनेको हुन्छ ।

"हो ठिक भन्यो छोरोले । अब हाम्रा छोराछोरी ठुला भइसके । यिनीहरूले अब आफूले के गर्नुपर्छ र के गर्नु हुँदैन भनेर बुझिसकेका छन् ।" शिवम्ले भने ।

"तपाईं चाँहि जहिले पनि छोराछोरीलाई उचाल्नुस् । पछि कतै केही भयो भने चाहिँ मलाई दोष नलगाउनुस् । " मुग्धाले पतितिर हेरेर भनिन् ।

"म त आज मम्मीसँग वानेश्वर, सानो मम्मीको घरमा जान्छु र उताबाट फर्किंदा काठमाडौँ मलमा पसेर आफ्नो लागि जुत्ता पनि किन्छु ।" उत्साहित हुँदै बोलेकी थिई सुस्मिता ।

अर्को दिन बिहान मुग्धा सबेरै उठेर आफ्नो नित्यकर्म सिध्याइवरी घरायसी काममा व्यस्त भइन् ।

प्रायः साढे सात बजेतिर मुग्धाको घरमा दिनहुँ काम गर्ने घरेलु कामदार शर्मिला आइन् र मुग्धाले अह्राएको काम गर्न थालिन् ।

काम गर्दागर्दै कुनै कामको सिलसिलामा मुग्धालाई बार्दलीमा जान पर्दा उनले छिमेकीको बार्दलीमा उही हिजो आफूले देखेको युवकलाई देखिन् । ऊ

हिजोजस्तै यतै मुग्धाको बार्दलीतिरै हेरिरहेको थियो ।

मुग्धालाई त्यो युवकसँग भित्र-भित्रै रिस उठ्यो, त्यसकारण उनले कठोर दृष्टिले त्यस युवकको आँखामा हेरेकी हुन्छिन् । तर पनि युवक एकटक लाएर मुग्धातिरै हेरिरहेको थियो ।

“कस्तो सोमत नभएको मान्छे रहेछ ... !” युवकको अटेरपना देखेर मनमनै रोष प्रकट गर्दै मुग्धा घरभित्र पसेकी थिइन् ।

पहिलेका छिमेकीहरूसँग मुग्धाको परिवारको राम्रो परिचय थियो । उनीहरूमाझ बोलचाल मात्र होइन, कहिलेकाहीँ एकअर्काको घरमा आवतजावत पनि हुन्थ्यो ।

विशेष गरेर आ-आफ्ना करेसाबारीमा उब्जनी भएका तरकारी, फलफूल थोरै मात्रामा भए पनि उनीहरू बाँडीचुँडी खान्थे तर उनीहरूले कुनै कारणवश उनीहरू त्यो घर अरूलाई बेचबिखन गरेर अन्तै गए । केही दिनपछि नयाँ मानिसहरूले त्यो घरको मर्मत गरेर रङरोगन गरेपछि त्यसमा नयाँ छिमेकीहरू आएर बस्न थालेको पनि पन्ध्र-बीस दिन जति भइसकेको थियो ।

“त्यो घरमा बस्ने श्रीमान् श्रीमतीले पनि हजुरहरूजस्तै जागिर खाँदारहेछन् । छोराछोरी सबै विदेशमा पढ्न गएका छन् अरे ! धनी रहेछन् । गाडी पनि छ ।” शर्मिलाले सूचना ल्याएकी थिई मुग्धाको घरमा ।

“यो दिदीलाई त टोलको सबै घरको कुरो थाहा हुन्छ । होइन मम्मी ? शर्मिलाको कुरो सुनेर सुस्मिताले हाँस्दै आफ्नी मम्मीसँग भनेकी थिई ।

त्यसपछिका दिनहरूमा चाहिँ घर बसेको बेला भित्र बाहिर गर्नुपर्दा साँच्चै नै बडो असहज महसुस हुन लागेको थियो मुग्धालाई । “कस्तो मोरो रहेछ । बार्दलीमा त निस्कनै भएन जति बेला पनि यतैतिर आँखा ओछ्याएर उभिएको हुन्छ ।” युवकको एकोहोरो हेराइबाट आजित भएकी मुग्धा दिक्दार मान्दै, मनमनै सोच्ने गर्दथिन् ।

“ए छोरी ! तिमी बार्दलीमा धेरै ननिस्किनू है ! बार्दलीमा बसेर पढ्नु पनि पर्दैन । घरभित्र बसेर पढ्नू ।” एकदिन मुग्धाले छोरीसँग भनेकी हुन्छिन् ।

“किन मम्मी बार्दलीमा बसेर नपढ्ने ?” सहज स्वरमा सोधेकी थिई सुस्मिताले ।

“किन सोध्नुपऱ्यो दसवटा कुरा ? भित्रै बसेर पढे त भैगो नि ... । बार्दलीमा नै बसेर पढ्नपर्छ ?” एकाएक उत्तेजित भएर बोलेकी थिइन् मुग्धा ।

"ल... मम्मी त यसै रिसाउनु भयो । मैले त किन बार्दलीमा नबस्नु भन्नु भएको भनेर सोधेकी मात्र त हुँ नि ... ।" अँध्यारो अनुहार लाएर सुस्तरी भनेकी थिई सुस्मिताले ।

"होइन, होइन म तँसँग रिसाएकी होइन । त्यो छिमेकीको बार्दलीमा जहिल्यै पनि एउटा केटो उभिएर यतै हाम्रै घरतिर आँखा गाडेको हुन्छ । मलाई त त्यस्तो बानी मनै पर्दैन । त्यै भएर भनेको ।" मुग्धाले भनेकी हुन्छिन् ।

"ए...साँच्चै हो ? खोइ हेरौँ त म पनि ... ।" भन्दाभन्दै जुरुक्क उठेर बार्दलीमा जान तम्सेकी हुन्छे सुस्मिता ।

"लौ हेर न ..., कस्ती उत्ताउली भएकी । मैले नजा भनेपछि... । चुप लागेर बस् आफ्नो ठाउँमा ।" मुग्धाले अलि कठोर स्वरमा छोरीलाई हप्काएकी हुन्छिन् ।

हप्ता दिन जति हुन लागेको थियो त्यो अपरिचित युवकको अस्वाभाविक र उदण्ड स्वभावको कारणले गर्दा मुग्धाको मनमा त्यो युवकप्रति ज्यादै नै रोष उत्पन्न भएको थियो ।

"के म यो विषयमा शिवम्सँग कुरा गरूँ ? के भनूँ म उनलाई ? कतै शिवम्ले मेरो कुरोलाई त्यसै हाँसोमा उडाइदिने त होइनन् ...? यो अठ्चालिस बर्से उमेरमा मलाई केटोले हेर्‍यो भनेर कसरी पोल लाउने ? के गरौं ... ? अहँ, सुहाउँदैन मलाई यस्तो कुरो गर्न" उनी आफ्नै मनसँग तर्क गर्न थालेकी थिइन् ।

"मम्मी ! म एउटा कुरो भन्छु है त । नरिसाउनु नि...।" एकदिन बेलुकापख घरमा मुग्धा र सुस्मिता मात्र भएको बेला सुस्मिताले आफ्नो ओठको कुनाबाट अलि-अलि मुस्कान फुस्काउन खोज्दै मुग्धाको अघि भनेकी थिई ।

"रिसाउँदिन -रिसाउँदिन भन्न के कुरो हो ?" उत्सुकतापूर्वक प्रश्न गरेकी थिइन् मुग्धाले छोरीसँग ।

"त्यो केटो छ नि ... बार्दलीमा उभिने ... त्यसले के ... ।" भन्दाभन्दै मुग्धाको अनुहारमा उदाएको जिज्ञासालाई लक्ष्य गरेकी सुस्मिताले आफूले भन्दै गरेको कुरोलाई बिचैमा रोककी थिई ।

"भन न भन्या कुरो खालेर ... ।" मुग्धाले दिग्दार मान्दै भनेकी थिइन् ।

"ल  ल भन्छु । मैले आफैले टेस्ट गरेर के पत्तो लगाएँ भने नि, त्यो केटोले मलाई होइन तपाईंलाई पो हेरिरहँदो रहेछ । मलाई पक्का थाहा भयो ।"

कुरो जति सबै बेगपूर्वक भनेपछि मुग्धाको अनुहारमा हेरेर चुप लागेकी थिई सुस्मिता ।

"के भन्छे यो केटी ... यस्तो कुरो पनि हुन्छ ? मलाई किन हेरोस् उसले ? मनमनै छोरीले भनेको कुरोलाई समर्थन गरेकी भए तापनि बाहिरी तौरमा जतिसक्दो शान्त र स्थिर स्वरमा बोलेकी थिइन् मुग्धा ।

"हो के ! मैले भनेको कुरो एकदमै सही हो । त्यसले जतिखेर पनि तपाईंलाई हेरिरहेको हुन्छ ।" दृढतापूर्वक भनेकी थिई सुस्मिताले ।

"तैले कसरी थाहा पाइस् भन् त ?" मुग्धाले प्रश्न गरिन् ।

दुईदिन भइसक्यो मैले लुकेर उसलाई हेर्न लागेको । जब तपाईं कुनै कामले भित्र बाहिर गर्नुहुन्छ तब उ त्यहीँ बार्दलीमा उभिएर तपाईंलाई हेरिरहन्छ तर जब मलाई देख्छ तब तुरुन्तै घरभित्र जान्छ । नपत्याए तपाईंले पनि म बाहिर बार्दलीमा गएको बेला त्यो केटोले कसो गर्दोरहेछ हेर्नोस् त ! ढुक्कसँग बोलेकी थिई सुस्मिता ।

छोरीको कुरो सुनेर मुग्धा केहीबेरसम्म चुप लागिन् र फेरि बिस्तारै भनिन् "भो छोडिदे यस्ता वाहियात कुरा ! कसैकसैको स्वभाव नै त्यस्तो हुन्छ । हामीले त्यस्तो कुरामा ध्यान दिनुहुन्न ।"

"म यो कुरो दादालाई भनूँ ? दादाले त यो कुरो थाहा पाउनुभयो भने त त्यहीँ गएर ठिक पार्नुहुन्छ त्यसलाई ।" अलि उत्तेजित हुँदै बोलेकी थिई सुस्मिता ।

"पर्दैन ... ! पर्दैन भन्नु । त्यसको रिस ठुलो छ । गएर हात हालाहाल गऱ्यो भने ठिक हुँदैन । फेरि यस्तो कुरा अरूले थाहा पाए भने के भन्लान् ?" तटस्थ भएर भनेकी थिइन् मुग्धा ।

त्यो अपरिचित युवक प्रायः दिनहुँ जसो छिमेकीको बार्दलीमा उभिएर मुग्धालाई हेर्न लागेको पनि धेरै दिन भइसकेको थियो ।

"हत्तेरिका ... ! बार्दलीमा त निस्कनै नहुने भयो । कस्तो निर्लज्ज केटो रहेछ । अब त भित्र बाहिर गर्दा पनि शरीरमा उसैको आँखा टाँसिएकोजस्तो लाग्न थाल्यो । के गरुँ," युवकको एकोहोरो हेराइबाट हैरान भएकी मुग्धा मनमा कुरा खेलाउँथिन् ।

एकदिन मुग्धा कलेजबाट अलि चाँडै घर फर्केकी थिइन् ।

लुगा फेरिवरि आफ्नो निम्ति एक कप कफी बनाएर उनी बैठक कोठामा गइन् । अनायसै उनको आँखा छिमेकीको बार्दलीमा पुग्यो त्यो युवक त्यहाँ देखिएन ।

"थेङकगड ! आज चाहिँ त्यो यहाँ छैन ।" मुक्तिको सास फेर्दै मुग्धाले सोचिन् ।

त्यसपछि उनले बार्दलीपट्टिको ढोका खोलिन् र कफी हातमा लिएर बार्दलीमा गइन् । मुग्धालाई आफ्नो घरको बार्दलीमा बसेर पत्रपत्रिका पढ्नु, कफी पिउनु अनि त्यहीँ बसेर परिवारका सदस्यहरूसँग यताउताका कुरा गरेर बस्नु बडो आनन्द आउँछ । त्यसैले पनि होला उनलाई घरको यो बार्दली अत्यन्त प्रिय लाग्छ । केही दिन यतादेखि भने उनको त्यो प्रिय बार्दली उनीबाट खोसिएकोजस्तो अनुभूत गरेकी छिन् उनले ।

"आज के भयो उसलाई ... ? कतै गयो कि ... ? " . त्यस अपरिचित युवकको अनुपस्थितिले प्रश्न उब्जाएको थियो मुग्धाको मनमा ।

त्यसरी नै सोचाइमा तल्लीन रहेकी मुग्धाको दृष्टि केहीबेरपछि अचानक फेरि बार्दलीमा पुगेको थियो । "अहो ... ! त्यो युवक त कतिखेर त्यहाँ आएर सदाको झैँ निर्मिमेष दृष्टिले उनैलाई हेरिरहेको थियो ।"

अब भने मुग्धाले जानीबुझी सोझै उसको आँखामा हेरिन् । यसपटक भने त्यो युवक पहिलो पटक उनको आँखामा हेरेर मुसुक्क मुस्कुराएको थियो ।

युवकको अप्रत्याशित मुस्कानले मुग्धाको शरीरमा सुस्तसँग तरङ्ग गएको हुन्छ ।

बर्सौंदेखि आफ्नो ग्राहस्थ्य जीवनमा सन्तुष्टिका साथ रमाइरहेकी मुग्धाको जीवनमा अचानक त्यो अपरिचित युवकको आगमनले गर्दा एउटा नौलो प्रकारको रोमाञ्चक अनुभूतिले उनको हृदयलाई उल्लासित पारेको थियो ।

त्यसपछिका दिनहरूमा मुग्धाले आफ्नो पहिरन र शृङ्गारमा अलि बढी ध्यान पुऱ्याउन लागेको स्पष्टसँग देखिन्थ्यो ।

"तपाईंलाई त दुईवटा सन्तानकी आमा भन्न पनि सुहाउँदैन । के छ यसको रहस्य ? कसरी मेन्टन गरेर राख्नुभएको छ आफ्नो शरीरलाई ?" कलेजका सहकर्मी महिलाहरू प्रायःजसो सोध्दथे मुग्धासँग ।

मुग्धालाई लाग्दछ त्यो युवक अवश्य पनि उनको दैहिक लालित्यको आकर्षणमा आकर्षित भएर नै त्यो सब हाउभाउ प्रदर्शित गरिरहेको छ ।

हिजोआज युवकको एकोहोरो हेराइले मुग्धाको मनमा पहिलेकोजस्तो कुण्ठा उत्पन्न हुँदैन । बरु उसको कोमल दृष्टिलाई सम्झनासाथ मन त्यसैत्यसै पुलकित हुन्छ ।

जति-जति दिनहरू बितिरहेका थिए उति-उति नै त्यो अल्लारे स्वभाव भएको युवकको मायालु हेराइले मुग्धाको मनमा रोमाञ्चकता थप्दै थियो ।

"उफ् ... ! यो के भइरहेको छ मलाई ? किन मेरो मन यसरी बरालिदै छ ? म कतै दिशाहीन त भएकी छैन । अहँ मैले आफूलाई र आफ्नो अनियन्त्रित भएको मनलाई सम्हाल्नै पर्छ ।" उनी बारम्बार आफूलाई सचेत गराउने प्रयास पनि गर्दथिन् ।

एकदिन अचानक त्यो युवक बार्दलीमा देखिएन ।

"कतै गएको होला...।" एकदुई दिन युवकलाई बार्दलीमा नदेख्दा मुग्धाले साचेकी थिइन् । त्यसपछिका दिनहरूमा पनि त्यो युवक देखिएन । "आखिर ऊ को थियो ? कहाँ गयो ?" यस्ता अनेक प्रकारका प्रश्नहरूले मुग्धाको हृदयलाई डस्न थालेको थियो ।

बर्सौंदेखि एकैनाशको जीवन यापन गरिरहेकी मुग्धाको जीवनमा त्यो अपरिचित युवकको अप्रत्यासित आगमनले जसरी नजानिँदो किसिमले एकप्रकारको स्पन्दन उत्पन्न गरेको थियो । त्यसरी नै उसको आकस्मिक प्रत्यागमनले उनको जीवनमा मधुरो किसिमले भएको भए तापनि केही नैराश्य र रित्तोपन त अवश्य पनि ल्याएकै थियो ।

प्रायः घर भित्र बाहिर गर्ने क्रममा मुग्धाको दृष्टि छिमेकीको रित्तो बार्दलीमा पुग्दा अनायसै त्यस अपरिचित युवकको सम्झना हुन्थ्यो ।

एकदिनको कुरो हो, त्यसदिन बिदाको दिन परेको हुनाले मुग्धाले अलि विशेष प्रकारको व्यञ्जन तयार पारेकी थिइन् ।

"आहा ! आज त कति थोक पकाउनु भएछ मम्मीले त...!." टेबलमा राखिदिएका व्यञ्जनहरू हेर्दै भनेकी थिई सुस्मिताले ।

"सुशान्त..., कति मोबाइल चलाइरहेको ?" खाना खान भनी कुर्सीमा डाइनिङ टेबलको छेउमा राखिएको कुर्सीमा बसिसकेर पनि हातमा भएको मोबाइल चलाइरहेको छोरोलाई हेरेर भनेका थिए शिवम्ले ।

"ए साँच्ची मम्मी ! मैले त तपाईंलाई एउटा कुरो भन्नै बिर्सिएको रहेछु ।" मुग्धाले खाना पस्किदै गरेको बेला केही सम्झेझैँ गरेर बोलेको थियो सुशान्त ।

"के कुरो ?" सहज स्वरमा सोधेकी थिइन् मुग्धा ।

"हाम्रो नयाँ छिमेकीको घरमा अस्ति भर्खरै एउटो नयाँ केटो आएको थियो नि, देख्नुभएको थियो तपाईंले ?" सुशान्तले प्रश्न गरेको थियो आफ्नी मम्मीसँग ।

"हँ ? अ भन् न ।" छोरोको प्रश्नले केही हडबडाएकीजस्ती भएकी मुग्धाको मुखबाट त्यति मात्र निस्किएको थियो ।

"हो । हो । मैले देखेकी थिए । त्यो केटोलाई बार्दलीमा उभिइरहन्थ्यो, होइन ?" दाजु र आमाले अरू बोल्न नभ्याउँदै बिचमै बोलेकी थिई सुस्मिता ।

"अँ भन्न त, के भन्न खोजेको छस् ।" शिवम्ले छोरोतिर हेरेर भनेका थिए ।

"हो ... त्यो त उ ... पर, हाम्रो टोलको पुछारमा घर भएको बस्नेत अङ्कल हुनुहुन्छ नि ? हो, त्यै अङ्कलको छोरा दीपक दाइ क्या त ? मभन्दा सिनियर हुनुहुन्छ नि ... ? हामी खेल्न जाने फुटसलमा पनि आउनुहुन्छ । हो त्यै दीपक दाइसँग त्यो बार्दलीमा उभिने केटाको दोस्ती भएको रहेछ क्या । अहिले त त्यो केटो जापान फर्किसक्यो हो ? त्यसले दीपक दाइसँग हाम्रो मम्मीको बारेमा कुरा गरेको रहेछ ।" त्यति भनेपछि सुशान्त केही क्षणका लागि अडिएको थियो ।

"यसको चाहिँ यै बानी नराम्रो । जुन कुरा गर्नुपऱ्यो भने पनि लामो भूमिका बाँध्नुपर्ने । जुन कुरो भन्नु छ खुलस्त गरेर छोटकरीमा भन् न । बेकारमा जस्तो कुरालाई पनि जेरी घुमाएकोजस्तो घुमाएको घुमाएकै गर्छ ।" छोरोले कुरा लम्बाएर बोलेकोमा रिसाउँदै भनेका थिए शिवम्ले ।

यता मुग्धालाई भने त्यो युवकको प्रसङ्गमा आफू पनि जोडिन पुगेकोमा उनको मनलाई अनेक खाले आशङ्काले घेर्न थालेको थियो ।

"उसले जापान फर्कनुभन्दा अघि दीपक दाइसँग भनेको थियो अरे – उसलाई त हाम्रो मम्मी ठ्याक्कै उसको आफ्नी मम्मीजस्तै लाग्यो अरे ! मम्मीको उमेर, जिउडाल, रङरूप सबै उसको मम्मीसँग मिल्छ अरे ! तर, बिचरा उसको मम्मी त हाम्रो मम्मीकै उमेर हुँदा क्यान्सर भएर मरेकी रहिछन् ।" त्यति भनेपछि, सुशान्तले आफनो भागको खाना खान लाग्छ ।

"ए बिचरो...।" शिवम्को मुखबाट संवेदनापूर्ण ध्वनि निस्किएको थियो ।

छोराको कुरा सुन्नासाथ क्षणभरका निम्ति जड बनेकी मुग्धाको शरीरबाट हुँदै गएको अदृश्य कम्प उनको हृदयको गहिराइसम्म पुगेको थियो ।

त्यसपछि मुग्धा र सुस्मिताले अर्थपूर्ण दृष्टिले एकअर्कालाई हेरेका थिए ।

●

# लकडाउनका मुक्तकहरू



● **राधेश्याम लेकाली**
अध्यक्ष, अनेसास, केन्द्रीय समिति

मुक्तक

(१)

बोलीमा मिठास छ भन्दैमा मन कालो छैन नभन्नू
झट्ट हेर्दा खाइलाग्दो छ भन्दैमा गतिलो छ नभन्नू
यहाँ पाइलापिच्छे छद्मभेषीहरूको कमी छैन हजुर !
निरीह अनुहार हेरेर अपराधी होइन भन्दै नभन्नू ।

(२)

शक्ति दम्भको प्रदर्शन गर्ने पनि आज पराजित हुनुपर्‍यो
शक्ति घमण्डको प्रदर्शन गर्ने पनि आज पछि हट्नुपर्‍यो
कहिले आसनमा कहिले सडकमा पुर्‍याउँछ हेक्का राखे
शक्तिको प्रदर्शन गर्ने पनि आज बङ्करमा लुक्नुपर्‍यो ।

(३)

वर्तमान युग उन्मादी विषालु सर्प बनेको छ
वर्तमान युग निष्प्राण र निरर्थक बनेको छ
यो समय शान्तिको पुकार गर्ने वैदिक ध्वनि हुन सकेन
वर्तमान युग विषालु जीवाणु कोरोना बनेको छ ।

(४)

हिंसा र प्रतिहिंसाका विरुद्ध बुद्धलाई उभ्याउनुपर्छ
जालझेल र कपटका विरुद्ध बुद्धलाई उभ्याउनुपर्छ
यतिबेला इमान र आचरण समाप्त भएको छ हजुर !
हत्या र लडाइका विरुद्ध बुद्धलाई उभ्याउनुपर्छ ।

●

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
# International Nepali Literary Society

## दोस्रो एसियाली नेपाली साहित्य सम्मेलन
## 2nd Asian Nepali Literary Convention

१८–२० अक्टोबर, २०१९ | दार्जिलिङ, भारत

nik the designer, nepal, 9845053391

## दार्जिलिङ घोषणा-पत्र २०२०

१) एसियामा स्थापित च्याप्टरहरूबीच सम्पर्क र समन्वयमा जोड दिने ।

२) नेपाली साहित्यको स्तर उन्नति गर्दै प्रशिक्षण कार्यहरूमा जोड दिने ।

३) एसियाली नेपाली साहित्यको अभिलेखीकरणलाई निरन्तरता दिने ।

४) एसियामा स्थापित अन्य सङ्घसंस्थाहरूसँग सहकार्य गरी विभिन्न साहित्यिक सम्मेलन, पुस्तक प्रदर्शनी, स्रष्टा सम्मानलगायतका गतिविधिहरू गर्ने ।

५) एसियाबाट प्रकाशित विभिन्न उत्कृष्ट कृतिहरूको चयन गरी अनुवादका माध्यमबाट अन्तर्राष्ट्रियकरणमा योगदान गर्ने ।

६) नेपाली साहित्यका विभिन्न विधाका उत्कृष्ट रचनाहरूको चयन गरी कृतिहरू प्रकाशन गर्ने ।

७) एसिया साहित्य सम्मेलनको दस्तावेजका लागि नियमित स्मारिका प्रकाशन गर्ने ।

**घोषणा-पत्र मस्यौदा समिति** : संयोजक : **कुन्ता शर्मा, नेपाल**

सदस्यहरू : **डा. दुर्गा दाहाल, अमेरिका**
**लय प्रसाई, बेलायत**
**प्रेमप्रसाद भट्टराई, कतार**
**विनोद परिवर्तित, कोरिया**
**प्राज्ञ सुभद्रा भट्टराई, नेपाल**
**डा. गीता छेत्री, दार्जिलिङ, भारत**
**मुक्ति उपाध्याय, सिलगढी, भारत**
**डा. पुष्पा शर्मा, सिक्किम, भारत**
**डा. किङ् गुनु घर्ती, मिजोरम, भारत**
**ज्ञानु अधिकारी, नेपाल**



# जापानमा सम्पन्न तेस्रो च्याप्टर सम्मेलनको ऐतिहासिक योगदान



संस्मरण

● **प्रकाश पौडेल 'माइला'**
वरिष्ठ उपाध्यक्ष, अनेसास

स्वागतमा हात मिलाउनु भन्दा बिदाईको अँगालो बढी गह्रुङ्गो हुन्छ, सायद । साथी तिनै थिए, एयरपोर्ट त्यही थियो, आत्मीयता उस्तै थियो । अभियान, उद्देश्य र समर्पणमा पनि परिवर्तन भएको थिएन । फरक थियो, हात मिलाउने काइदा र अँगालो मार्ने शैली ।

त्यही व्यक्तिलाई एयरपोर्टमा स्वागत गर्दा हात उत्साहित भएर अघि बढ्छ । हात मिलाउँदा दुवै हातले आत्मीयताको स्वागत गरिरहन्छन् । ओठको मुस्कानले मधुर मिलनको सङ्केत गरिरहेको हुन्छ । यो बेला मन प्रफुल्ल हुने रहेछ । त्यही व्यक्तिलाई एयरपोर्टमा बिदाई गरिरहँदा हात केही लुलो हुँदारहेछन् र अनजानमै भावुक अँगालो मारिदोरहेछ । सायद, स्वागतमा हात मिलाउनु भन्दा बिदाईमा अँगालो मार्नु निकै नै गह्रुङ्गो काम हो ।

कुरा त्यहीँबाट सुरु गर्न मन लाग्यो, जब हामी पाहुनालाई बिदाई गर्दै जहाज चढाउँदै थियौँ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समितिका अध्यक्ष राधेश्याम लेकाली, ट्रस्टीका उपाध्यक्ष पदम विश्वकर्माले बिदाईका बेला भन्नुभयो – 'कार्यक्रमले उत्साहित भयौँ । संस्थाको इतिहास, गरिमा र मर्मअनुसारको काम गर्नुभयो ।'

यस्तै भनाइ थियो, उपाध्यक्ष त्रय भीमसेन सापकोटा, शान्तिराम ढकाल र निशा आर्यालको । साथै पूर्व केन्द्रीय अध्यक्ष मोहन सिटौलालाई सबैभन्दा अन्तिममा बिदाई गर्न म आफै हानेदा एयरपोर्ट गएको थिएँ । उहाँले भन्नुभयो – 'साहित्यले जोडेको नाता कति गहिरो । यो भेटघाटले अरू दुई वर्ष ऊर्जा थपिदियो । यो व्यवस्थापन र कार्यकौशलताका लागि जापानी मनहरूलाई सलाम, विशेष गरी प्रकाश, दीप र गिरिजालाई अनि यहाँको जल्दोबल्दो टिमलाई ।

संस्थाका महासचिव गणेश घिमिरेलाई नेपालको चर्चित नाट्य संस्था सर्वनाम पुगेर 'हामी कविता' मा भाग लिनु थियो । उनका साथमा जापानबाटै रबिन शर्मा जाँदै थिए, त्यही पनि उनी एयरपोर्टबाट फर्की-फर्की हामीलाई धन्यवाद भनिरहनु भएको थियो । संस्थाका सचिव लालगोपाल सुवेदी, पूर्व केन्द्रीय अध्यक्ष मोहन सिटौला, पूर्व महासचिव गोवर्धन पूजा, त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक महेश पौडेल लगायतका पाहुनाहरूलाई बिदाई गरिरहँदा सबैको एउटै स्वर थियो – 'जापानले राम्रो सन्देश दिएको छ । जापानमा भएको 'तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन' ले डायस्पोरिक नेपाली साहित्यलाई अघि बढाउन ठूलो मद्दत गर्नेछ । संस्थालाई संस्थागत रूपमा अग्रगामी बाटोमा हिँडाउन ठूलो मद्दत गर्नेछ । लामो समयसम्म यो सम्मेलनको चर्चा हुनेछ ।'

व्यस्त समयमा लगातार भएको सेसनहरूमा गल्तीहरू कयौँ भए होलान्, तर सबै पाहुनाहरूले एकै खालको भावना व्यक्त गरिहँदा महिना दिनभन्दा बढी खटेर गरेको दुःख सार्थक भएझैँ लाग्यो ।

च्याप्टर अध्यक्षहरू निजानन्द मल्ल (फ्लोरिडा), डन कार्की (लस एन्जलस), प्रमोद सारंग (कोरिया), हरिमाया अधिकारी (न्यु ह्याम्पसायर), उर्मिला निर्दोषी (मिजौरी) मात्रै होइन पदाधिकारी तथा प्रतिनिधिहरू माया केसी, प्रकाशचन्द्र घिमिरे, कृशबाबु गुल्मेली, रमेश दाहाल, गोविन्द कँडेल 'आँसु', ईश्वरी भट्ट, शारदा भट्ट, प्रतिभा भट्ट, प्रतीक भट्ट, शेखर ढुङ्गेल, नन्दीकेशर भट्टराई, विशनसिंह थापा, कल्याण पन्त, ममता तिवारी, मीना सुब्बा, रत्न सुब्बा, रुद्रप्रसाद पौड्याल, गीतादेवी शर्मा, लोकराज न्यौपाने, निर्वाण मल्ल सहितका पाहुनाहरूलाई बिदाई गरिरहँदा हामीले सामान्य बिदाई गरिरहेका छैनौँ भन्ने कुरा हामीलाई महसुस भइरहेको थियो । एकजना दुईजना होइन, सबैले नै बिदाईको हात हल्लाउँदा अन्य साथीहरूले जस्तै ऐतिहासिक काम गरेको भन्दै बधाई दिइरहनु भएको थियो । उहाँहरूको मुहारमा खुसी भाव प्रस्ट देखिन्थ्यो ।

बाहिरबाट आउनुभएका सबैजसो पाहुनाहरूले कार्यक्रमको जस-अपजस प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मलाई दिए पनि म भने निवर्तमान अध्यक्ष तथा सम्मेलन संयोजक दीप पाठक तथा नवनिर्वाचित अध्यक्ष गिरिजा गैह्रे नेतृत्वको जापान च्याप्टर र निरन्तर खट्ने यहाँका सम्पूर्ण साथीहरूलाई बाँड्न हतारिन्थेँ । हामीसँग केन्द्रीय अध्यक्ष समेत भइसक्नु भएका संस्थापक अध्यक्ष डा. कुमार

बस्नेत मात्रै होइन पूर्व अध्यक्षहरू बेलुकाजी थापा, दिनेशराज ज्ञवाली, आलोक चालिसे र विष्णुप्रसाद घिमिरेहरू बलियो स्तम्भ र आडको रूपमा खडा हुनुहुन्थ्यो। त्यसका अतिरिक्त जापानका साथीहरू अरुण पौडेल, हेमन्त गिरी, सुमित गिरी, श्रवण सत्याल, शेखर विकल्प, धीषण निरौला, सरिता ढकाल, रबिन शर्मा, सविना रेग्मी, ध्रुब बञ्जाडे, आनन्द अधिकारीहरूले यो कार्यक्रम फत्ते नगरुञ्जेल विश्राम लिनुहुन्न भन्ने विश्वास लिएको थिएँ। नभन्दै बिदाईका बेला पाहुनाहरूले जसरी कार्यक्रमका विषयमा प्रतिक्रिया दिनुभयो, त्यसको जस तुरुन्तै उहाँहरूलाई फर्काएँ। किनभने यसको हकदार उहाँहरू नै हुनुहुन्थ्यो।

केही महिना लामो हाम्रो तयारीलाई पृथ्वीका फरक-फरक कुनाबाट आएका साथीहरूले प्रशंसा गरिदिँदा खुसी नलाग्ने कुरा थिएन। यी ती नेपाली थिए, जसले परदेशमा पनि आफ्नो भाषा, साहित्य र संस्कृतिलाई बचाएर राखेका छन् र साहित्यका लागि मरिमेट्न तयार छन्। आफ्ना सबै किसिमका व्यस्तता अनि बाध्यताहरूलाई स्थगित गरेर व्यक्तिगत खर्च र समयलाई खोकिलामा च्यापेर साथीहरू जापान आएका थिए। उद्देश्य केवल एउटै थियो, नेपाली साहित्यलाई कसरी माथि उठाउन सकिन्छ ? संस्थालाई दरिलो, बलियो र उचो कदको कसरी बनाउन सकिन्छ ? कसरी विश्वभरि छरिएर रहेक साहित्यकारहरूलाई गोलबद्ध गर्न सकिन्छ ?

अनेसासको यो च्याप्टर सम्मेलनले नेपाली साहित्यलाई के कति योगदान दिन सक्यो ? भविष्यमा देखिएला। तर भेलामा सहभागीहरूले नेपाली साहित्यले बेहोरिरहेका सबै किसिमका चिन्ता र चासोलाई नलुकाई राखेका थिए। विधानको विषयमा दफाबार बहस भएको थियो। साहित्यको नाममा हुने विभिन्न किसिमका खिचातानी र स्वार्थलाई रोक्ने प्रतिबद्धता व्यक्त भएका थिए। हामी सबै कुरामा खुल्ला थियौं किनभने हामीलाई कुनै स्वार्थले होइन, पवित्र साहित्यले जोडेको थियो। संस्थाको मायाँले यहाँसम्म डोऱ्याएको थियो। हामी त्यो ब्यानरको मुन्तिर थियौँ, जहाँ भानुभक्त, लेखनाथ, देवकोटा, सिद्धिचरण, मोतीराम, पारिजातजस्ता स्रष्टाहरू मुस्कुराइरहेका थिए।

९ देश र १७ च्याप्टरका झण्डै दुईसय जना पाहुना टोकियोको मध्य सहरमा भेला भएर गरिएको अनेसासको च्याप्टर सम्मेलनले यसअघि खड्किएका कतिपय सन्दर्भ र विषयलाई पनि निकै चनाखोपूर्वक ध्यान दिएको थियो। विद्वानहरूले भनेका छन्, सबै समस्याको जड संवादविहिनता हो। जहाँ संवाद हुन्छ, त्यहाँ

समाधानको बाटो निस्कन्छ । जापान च्याप्टर सम्मेलनपछि साहित्यिक संस्थामा हुने समस्यालाई कसरी सहज र सरल समाधान गर्न सकिने रहेछ भन्ने कुराको पनि सूत्र फेला परेको अनुभव भएको छ ।

परदेशमा दर्जनौँ मानिस बोलाएर एउटा कार्यक्रम गर्नु धेरै समस्यासँग पौठेजोरी खेल्ने तयारी गर्नु हो । जापानजस्तो श्रमलाई महत्त्व दिने मुलुकमा श्रम गरेर परिवार पालिरहेका दर्जनौँ साथीहरूलाई हप्तौँसम्म कार्यक्रमको तयारी गर्न लगाउनु जागिर खोसिने अवस्थामा पुऱ्याउनु सरह पनि हो । श्रम गरेर दुई-चार पैसा जोड्नकै लागि विदेश आएपछि कमाउन छाडेर साहित्य सेवा जस्तो क्षेत्रमा समय दिनु आफैमा महानता हो । साहित्यको नशा लागेका जापान च्याप्टरका साथीहरूले यी सबै खतरा मोल्ने सङ्केत उति बेलै गरेका थिए । यही आधारमा वरिष्ठ उपाध्यक्षको हैसियतले मैले हिम्मत गरेको हुँ । बाँकी कार्यक्रमको तयारीदेखि पाहुनालाई बिदाई गर्ने सम्मको जिम्मेवारी साथीहरूले लिइदिए । कार्यक्रमलाई दीपा घिमिरे, प्रकृति फुयाल, मीनराज बास्तोला, सङ्गीता कुँवर, रमेश लामिछानेलगायतका जुझारु साथीहरूले पनि सम्पूर्ण समय यही कार्यक्रमलाई दिए । बेलाबेलामा के.बी. पारखी, मन्जु गिरी, प्रतिबिम्ब सुमन, अनिलकुमार निर्दोष, राजेन्द्र पौडेल, बैकुण्ठ भट्ट, सजिना मोक्तान, रमेशबाबु भण्डारी, सुजन जोशी, राजु लक्षित, भक्त हमाल लगायतका साथीहरूले समय मिलाई-मिलाई कार्यक्रमका लागि दौडिए । जब-जब पाहुनाहरूले मलाई कार्यक्रम राम्रो भएकोमा बधाई दिन्थे, म भने माथि उल्लिखित सबै साथीहरूलाई सम्झन्थेँ ।

जापानमा पाहुनालाई देवता समान मानिन्छ । सम्मेलनमा आउनु हुने सबै व्यक्ति र व्यक्तित्वहरूलाई हामीले सोहीबमोजिम स्वागत र सत्कारको जमर्को गरेका थियौँ । नेपाल, भारत, कोरिया, कतार, युरोप, अमेरिका, अस्ट्रेलिया, बेलायत सबैतिरका साथीहरूले भन्दै हुनुहुन्थ्यो – 'कार्यक्रम साँच्चै नै भव्य र सभ्य भयो, हामीले आयोजना, व्यवस्थापन र स्वागत-सम्मानबारे जापान च्याप्टरबाट धेरै कुरा सिक्ने अवसर पायौँ ।'

जो-जो व्यक्तिहरूले हामीलाई प्रशंसा गर्नुहुन्थ्यो, अँगालोबाट छुट्टिएर हामीले उहाँहरूको अनुहारमा हेरेका थियौँ, कसैले पनि झुटो बोलेजस्तो लागिरहेको थिएन । एक प्रकारको आत्मीयता, सद्भाव र आफ्नोपन उहाँहरूको आँखामा छचल्किरहेको थियो । हाम्रा साथीहरूमा पनि खुसी र सन्तुष्टिको आँसु पटकपटक टल्किएको थियो ।

कार्यक्रमका कुनै कमजोरी नहोस् भनेर सचेत थियौँ, म स्वयम् विगतका वर्षहरूमा विभिन्न मुलुकमा भएका सम्मेलनमा भाग लिइसकेको थिएँ र विगतको अनुभवलाई उपयोग गर्दै कार्यक्रमलाई भरसक व्यवस्थित बनाउने भित्री चाहना थियो । यति ठूलो सम्मेलनमा कोसिस गर्दागर्दै पनि केही कमजोरी नभएका भने होइनन् तर ती सबैमा अतिथिहरूले आँखा चिम्लिदिनु भयो र खुलेर प्रशंसा गरिदिनु भयो । यसले उहाँहरूप्रति हाम्रो प्रेम अझ प्रगाढ बनाइदियो । भोलीका दिनमा थप सुधार गरेर अगाडि बढ्ने प्रण गर्न हामीलाई झनै सजिलो भयो र ऊर्जा पनि मिल्यो ।

## कार्यक्रमको महत्त्व

झण्डै तीन दशक पुरानो अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको यो तेस्रो च्याप्टर सम्मेलन थियो । यसले संसारभरि छरिएका नेपाली साहित्यकारहरूलाई एकै ठाउँमा राखेर नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरण गर्ने दिशामा केही ठोस काम गर्ने उद्देश्य थियो । त्यसका लागि योजनाबद्ध कार्यक्रम गर्नुपर्ने चुनौती थियो । आफू संस्थाको वरिष्ठ उपाध्यक्ष भएका कारण पनि संस्था सिर्जनात्मक हुन नसकेको आरोपबाट मुक्त हुनुपर्ने बाध्यता पनि थियो । संस्था स्थापना भएको यत्तिका वर्ष भए पनि गुणात्मक काम गर्न नसकेको आरोपलाई चिर्नुपर्ने बाध्यता थियो । जसलाई एक हदसम्म पूरा गरियो पनि ।

कार्यक्रमले अनेसासमा नसमेटिएका साहित्यकारहरूलाई पनि समेट्दै नेपाली साहित्यलाई विभिन्न भाषामा अनुवाद गर्ने कार्यलाई पनि द्रूत गतिले अघि बढाउने निर्णय गऱ्यो । हुन त यसअघि पनि यस किसिमको काम नभएको होइन तर व्यवस्थित गर्ने जिम्मेवारी यसपटक अझ बढेको छ । तीन दिनसम्म चलेको सम्मेलनले पूर्व केन्द्रीय अध्यक्ष मोहन सिटौलाको नेतृत्वमा छ बुँदे घोषणापत्र जारी गर्दै आन्तरिक कमजोरी सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नु पनि रोचक रह्यो । जुन समितिको सदस्यमा उर्मिला निर्दोषी, गिरिजा गैह्रे, डन कार्की, प्रमोद सारंग, निजानन्द मल्ल, प्रकाशचन्द्र घिमिरे, ममता तिवारी, माया के.सी., रुद्रप्रसाद पौड्याल र हरिमाया अधिकारी हुनुहुन्थ्यो ।

सम्मेलन टोकियोको मुटु सिन्जुकुस्थित जापान ग्लास इन्डस्ट्रीको सभा हलमा सम्पन्न भएको थियो । यसले नेपाली साहित्यकारहरू पनि उच्चस्तरको सम्मेलन

गर्न सक्छन् भन्ने सन्देश पनि दिएको छ। केन्द्र र च्याप्टरबीचको सम्बन्धमा रहेका कमी-कमजोरीहरूलाई पनि यस च्याप्टर सम्मेलनले उजागर गर्दै अगाडिको बाटो तय गरेको छ।

आयोजना केन्द्रको भए पनि व्यवस्थापनको सम्पूर्ण जिम्मा जापान च्याप्टरकै काँधमा थियो। जापान च्याप्टरका निवर्तमान अध्यक्ष समेत रहेका संयोजक दीप पाठकले कुशल नेतृत्व प्रदान गरे। वेदप्रसाद उत्कृष्ट नेतृत्व पुरस्कार पाउँदा उनले मन थम्न नसकेको कुरा अनुहारबाट पढ्न सकिन्थ्यो। सर्वोत्कृष्ट जापान च्याप्टरको सँगसँगै दोस्रो र तेस्रोको रूपमा कोरिया र कतार च्याप्टर पनि पुरस्कृत भए।

त्यसैगरी यसअघि क्रमशः पहिलो र दोस्रो च्याप्टर सम्मेलनको संयोजन गर्ने शान्तिराम ढकाल र कृष्ण गिरीलाई पनि सम्मान गरिएको थियो। अघिल्लो सम्मेलनको संयोजकहरूलाई सम्मान गर्ने परिपाटीको सुरुवात बेलायतमा भएको छैटौँ सम्मेलनबाट प्रारम्भ भएको थियो। जसले आगामी सम्मेलन आयोजन गर्न सर्बत्र ऊर्जा सञ्चार गर्ने अपेक्षा केन्द्रले गरेको हुनुपर्छ।

भेलामा सहभागी हुन आएका साहित्यकारलाई जापानस्थित राजदूतावासले औपचारिक उद्घाटनको अघिल्लो दिन १० तारिक शुक्रबार स्वागत रात्रीभोजको कार्यक्रम राखेको थियो। अनेसासले जुन देशमा सम्मेलनहरू आयोजना गरे पनि उक्त देशस्थित नेपाली दूतावासले स्वागत डिनरको आयोजना गर्नु एक किसिमको संस्कार जस्तै बसिसकेको अवस्था छ।

गैरआवासीय नेपाली सङ्घका पूर्व अध्यक्ष एवं व्यवसायी भवन भट्ट, आइसिसीका कोषाध्यक्ष महेशकुमार श्रेष्ठ समेतको सहभागिता हेर्दा एनआरएनले विगतदेखि नै अनेसासलाई गरेको मायामा कत्ति पनि कमी नआएको भान हुन्थ्यो। भवनजी केन्द्रको महिला पुरस्कार प्रायोजक हुनुहुन्छ भने श्रेष्ठ जापान च्याप्टरबाट दिइने प्रतियोगितात्मक पुरस्कारको प्रायोजक हुनुहुन्छ। गैरआवासीय नेपाली सङ्घ जापानका अध्यक्ष देवीलाल भण्डारी, आइसिसी एसिया संयोजक गोविन्द श्रेष्ठ, आइसिसी एसिया युवा संयोजक दीपक कँडेल र व्यवसायी दीपक सुवेदी, लोकनाथ वस्ती, विपीन घिमिरे, हरि सापकोटाले पनि सदाबहार शैलीमा साथ दिनुभयो।

प्रमुख अतिथि महामहिम राजदूत प्रतिभा राणाको उपस्थितिले माहोलमा बेग्लै रौनकता देखिन्थ्यो। त्यसो त अनेसास जापान च्याप्टरको धेरैजसो कार्यक्रममा

दूतावासबाट सहभागिता भइ नै रहेको छ। उपनियोग प्रमुख कृष्णचन्द्र अर्याललाई पनि हामीले साहित्य शृङ्खलामा पटक-पटक प्रमुख अतिथिको रूपमा स्वागत गरिसकेका थियौँ ।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक तथा साहित्यकार महेश पौड्याल केन्द्रमा रहन सफल हुनुभयो। व्यक्तिगत रूपमा उहाँको लेखन, प्रस्तुति र वाचाल शैली मलाई औधी मन पर्छ। **ग्लोबमा नेपाली पहिचानको खोजी : एक सैद्धान्तिक विमर्श** विषयक कार्यपत्रले आगामी दिनमा गर्नुपर्ने कामको फेहरिस्त तयार गरेको छ। अबको नेतृत्वले त्यही कार्यपत्रले उठाएका विषय मात्रै सम्बोधन गऱ्यो भने मात्रै पनि संस्थाको उचाइ र डायस्पोरामा नेपाली साहित्यको अवस्था निकै माथि पुग्ने विश्वास गर्न सकिन्छ। कार्यपत्रमाथि भूषण घिमिरे र हारुहितो नोजुको सटिक टिप्पणी सुन्न लायक थियो ।

कार्यक्रमका बीचमा चार दर्जन कविका रचना वाचन भए। यी मध्ये धेरै यस्ता कवि थिए, जसमध्ये यस्तो अन्तर्राष्ट्रिय मञ्चमा पहिलो पटक आफ्नो सिर्जना वाचन गर्दै थिए। तर सबका सब दमदार थिए, शब्दमा दमदार अनि प्रस्तुतिमा धुवाँधार । साहित्यको पारो यति माथि उठेको थियो कि सहभागीहरू हलचल नगरी झण्डै सात घन्टा एउटै हलमा स्थिर भएर बसेका थिए। लन्च र चियाको व्यवस्था यथास्थानमै गरिएको थियो ।

कार्यक्रममा महेश पौड्याल, राधेश्याम लेकाली, प्रमोद सारंग, रत्न सुब्बा, लालगोपाल सुवेदी, ईश्वरी भट्ट, लवकुमार बुढाथोकी लगायतका लेखकहरूको पुस्तक विमोचन गरिएको थियो। प्रवासमा रहेर पनि साहित्यिक रचना गर्नु, आफ्नो खर्चमा जापान पुग्नु र त्यसलाई सार्वजनिक गर्नुले पनि सहभागी स्रष्टाहरूको साहित्यप्रतिको रुझान प्रकट हुन्थ्यो । खट्केको एउटै कुरा थियो, विमोचित कृतिहरूका स्रष्टालाई कृतिका विषयमा बोल्ने समय मिलाउन सकिएन। यसले एउटा नयाँ ज्ञान के दियो भने ठूला सम्मेलनहरूमा कृति विमोचन गर्दा स्रष्टामाथि अन्याय हुने रहेछ ।

कार्यक्रमको दोस्रो दिनको सेसन आन्तरिक बहस र छलफलमा केन्द्रित थिए। संस्थाको विधि र विधानका बारे धेरै साथीहरूले खुलेर आफ्नै संस्कार र शैलीमा कुराहरू राखेका थिए। यस अर्थमा प्रजातान्त्रिक प्रक्रियाबाट संस्थाभित्र कुरा राख्ने काम भयो। सहजीकरणको काम केन्द्रीय कार्य समितिका महासचिव गणेश घिमिरे

र जापान च्याप्टर महासचिव रविन शर्माले गरेका कारण पनि हुनसक्छ, लामो अवधिको कार्यक्रम पनि आकर्षक ढङ्गले अघि बढ्यो ।

विभिन्न सत्रमा विभक्त गरिएको कार्यक्रम सञ्चालनमा शान्तिराम ढकाल, निशा अर्याल, भीमसेन सापकोटा, लालगोपाल सुवेदी र हेमन्त गिरीले सहयोग गर्नुभएको थियो । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका केन्द्रीय सदस्य रामकृष्ण बम मल्ल, प्रतिष्ठानका जापान शाखा अध्यक्ष सूर्य खड्का र समुद्रराज पौडेलले बीच-बीचमा साङ्गीतिक माहोल सिर्जना गरेका थिए ।

कार्यक्रममा केन्द्रीय समिति तर्फबाट दिइने विभिन्न पुरस्कार प्रायोजन गर्ने भवन भट्ट, पदम विश्वकर्मा एवं दुर्गा दाहाललाई पनि सम्मान गरिएको थियो यद्यपि कोरिया च्याप्टरले म स्वयम्‌लाई गरेको अभिनन्दन मेरा निम्ति सर्प्राइज सम्मान थियो ।

अन्तिम सत्रमा च्याप्टर अध्यक्ष तथा प्रतिनिधिहरूले आ-आफ्नो च्याप्टरको २ वर्षे कार्य प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । सम्मेलनमा कतार च्याप्टर, कोरिया च्याप्टर, इजरायल च्याप्टर, पर्थ च्याप्टर, सिड्नी च्याप्टर, बेलायत च्याप्टर, लस एन्जलस च्याप्टर, कोलोराडो च्याप्टर, बोस्टन च्याप्टर, न्यु ह्याम्पसायर च्याप्टर, फ्लोरिडा च्याप्टर, सिक्किम च्याप्टर, मिजौरी च्याप्टर, नेपाल च्याप्टर लगायतका च्याप्टरको सहभागिता थियो । यसैगरी संस्थापक अध्यक्ष होमनाथ सुवेदी र बोर्ड अफ ट्रस्टी अध्यक्ष गीता खत्रीले पठाएका शुभकामना मन्तव्य पढेर सुनाइदा हल तालीले गुञ्जायमान भएको थियो ।

यति ठूलो कुम्भमेलामा हामीले अनेसासका धेरै हस्तिहरूको अनुपस्थिति खड्किएको महसुस गरेका थियौं । पूर्व केन्द्रीय अध्यक्षहरू, ट्रस्टी अध्यक्ष र पदाधिकारीहरू, सल्लाहकारहरू, थुप्रै च्याप्टरका अध्यक्ष तथा पदाधिकारीहरूको अभाव पनि प्रस्ट झल्किन्थ्यो । यस सम्मेलनमा बेल्जियम च्याप्टरको अभाव टड्कारो रूपमा महसुस थियो । साथमा युरोपका च्याप्टरहरू पोर्चुगल, बेलायत, इटली र डेनमार्क मात्रै होइन, अमेरिकाभित्रका दर्जन च्याप्टरका साथीहरू सम्झनामा निरन्तर आइरहनु भयो । यद्यपि टेलिफोन र सामाजिक सञ्जालले विश्वभरिका आजीवन सदस्य साथीहरूलाई जोड्ने काम गरेको थियो । पलपलको अपडेट सम्भव भएको थियो ।

कार्यक्रमको अन्त्यमा जापान च्याप्टरका नवनिर्वाचित अध्यक्ष गिरिजा गैह्रेले

उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरेका थिए। केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीको समापन मन्तव्यसँगै तीन दिने च्याप्टर सम्मेलनको औपचारिक समापन भएको थियो । उक्त कार्यक्रमले केन्द्र र च्याप्टरबीचको सम्बन्ध मजबुत बनाएको र सबैजसो आन्तरिक समस्याको समाधान भएको भन्दै सहभागीहरूले खुसी व्यक्त गरेका थिए ।

**कार्यक्रम अघि : कार्यक्रमपछि**

झट्ट हेर्दा यसपालिको सम्मेलन साहित्यकारहरूका लागि यो भिजिट जापान २०२० जस्तो पनि देखिन सक्छ। भिजिट नेपालको प्रारम्भमा जापानका सडक, चोक र अग्ला भवनहरूमा खिचिएका तस्विर सामाजिक सञ्जालमार्फत् सार्वजनिक हुँदा यस किसिमको भ्रम पर्न सक्छ। तर त्यसो होइन। औपचारिक कार्यक्रमका आफ्नै सीमाहरू हुन्छन्। यसका पनि थिए। तर कार्यक्रम अघि र पछि भएका भेटघाट र अनौपचारिक कुराकानीले नै कार्यक्रमको स्तर निर्धारण गर्छन्। सहभागी हुन आएका कोही पनि पिकनिक शैलीमा जापान घुम्न आएका थिएनन्। सबैको चिन्ता थियो, केन्द्र र च्याप्टरबीचको सम्बन्धलाई कसरी कसिलो बनाउन सकिन्छ ? त्यसैगरी बोर्ड अफ ट्रस्टी र केन्द्रीय कार्य समितिबीचमा कसरी अझै दरिलो सम्बन्ध बनाउन सकिन्छ ? अनि नेपाली भाषामा लेखिरहेका चर्चित लेखहरूलाई कसरी अन्तर्राष्ट्रिय साहित्य समाजको छातामुनि ल्याउन सकिन्छ ? चौथो दिन स्थानीय पर्यटकीय स्थल घुम्ने क्रममा टोक्यो महानगरको ४५ औँ तलामा बसेर सहर अवलोकन गरिरहँदा पनि साथीहरूको चिन्ता यस्तै किसिमको थियो ।

समग्रमा नेपाली साहित्यको साङ्गठनिक इतिहास लेखिँदा अनेसासको तेस्रो च्याप्टर सम्मेलनको चर्चा अवश्य हुनेछ र विश्वका कुनाकुनाबाट नेपाली साहित्यको उत्थानमा कुनै योगदान गर्न सकिन्छ कि भनेर टोक्यो आइपुग्ने साथीहरूलाई समयले अवश्य सम्झने छ ।

●

(विगत १५ वर्षदेखि जापानमा बसेर कलम चलाउनु हुने प्रकाश पौडेल 'माइला' अनेसास केन्द्रीय कार्य समितिका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ ।)

# रूपान्तरण



● **युवराज अधिकारी**
काठमाडौँ

**कविता**

एकपटक सिर्फ एकपटक
आफ्नै बाबा-आमा
र
बाजे-बज्यैहरूमा
आफूलाई रूपान्तरण गरी
गहिरो सास लिएर
निमेषभरका लागि
छाती छाम्दा ...
अदम्य उत्साह र जोस बोकेका
तन्नेरीहरू
समयले आग्रह गरेको छ
अनुनय/विनय गरेको छ
ताकी संस्कार, सभ्यता
इतिहास र संस्कृति पनि
केही चिज हो
डोको, नाम्लो र दाम्लोको नक्सा देखाएर
हाजिरीजवाफमा सोद्धा
पास गर्ने पुस्तालाई
बाजेहरूले समातेका हलो, कुटो र कोदालाहरू
आफ्नै बज्यैहरूले समातेका/ढिकी, जाँतो र
अँगेनाहरूमा पनि
स्वाभिमानको सुवास थियो भनेर
इतिहासको यो घडीले झक्झकाउनु पर्छ
बिउँझाउनुपर्छ
यद्यपि तिनमा
डिजिटल, ऱ्याप-पप र ट्याटुको
आभास थिएन होला
मुन्द्रे संस्कारको मात्र हैन
टाई, सुटधारी पि.एचडी. साबहरूको
धरती बिर्सेका सोचले
गाँजेको थिएन होला
एफ.बी. र ट्विटरका
राम्रा/नराम्रा
कपी पेस्टको परवाह थिएन होला
तर पनि
जीवन र जगतप्रतिको
माटो र मुटुप्रतिको
चेत थियो
जो स्वाधीन अस्तित्व र सन्ततिको खातिर
माटो र मुटुको स्पन्दनलाई चुमेर
स्वाधीनता र स्वाभिमानको
सगरमाथामा

सदैव बाँचेका छन् ।

तिनकै सामु जो बाँचेर पनि
हरक्षण मरिरहेछन्
सायद
संस्कार, संस्कृति र अस्तित्वको
अनुपम मेल
खुकुरीको धारमा मात्र हैन
स्वाभिमानको आभामा पनि उभेको हुन्छ
यसैले त
युवा जोश र जाँगरका
देदीप्यमान ज्योतिहरूलाई
देशको माटोले गुहारिरहेछ
स्वअस्तित्वको निमित्त
तिम्रो नसा-नसामा बहने
रगतको थोपाहरूमा
स्वाभिमान बहनुपर्दछ
स्वाधीनता छचल्किनु पर्दछ
किनकि
देश तिम्रो मात्र हैन
पुर्खाको नासो र
भावी सन्ततिको
स्वाधीनतापूर्वक बाँच्ने आधार हो ।
स्वाधीनतापूर्वक बाँच्ने आधार हो ।




# विकृतिले जलेका आस्थाहरू कवित्वमा



● **रञ्जना निरौला**
सदस्य, अनेसास, नेपाल च्याप्टर

समीक्षा

तिसको दशकमा क्रान्तिकारी कविताको मसाल बोकेर कविताकै माध्यमबाट निरङ्कुशताको विद्रोह गर्दै कवि साहित्यकार तथा पत्रकारको रूपमा यात्रा सुरु गरेका र अद्योपान्त क्रियाशील कवि राधेश्याम लेकाली क्रान्तिको बाटो हुँदै आजसम्म प्रजातन्त्र, गणतन्त्रको साक्षात्कारपश्चात् पनि उत्तिकै सक्रिय रहेका छन्। जीवनका यात्रामा गरेका अनुभवलाई १३ वटा कविता कृति प्रकाशित गरिसकेका लेकालीले हालसालै अर्को नयाँ कवितासङ्ग्रह **पहाडहरू जलिरहेछन्** प्रकाशनमा ल्याएका छन्। मूलतः देश, द्वन्द्व, विषम परिस्थिति, सङ्क्रमण र क्रन्तिले प्रभावित उनका कविताहरू रोष, क्रोध, आक्रोशमा तथा आशा र आस्थाका शान्त नेपालीको पहाडजस्तै सुन्दर र सौम्य जनजीवन जलिरहेको अनुभूत कविताहरूमार्फत गराउँछन्।




२९ वटा कविताहरूको सङ्ग्रह रहेको यो पुस्तकमा २०५६ सालदेखि २०६० सालसम्म लेखिएका कविताहरूलाई एउटै मालामा उनेर सङ्ग्रहको रूपमा ल्याइएको छ । हाम्रो गाउँघरको आफ्नै कथा छ, देशको आफ्नै व्यथा छ। देशले विभिन्न चरण पार गरेको छ । हरेक सङ्क्रमण युगसँग जुध्दै देशका लागि राम्रोभन्दा राम्रो व्यवस्थाका लागि युगनायकहरूले समय खर्चेका छन् । धेरैले सहिद भएर जीवन अर्पेका छन् । युग परिवर्तनको आश्वासन जनतालाई दिएका छन्। तथापि आश्वासन आश्वासनमै सीमित

भएर आस्था, भर, विश्वासका पहाडहरू भने जलिनैरहेका छन् भन्दै प्रतीकात्मक, बिम्बात्मक तथा सिधै भनेर पनि कवि लेकाली रोष पोख्छन् । सुन्दरता, प्राकृतिकता, दुर्गमता र शान्तिको आफ्नोपनमा रहेका पहाडरूपी जीवनहरू त्रासमा बदलिएको कुरालाई कवितामा चित्रित गर्दै 'पहाडहरू जलिरहेका छन्' नामक कविताबाट यस सङ्ग्रहको काव्ययात्रा सुरु गर्छन् । षड्यन्त्र र जालझेलले मान्छेको जीवनबाट शान्ति र सद्भाव खोसेको छ भन्दै मौसम रोकिँदा गुलाब हाँस्दैन भनी कवितामा विवशता पोख्छन् । सत्तामोहमा देशप्रेम र स्वाभिमान बिर्सने सत्ताधारीले देशलाई दाउमा राखेको कुरा व्यक्त गर्दछन् 'सहरले कात्रो ओडिसकेको छ' कवितामा । अराजक र आतङ्क निलेका सयौँ निर्दोषको रगतले देशको इतिहासलाई कलङ्कित पारेको कुरा 'सक्छौ भने बुद्ध बन' भन्ने कवितामा व्यक्त गर्दै शान्तिको चाहना गर्छन् । कहिले सहस्राब्दीमा बुद्धले हारेको वेदना पोख्छन्, कहीँ मानवीय समवेदना हराएको कथा लेख्छन् । देशका लागि प्राण त्याग गर्ने सहिदहरूको सपनामा कुठाराघात गरी बलिदानको खिल्ली उडाउनेप्रति व्यङ्ग्य गर्छन् । युद्धमा रगतले भिजेको माटोको मायाले निथ्रुक्क भिजेर अहिंस्रक बन भनी आग्रह गर्छन् । ज्युँदो मुर्दा सरह रहेका हरेक एकलाई देशका लागि उठ्न आग्रह गर्छन् । वर्तमानको उज्यालोप्रति आशावादी कवि वर्तमानको दिव्यकुञ्जमा आफूलाई देश विकासमा लगाएको भाव व्यक्त गर्छन् । उनी कविताभरि दसैंको पीडामा छन् । साफ खेललाई सकारात्मक आँखाले हेर्दै खेलाडीलाई शुभकामना दिन अघि सर्छन् । पासाङको गौरवलाई, देशको विस्तार र माटोलाई, निरङ्कुशतालाई, कुशासन र तानाशाही बनेको लोकतन्त्रलाई कविता बनाएर निरङ्कुश, विकृति, विसङ्गति, भ्रष्टाचार स्वीकार्य छैन भन्दै शब्दशब्दमा विद्रोहको राँके जुलस निकाल्दै अक्षर अक्षरले भावनात्मक र विचारात्मक क्रान्ति गर्छन् । लेकालीका कविताहरू देश, देशप्रेम, देशको चिन्ता, राजनैतिक परिवेशको वरिपरि असन्तुष्ट क्षोभ र विद्रोहका मसाल नै हुन् । प्रायः सबै कविताहरूको भाव नै हो देशप्रेम, विकृति र विसङ्गतिप्रति विद्रोह । यी विद्रोही कविताले स्वाभिमान र देशप्रेमको चाहना जुरुक-जुरुक पार्छन् । यसरी पाठकलाई आन्दोलित बनाउन सक्नु साहित्यकार लेकालीको काव्य वैशिष्ट्य हो, कविताको सफलता हो । राष्ट्र, व्यवस्था, प्रेम र विद्रोहको अन्तर्द्वन्द्वमा उनका कविताहरू मार्मिक र देशभक्त भावनाले ओतप्रोत छन् । उनी पहाडसँगै रोएका छन्, हिमालसँगै दुखेका छन्, तराईसँगै तड्पिएका छन् । देशमा भएको विकृति र विसङ्गतिको विद्रोहमा जनता जागेका छन् र मुस्लोसरह बनेका छन् भन्दै **पहाडहरू जलिरहेछन्** कवितासङ्ग्रहलाई बिट मारेका छन् । यसरी **पहाडहरू**

**जलिरहेछन्** कविताभित्र दिनहुँ दुःख बनेका हरेक व्यवस्था, शासन र विसङ्गतिसँग बेमेल उनी कहीँकहीँ झल्याकझ्लुक खुसी र आशावादी पनि छन् । यसको मतलब उनी अन्धकारमा घामको आगमन पक्का हुनेछ भन्ने कुरामा सकारात्मक छन्। यसरी निराशा र अन्यौल परिस्थितिमा सकारात्मक भावाव्यक्ति उनको कवित्वको अर्को विशेषता हो।

यो कवितासङ्ग्रह गद्यात्मक शैलीमा लेखिएको छ भने मझौला र एकाध लामो संरचनामा कविताहरू विस्तारित छन्। व्यञ्जनाले युक्त धेरै कविताहरूले सत्ता, व्यवस्था र सत्ताधारीहरूलाई व्यङ्ग्य गरेका छन् भने कुनै कुनै कवितामा सकारात्मक र खुसीभाव व्यक्त भएको पाइन्छ । यसो हेर्दा कविताहरू क्लिष्ट लागे पनि पढदै जाँदा बोधगम्य छन् । कतै अन्त्यानुप्रासीयता र कतै अन्तरअन्त्यानुप्रासले कविता गुणवत्तायुक्त बनेका छन् । प्रगतिवादी कवितायात्राको महत्त्वपूर्ण उपलब्धि पनि हो यो कवितासङ्ग्रह । विचारको यात्रासँगै देशको निश्चितकाल अवधिलाई प्रतिनिधि गरेका यी कविताहरूले लोकतन्त्र अघि र पछिको परिवेशलाई बोक्दै युगीन चित्रलाई लिपिबद्ध गरेका छन् । मायाप्रेम, चाहना कल्पनाभन्दा टाढा देशप्रेम, देशको चिन्ता, अवस्थाप्रति वितृष्णा, बलिदानका भावनाले ओतप्रोत यी कविताको आफ्नै वैशिष्ट्य रहेको छ । मायाप्रेम, चाहना, कामनाबिना पनि कविता सरस हुन्छन् भन्ने कुरा लेकालीका कविताले प्रमाणित गरेका छन् यो कवित्वको सफलता हो। नेपाल भूपरिवेष्ठित देश हो, हामीलाई चिन्ने प्रतीकात्मक नामहरू नै सुन्दर पहाड, हिमाल हुन् । पहाड भन्नु नै नेपाली जनता र पहाडैले भरिएको देशको सर्वनाम हो। पहाड जल्नु भनेकै जनता दुःखी हुनु हो, अवस्था विकृत हुनु हो, विसङ्गति र बेथितिमा देश दुख्नु हो । यस अर्थमा कवितासङ्ग्रहको नाम प्रतीकात्मक हिसाबले सार्थक देखिन्छ । निश्चित कालखण्डलाई सम्बोधन गरेका कविताहरू भए पनि राष्ट्रप्रतिको चिन्तन अत्यन्त गहिरो ढङ्गमा अभिव्यक्त यी कविताहरू वर्तमानमा पनि उत्तिकै सान्दर्भिक लाग्छन्, देशप्रेमले ओतप्रोत पनि । कविता स्वयम्मा भाव वा विचारको संवाहक हो यसले आफूभित्र आफू बाँचेको युगलाई बोकेको हुन्छ त्यसैले कविताहरू जीवन्त इतिहासजस्तै हुन्छन्। काव्यकारिताले भरिएका यी कविताहरू माझिएका छन् । जनताको आशा, देशको पीडा र सत्ताको विकृतिले एकआपसमा विरोधाभास उत्पन्न गरेका कविताले देशकै मर्म गाएका छन् । देशसँग सुशासन, जनतासँग विश्वास र सत्तासँग आस्था हुनुपर्छ र त्यसका लागि हरतरहले तयार रहनुपर्ने कुरा व्यक्त गरिएको यो सङ्ग्रहपश्चात् फेरि पनि राधेश्याम लेकालीको अर्को कवितासङ्ग्रहको अपेक्षा गर्छु। ●

अनेसास गतिविधि

# नेपाली साहित्यको अन्तर्राष्ट्रिय बजार खोजी

२३ वैशाख २०७६, सोमबार । नेपाली साहित्य अन्तर्राष्ट्रिय बजारसमक्ष पुऱ्याउन र विश्वव्यापीकरण गर्न पोखराबाट अभियान सुरु भएको छ ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), नेपाल च्याप्टरले नेपाल प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा यसबारे पोखरा साहित्य सम्मेलन गऱ्यो । सम्मेलनअन्तर्गत विचार गोष्ठीका वक्ताले अङ्ग्रेजी भाषामा नेपाली रचना अनुवाद गरी विश्व बजारमा पठाउनुपर्ने सुझाव दिए ।

नेपाल प्रज्ञा प्रतिष्ठान कथा विभाग प्रमुख माया ठकुरीले नेपाली कृतिहरूले पनि विश्व साहित्यमै प्रतिस्पर्धा गर्न सक्ने गरी पछिल्लो समय साहित्य लेखन र प्रकाशनको साधना झन्झन् राम्रो हुँदै गएको बताइन् । उनले विगतमा आख्यान लेखनमा रुचि कम देखिएको स्मरण गर्दै प्रतिष्ठानले प्रकाशन गर्ने समकालीन पत्रिकाका लागि रचना पठाउन समेत आग्रह गरिन् । आफ्ना कृति अङ्ग्रेजीमा अनुवाद गर्दाको अनुभव पनि उनले सुनाइन् । नेपाली कृति अनुवाद नभएका कारण अन्तर्राष्ट्रिय जगत्मा पहिचान बनाउन नसकेको मायाको भनाइ छ ।

प्रतिष्ठान अनुवाद विभाग प्रमुख प्रा.डा. उषा ठाकुरले नेपाली साहित्य गुणस्तरीय भए पनि प्रचार नभएका कारण परिचित हुन नसकेको बताइन् । उनले सुन्दर नगरी पोखराबाट अनेसास र प्रज्ञा प्रतिष्ठानको सहकार्यमा नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरणको अभियान सुरु गर्न पाउँदा खुसी लागेको बताइन् । यो अभियानलाई सबैको सहयोगमा अघि बढाउन उनले जोड दिइन् ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा. नवराज न्यौपानेले नेपाली आख्यान साहित्यमा अनूदित कृति विषयक विचार गोष्ठीमा कार्यपत्र प्रस्तुत गरे । यस्तो कृतिले नेपाली साहित्यको विस्तारमा मद्दत पुग्ने उनको कार्यपत्रको सार थियो ।

कार्यक्रममा प्रा.डा. यामबहादुर पौडेल क्षेत्री, भाषाविद् मुकुन्दशरण उपाध्याय, अनेसास निवर्तमान अध्यक्ष पदम विश्वकर्मा, अनेसास नेपाल च्याप्टर महासचिव सन्ध्या पहाडीले अनूदित कृतिबारे प्रकाश पारे ।

यस्तै, अनेसास बेलायत च्याप्टर अध्यक्ष सुमलकुमार गुरुङ, अनेसास गण्डकी अध्यक्ष दुर्गाबहादुर शाह बाबा, गण्डकी सचिव असफल गौतम, साहित्यकार गोविन्द गिरी प्रेरणा, डा. रेणुका सोलु, ज्ञानु अधिकारी, गीता मैनाली, गीता कार्कीलगायतले पनि कार्यपत्रमाथि टिप्पणी गरे ।

अनेसासका केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीले संस्थाले २० जना कथाकारका कथा अङ्ग्रेजीमा अनुवाद गरेर प्रकाशन गर्ने तयारी पनि गरिरहेको जानकारी दिए । उनले भने, 'उत्कृष्ट कृतिको पहिचान र त्यसलाई बजारीकरण गर्ने हो । पुस्तक प्रकाशन गरेर मात्रै हुँदैन विश्वबजारमा पठाउनुपर्छ ।'

– राजधानी दैनिक

# तीनदिन व्यापी एसिया क्षेत्रीय सम्मेलन सम्पन्न

मिरिक, १८ अक्टोबर (निसं) । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको दार्जीलिङमा हुने तीनदिने एसिया अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा भाग लिन नेपाली साहित्यकारहरूलाई मिरिकमा साहित्य सुनौँ परिवार मिरिकले न्यानो स्वागत जनायो । परिवारकी अध्यक्ष कमला राईको नेतृत्वमा सदस्यहरूले न्यानो स्वागत जनाए । स्वागत कार्यक्रममा परिचय आदानप्रदान सहित कविता, गीत र गजल पनि प्रस्तुत गरियो । १९ अक्टोबरदेखि सुरु हुने तीनदिने कार्यक्रममाथि सङ्गठनको सिलगढी च्याप्टर अध्यक्ष लतिका जोशीले जानकारी दिइन् । तिनले दिएको जानकारीअनुसार, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको दोस्रो अन्तर्राष्ट्रिय साहित्य सम्मेलन १९ अक्टोबर दार्जीलिङको पाइन ट्रीको प्रेक्षागृहमा सम्पन्न हुनेछ। सम्मेलन तीन दिनसम्म चल्नेछ । नेपाली भाषा साहित्यको प्रचारप्रसार, संरक्षण अनि सम्बर्द्धन गर्न अनि विभिन्न देशमा बसोबास गरिरहेका कवि साहित्यकारहरूको ऐक्यबद्धताका लागि अनेसासले सम्मेलन आयोजना गरेको छ । सम्मेलनमा विज्ञ प्राध्यापक तथा प्राज्ञहरूले भाषा साहित्यका विविध पक्षमाथि कार्यपत्रहरू प्रस्तुत गर्ने जानकारी दिँदै कार्यक्रममा कविहरू, कलाकारहरू अनि गजलकारहरूले रचना वाचन र कला प्रस्तुत गर्ने पनि तिनले बताइन् । शुक्रबार मिरिकमा आइपुगेका अमेरिका, युके, कोरियालगायत नेपाल काठमाडौँ, नेपाल झापालगायत सिलगढी, मिजोराम अनि मिरिकका साहित्यकारसँग परिचय आदानप्रदान गरियो । साहित्य सुनौँ परिवारकी अध्यक्ष कमला राई, संरक्षक दधिराम घिमिरे, कमला तामाङ,

वाइ.एन. ढकाल, राजबहादुर राई, एस.बी. गजमेर, रोशन राई आदित्य, अजम प्रधान आदिले साहित्यकारहरूलाई न्यानो स्वागत जनाए । यस अघि सन् २०१७ मा प्रथम एसियाली क्षेत्रीय सम्मेलनको आयोजना कोरिया च्याप्टरले गरेको थियो ।

## 'तेस्रो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलन' सिक्किममा सम्पन्न

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको 'तेस्रो अन्तर्राष्ट्रिय महिला साहित्य सम्मेलन' सम्पन्न भएको छ । नेपाल र प्रवासी साहित्यको सेतुका रूपमा हेरिएको यो सम्मेलन आइतबार भारतको सिक्किममा सम्पन्न भएको हो ।

साहित्यका विविध पक्षहरूलाई समेटिएको ३ दिने सम्मेलनमा अनेसासको कार्यपत्र प्रस्तुत, नेपाली महिला लेखकको अवस्था, कार्यक्रमको उद्देश्य, विभिन्न विधामा स्रष्टा सम्मान तथा अभिनन्दन, कृति विमोचन, साहित्यिक सांस्कृतिक प्रस्तुतिलगायतलाई समेटिएको थियो ।

सभामुख कलावती राईको प्रमुख आतिथ्यमा उद्‌घाटन गरिएको सम्मेलनको पहिलो दिन शुभकामना सन्देश, कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पारिनुका साथै सिक्किमका स्थानीय कलाकारद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुति गरिएको थियो ।

मन्त्री तुलसा राईको संयोजकत्वमा सम्पन्न कार्यक्रममा विशिष्ट अतिथिका रूपमा वरिष्ठ समालोचक प्रा.डा. खगेन्द्र लुइटेल, साहित्यकार बिन्ध्या सुब्बा, अनेसास केन्द्रीय उपाध्यक्ष राधेश्याम लेकालीलगायतको उपस्थिति रहेको थियो ।

सिक्किमका मुख्यमन्त्री तथा साहित्यकार पवन चामलिङ, अनेसास केन्द्रीय अध्यक्ष पदम विश्वकर्मा, मन्त्री कलावती राई, कार्यक्रम संयोजक तुलसा राई, डा. खगेन्द्र लुइटेल, अनेसास केन्द्रीय कोषाध्यक्ष शान्तिराम ढकालले शुभकामना व्यक्त गरेको उक्त सम्मेलनमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले सम्मेलनको प्रशंसा गर्दै व्यक्त गरेको शुभकामना अनेसास केन्द्रीय सदस्य तथा साहित्यकार सन्ध्या पहाडीले वाचन गरेर सुनाउनुभएको थियो ।

अनेसास सिक्किम च्याप्टर अध्यक्ष डा. पुष्पा शर्माले स्वागत मन्तव्य व्यक्त गरेको उक्त सम्मेलनको पहिलो दिन साहित्यकार राधेश्याम लेकालीले कार्यक्रमको

उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभएको थियो भने अन्य विशिष्ट व्यक्तिहरूले पनि सम्मेलनबारे आफ्ना धारणा राख्नुभएको थियो ।

सम्मेलनको दोस्रो दिन कार्यपत्र प्रस्तुत, ब्यानर डिस्कसन, कवि गोष्ठीलगायतको कार्यक्रम राखिएको थियो । जसमा नेपाली साहित्यमा महिला लेखकको अवस्थाको बारेमा वरिष्ठ समालोचक लीला लुइटेल र भारतीय नेपाली साहित्यमा नारीवाद शीर्षकका वरिष्ठ साहित्यकार सविता तामाङले प्रकाश पार्नुभएको थियो ।

समालोचक डा. सावित्री कक्षपति र ज्ञानु अधिकारीले प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो । नेपाली साहित्यको विश्वव्यापीकरणमा महिलाहरूको भूमिकामाथि प्यानल डिस्कसन पनि भएको थियो । जसमा डा. कविता लामाले मध्यस्थता गर्नुभएको थियो । अस्ट्रेलियाबाट सानु घिमिरे, लतिका जोशी नेपालबाट तथा अमेरिकी स्रष्टाहरूले भाग लिएका थिए । विभिन्न कार्यक्रममा सञ्चालनको अभिभारा डा. कविता लामा, उषा शर्मा, पारसजी आदिले गर्नुभएको थियो । जसको संयोजन साहित्यकार उमा सुवेदीले गर्नुभएको थियो ।

त्यस्तै साहित्यकार प्रकाशचन्द्र प्रधानको प्रमुख आतिथ्यमा भएको कवि गोष्ठीमा विभिन्न देशका ८० जना भन्दा बढी साहित्यकारहरूले कविता वाचन गर्नुभएको थियो भने १ हजार अमेरिकी डलर राशिको 'अनेसास भवन भट्ट विशिष्ट महिला साहित्य पुरस्कार' बाट साहित्यकार गीता खत्रीलाई सम्मान गरिएको थियो ।

साहित्यकारहरू डा. पदम विश्वकर्मा, राधेश्याम लेकाली, शान्तिराम ढकालबाट सिक्किमका मुख्यमन्त्री पवन चामलिङलाई अभिनन्दन गरिएको समारोहमा 'अनेसास डायस्पोरा सम्मान' बाट साहित्यकारद्वय सकुन ज्ञवालीलाई सम्मान गरिएको थियो ।

त्यस्तै २०० डलर राशिको 'अनेसास नवरत्न पुरस्कार' बाट अनेसास सल्लाहकार बिन्ध्या सुब्बा सम्मानित हुनुभएको थियो भने अनेसास विशिष्ट सम्मानबाट वरिष्ठ स्रष्टा कविता पौडेल र भारतीय साहित्यकार शान्ति क्षेत्री प्रधानलाई सम्मानित गरिएको थियो ।

सिक्किमका मुख्यमन्त्री पवन चामलिङबाट अनेसासद्वारा प्रकाशित कृति सृजनामा नारीको लोकार्पण गरिएको सम्मेलनमा डा. कृष्णजङ्ग राणा, गार्गी शर्मालगायतका साहित्यकारहरूका कृति पनि विमोचन गरिएको थियो ।

सम्मेलनमा अनेसासका प्रकाशित कृतिहरू र सिक्किमको निर्माण प्रकाशका सयौँ पुस्तकहरू प्रदर्शनीमा राखिएको थियो ।

सम्मेलनको अन्तिम दिन कवि गोष्ठीका साथै नेपालका तर्फबाट साहित्यकारहरू कमला रिसाल, शान्ति बस्याल बुढाथोकी र मेनुका लामाको विशेष सांस्कृतिक प्रस्तुति रहेको थियो ।

नेपाल, भारत, अमेरिका, जापानलगायतका देशहरूमा रहेका साहित्यकार हरूको बाक्लो उपस्थिति रहेको अनेसास तेस्रो अन्तर्राष्ट्रिय महिला सिक्किम सम्मेलन ५ बुँदे सिक्किम घोषणा-पत्रसहित भव्यताका साथ सम्पन्न भएको थियो ।

# अनेसास केन्द्रीय कार्य समिति २०२०-२२ को निर्वाचन समिति गठन

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले केन्द्रीय कार्य समिति २०२०-२०२२ का लागि निर्वाचन सम्पन्न गर्न डा. चूडामणि खनालको संयोजकत्वमा निर्वाचन समिति गठन गरेको छ ।

दुई वर्षका लागि हुने केन्द्रीय कार्य समितिको निर्वाचनबाट नयाँ विधानबमोजिम अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, पाँच उपाध्यक्ष (पाँच महादेशीय प्रतिनिधि), महासचिव, सचिव, कोषाध्यक्ष र ५ जना सदस्यहरू निर्वाचित हुनेछन् । नवनिर्वाचित कार्य समितिले पछि दुई सदस्य मनोनित गर्ने व्यवस्था छ ।

अघिल्लो निर्वाचनमा निर्वाचन समिति सदस्य रहिसक्नु भएका खनालको नेतृत्वमा तीर्थराज पाण्डे (अमेरिका), विजय भट्टराई (डालस, अमेरिका), कुमारबाबु सिंखडा (बेलायत), पुष्पा खनाल (नेपाल) सहित ५ सदस्यीय निर्वाचन समिति रहेको छ ।

अनेसासको विधानअनुसार जुलाई १० सम्ममा केन्द्रीय कार्य समितिको निर्वाचन सम्पन्न गरिसक्नु पर्ने अवस्था रहेकाले निर्वाचनका लागि सदस्यता अपडेटलगायतका आन्तरिक कार्यहरू द्रुतरूपमा भइरहेको जानकारी अध्यक्ष राधेश्याम लेकालीले जानकारी गराउनुभएको छ ।

अबको केही दिनभित्रमै निर्वाचन समितिले निर्वाचनको कार्यतालिका प्रकाशित गरेपछि निर्वाचन प्रक्रियाले गति लिने जानकारी केन्द्रीय महासचिवले जानकारी गराउनुभएको छ ।

संसारभरि दर्जनौँ च्याप्टर रहेको प्रवासको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय साहित्यिक संस्था अनेसासले लामो समयदेखि नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकास र विस्तारमा विभिन्न कार्यहरू गर्दै आएको छ ।

# सर्वोत्कृष्ट पुस्तक तथा विशिष्ट प्रतिभा पुरस्कार २०१९ वितरण कार्यक्रम सम्पन्न

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को सर्वोत्कृष्ट पुस्तक पुरस्कार तथा विशिष्ट प्रतिभा पुरस्कार वितरण कार्य यही १० नोभेम्बर २०२० मा अमेरिकाको वासिङ्टन डिसीमा सम्पन्न भयो । अनेसासले हरेक दुई वर्षमा विभिन्न विधाका उत्कृष्ट कृतिहरूलाई चयन गरी पुरस्कृत गर्दै आइरहेको छ ।

यसपटक अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारबाट पुरस्कृत हुनुहुने स्रष्टा र कृतिहरूमा नरेन्द्रराज पौडेल (अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार - 'रोबोटका आँखा' कथासङ्ग्रह), कुन्ता शर्मा (अनेसास सर्वोत्कृष्ट काव्य पुरस्कार - 'मेरो मान्छे' कवितासङ्ग्रह), युवराज मैनाली (अनेसास सर्वोत्कृष्ट कथा पुरस्कार - 'पृथक बाटो' लघुकथासङ्ग्रह), तीर्थ गुरुङ (अनेसास सर्वोत्कृष्ट उपन्यास पुरस्कार - ' पाठशाला' उपन्यास), घनश्याम राजकर्णिकार (अनेसास सर्वोत्कृष्ट निबन्ध/नियात्रा पुरस्कार - यात्राको छहारीमा हिउँफूलकी रानी नियात्रा), रमेश दियाली (अनेसास सर्वोत्कृष्ट डायस्पोरा पुस्तक पुरस्कार - 'छाप्रो नं. ५५' उपन्यास), नमिता बराल (अनेसास सर्वोत्कृष्ट गजल पुरस्कार - 'आँगन' गजलसङ्ग्रह) र तेजबहादुर कार्की (अनेसास सर्वोत्कृष्ट संस्कृति र अनुसन्धान पुरस्कार - 'मस्टो संस्कृति') रहेका छन् ।

अनेसास पुरस्कार समितिको आह्वानमा यस वर्ष अनेसासको इतिहासमा सबैभन्दा बढी १३६ पुस्तकहरू मूल्याङ्कनका लागि दर्ता भएका थिए । तीमध्ये अङ्ग्रेजी भाषामा प्रकाशन भएका, सन् २०१७ को जनवरी १ भन्दा अघि प्रकाशन भएका, पुरस्कार समितिले प्रकाशन गरेको सूचनामा उल्लेख भएको भन्दा पृष्ठसङ्ख्या कम भएका, विधा प्रस्ट रूपमा नखुलाइएका पुस्तकहरू हटाएर कूल ३५ कवितासङ्ग्रहहरू, कथा/बालकथा २१, निबन्ध, नियात्रा र संस्मरण २४, उपन्यास १८, मुक्तक, गीत, गजल र हाइकु ११, समालोचना, अनुसन्धान र संस्कृति ९, बालबालिकाका लागि साहित्य ४ समेत १२२ पुस्तकहरू मूल्याङ्कनमा

समावेश गरिएका थिए । नेपाली भाषा, साहित्य, समालोचनाका क्षेत्रमा विशिष्टता प्राप्त गरिसकेका ६ जना विद्वानहरूले सबै पुस्तकहरू अध्ययन गरी मूल्याङ्कन गरेपछि उहाँहरूबाट प्राप्त नतिजालाई पुरस्कार समितिले तालिकीकरण गरी प्राप्ताङ्कको उच्चताका आधारमा विधागत रूपमा अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि पुस्तकको चयन गरी जुलाई २१ मा अनेसास केन्द्रीय कार्य समितिले क्यालिफोर्नियामा आयोजना गरेको आदिकवि भानुभक्त आचार्यको १४८ औँ जन्मजयन्तीको अवसरमा अनेसास पुरस्कार समितिको स्थापित परम्पराअनुसार पुरस्कृत पुस्तकहरूको नतिजा सार्वजनिक गरेको थियो । सोही दिन वासिङ्टन डि.सी.मा स्थानीय पत्रकारहरूसित एक भेटको आयोजना गरी पुरस्कार समितिका अध्यक्ष प्रा.डा. गोपी उप्रेतीले सो नतिजा सार्वजनिक गर्नुभएको थियो ।

अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारको राशि यस वर्षदेखि पुरस्कार समितिका अध्यक्ष प्रा.डा. गोपी उप्रेतीसमेतको संलग्नतामा यसपटकसमेत आगामी चार पटकका लागि विगतको १५०० डलरबाट बढाएर २००० अमेरिकी डलर बनाइएको छ। यसैगरी गजल, समालोचना र अनुसन्धानका लागि अमेरिकी डलर ५०० पुरस्कार राशि कायम गरिएको छ भने काव्य, कथा, उपन्यास, निबन्ध विधाका लागि यसै पटकदेखि पुरस्कार राशि अमेरिकी डलर १००० कायम गरिएको छ । डायस्पोरा पुस्तक पुरस्कारका लागि प्रदान गरिने पुरस्कारको राशि यसपटक अमेरिकी डलर ११०० बनाइएको छ ।

अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि विगतमा प्रदान गरिँदै आएको अमेरिकी डलर १५०० बाहेक उल्लिखित सबै पुरस्कारहरू अनेसासमा विगत लामो समयदेखि कार्यरत भाषासाहित्यसेवक, भाषासाहित्यसाधक तथा प्रेमी महानुभावहरूको समर्पण र संलग्ताबाट प्रायोजन भएको छ । यस क्रममा अनेसास डायस्पोराबाट प्रकाशित सर्वोत्कृष्ट पुस्तकका लागि अनेसासका पूर्व केन्द्रीय अध्यक्ष, बिओटी सदस्य तथा वर्तमान पुरस्कार समितिका एक सदस्य जापान निवासी डा कुमार बस्नेतले उहाँका स्वर्गवासी पितामाता दिल बस्नेत तथा लीला बस्नेतको स्मृतिमा अनेसास दिल-लीला सर्वोत्कृष्ट डायस्पोरा पुस्तक पुरस्कार प्रायोजन गरी अमेरिकी डलर ११५० (प्रशासनिक खर्चसमेत) प्रदान गर्नुभएको छ । यसले नेपाल बाहिर बसोवास गरी लेखिरहेका लेखकहरूलाई प्रोत्साहन हुने (अन्य विधाका पुरस्कारमा नपरेका अवस्थामा पनि एक किसिमको विशेष आरक्षण हुनु) पक्का छ ।

बोर्ड अफ ट्रस्टी कोषाध्यक्ष राम लामा अविनाशीले अनेसासको बृहत्तर विकासमा लामो समयदेखि समर्पित भई नेपाली भाषासाहित्यलाई विभिन्न मञ्चहरूबाट विश्वव्यापी बनाउने विशिष्ट एवम् प्रतिभाशाली व्यक्तित्वको छनौट गरी दुई-दुई वर्षमा पुरस्कृत र सम्मानित गर्ने इच्छासहित सन् २०१७ देखि प्रायोजन गर्नुभएको अनेसास विशिष्ट प्रतिभा पुरस्कार यस वर्षदेखि अनेसासको विधान २०१६ अनुसार पुरस्कार समितिमा समेटिएको छ । अनेसास केन्द्रीय कार्यालयले सन् २०१७ मा वितरण गरेको यस पुरस्कारको राशि प्रायोजनकर्ताले अमेरिकी डलरबाट बढाएर हाल २५०० डलर बनाउनुभएको छ । यस पुरस्कारबाट सन् २०१७ मा अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदी सम्मानित हुनुभएको थियो । यस वर्ष त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा बिओटीका सल्लाहकार डा. खगेन्द्रप्रसाद लुइटेल पुरस्कृत हुनुभएको छ । अनेसासका संस्थापक अध्यक्ष आदरणीय होमनाथ सुवेदीज्यूको 'उत्तर अमेरिकाको नेपाली साहित्यको इतिहास' नामक पुस्तक सार्वजनिक गर्ने काम भयो ।

केन्द्रीय कार्य समितिको सक्रियता, नेपाल च्याप्टरको विशेष सहयोग, विभिन्न च्याप्टर र आजीवन सदस्यहरूको विशेष सहयोगले पुरस्कार वितरण कार्यक्रम भव्य बनेको थियो ।

## बेलायतमा छैटौँ अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

लन्डन । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समितिको आयोजनामा छैटौँ अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (३-५ अगस्ट, २०१९) लन्डनमा भव्यताका साथ सम्पन्न भएको छ ।

कार्यक्रमको संयोजन तथा व्यवस्थापन अनेसास बेलायत च्याप्टरले गरेको थियो । सम्मेलनमा संसारका विभिन्न देशहरूबाट झण्डै ६ दर्जन नेपाली भाषी साहित्यकारहरू अनेसासका विभिन्न च्याप्टरहरूको प्रतिनिधित्व गर्दै लन्डन पुगेका थिए ।

लन्डनको दक्षिण-पूर्वी सहर बेलिङमा भएको सम्मेलनको पूर्व सन्ध्यामा लन्डन आइपुगेका साहित्यकारहरूको स्वागतार्थ बेलायत च्याप्टरले रात्रिभोजको आयोजना गरेको थियो । स्थानीय कम्युनिटी सेन्टरमा अगस्ट ३ मा कार्यक्रमको उद्घाटन प्रमुख अतिथि बेलायतका लागि नेपाली राजदूत डा. दुबसु छेत्री, विशिष्ट

अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङलगायत अन्य अतिथिहरूबाट दियोमा बत्ती बालेर सुरु गरिएको थियो । अनेसासका केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा कार्यक्रम सञ्चालन भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि डा.दुर्गाबहादुर सुवेदी छेत्रीले सभ्यताको माटो बेलायतमा यति धेरै साहित्यकारहरूको जमघट हुनु नेपाली भाषा र साहित्यको क्षेत्रमा ठुलो फड्को भएको जानकारी गराए । विशिष्ट अतिथि डा.जगमान गुरुङले भाषा बाँचे संस्कृति र संभ्यता बाँच्ने भएकोले साहित्यको सिमाना र क्षेत्र नहुने बताउँदै नेपाली सभ्यता फस्टाएकोमा प्रवासमा नेपाली साहित्यको काम गर्ने अनेसास प्रशंसाको पात्र रहेको बताएका थिए । उद्घाटन समारोहमा अनेसास बेलायतका अध्यक्ष तथा कार्यक्रमका संयोजक सुमलकुमार गुरुङले स्वागत मन्तव्यसहित कार्यक्रमको बारेमा जानकारी राखेका थिए । बोर्ड अफ ट्रस्टी उपाध्यक्ष पदम विश्वकर्मा, अनेसास केन्द्रका वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल 'माइला', गोरखापत्र संस्थानका प्रधान सम्पादक श्रीओम श्रेष्ठ 'रोदन', अनेसास उपाध्यक्ष सुनिल संगम, नेपाली मानक भाषा अन्तर्राष्ट्रिय सञ्जालका अध्यक्ष प्रा.डा. खगेन्द्र लुइँटेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सो सम्मेलनमा केन्द्रीय कार्य समितिका पदाधिकारीहरू, बिओटी प्रतिनिधि, संसारभरका च्याप्टर प्रतिनिधिहरूलगायत अनेसास केन्द्रका पूर्व अध्यक्ष प्रा. मोहन सिटौला, बिओटीका सल्लाहकार प्रा.डा. दुर्गा दाहाल, साहित्यकारहरू विश्वविमोहन श्रेष्ठ, गोवर्धन पूजा, कृसु क्षेत्री, कृष्ण बजगाई, डा. रूपक श्रेष्ठ, डा.कविता लामा, डा. रेनुका थापा, डा. पुष्पा शर्मा, सुमन घिमिरे, रुद्र पौडेल, सन्ध्या पहाडीलगायत नेपाली समकालीन साहित्यमा कलम चलाउने सयौँ व्यक्तित्वहरूको अभूतपूर्व जमघट रहेको थियो । सन्तोष कार्की, कमला रिसाललगायतले राष्ट्रिय गीत पनि प्रस्तुत गरेका थिए ।

सम्मेलनमा केन्द्रीय कार्य समितिबाट घोषणा भएको अनेसास वासुदेव मालती सम्मान तथा पुरस्कार वरिष्ठ साहित्यकार लीलबहादुर क्षेत्रीका प्रतिनिधिलाई पुरस्कार स्थापनकर्ता प्रा.डा. दुर्गा दाहालमार्फत हस्तान्तरण गरिएको थियो । त्यसैगरी अनेसास केन्द्रले साहित्यमा पवन चाम्लिङ, कलामा मदनदास श्रेष्ठ, संस्कृतिमा डा. जगमान गुरुङलाई अनेसास विशिष्ट सम्मान प्रदान गरेको थियो भने साहित्यकार डा. रूपक श्रेष्ठलगायत चौथो र पाँचौ सम्मेलनका संयोजकहरू

प्रकाश पौडेल ‘माइला’ र गणेश घिमिरेलाई सम्मान गरिएको थियो। यसै अवसरमा सुप्रमा पुरस्कार गजलकार नृपेश उप्रेतीलाई प्रदान गरियो ।

सम्मेलनमा पहिलो दिन केही प्रतिनिधि कविता वाचन तथा कृतिहरूको विमोचन गरिएको थियो । नेपाली कथाहरूको अनुवाद सङ्ग्रह **सिल्भर क्यास्केड**, **अन्तर्दृष्टि**, **प्रतिबिम्ब** (बेलायत), **पर्थ स्मारिका**, **लाभेन्दरका परागहरू** (पोर्चुगल) लगायत **यात्रा स्पर्शका अनुभूतिहरू** (सुमल कुमार गुरुङ), **रोटीको दन्त्य कथा** (लालगोपाल सुवेदी), **जीवन बासुरी** (मोहन सिटौला), **खप्परेका कथाहरू** (रामप्रसाद घिमिरे), **मनका तर**ङ्ग**हरू** (संयुक्त गीतिसङ्ग्रह), **साँझकी शशी** (शशी थापा सुब्बा) लगायत दर्जनभन्दा बढी कृतिहरू प्रमुख अतिथि तथा अन्य अतिथिहरूबाट विमोचित भए । बेलुका साहित्यकारहरूको सम्मानमा राजदूतावासले रात्रिभोज तथा साहित्यिक गोष्ठीको आयोजना गरेको थियो ।

सम्मेलन सफलताका लागि बोर्ड अफ ट्रस्टी अध्यक्ष गीता खत्री र सिक्किमका पूर्व मुख्यमन्त्री पवन चाम्लिङले पठाउनुभएको शुभकामना सन्देश पढेर सुनाइएको थियो ।

सम्मेलनको दोस्रो दिनमा डा. कविता लामाले ‘वर्तमान नेपाली साहित्यको अवस्था’ विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन्, जसमा डा. शान्तिमाया गिरीले टिप्पणी गरेकी थिइन् । यसैगरी दोस्रो सत्रमा बेलायतमा बसेर नेपाली भाषा तथा साहित्यको गहन अध्ययन गरेका प्रा. माइकल हार्टको **नेपाली लिटरेचर पोस्ट अर्थब्रेक इन नेपाल** विषयक कार्यपत्रमाथि सुमन घिमिरे वर्षाले टिप्पणी गरेकी थिइन् ।

कार्यक्रमको अन्तिम सत्रमा बेलायत च्याप्टरका सल्लाहकारसमेत रहेका डा. रूपक श्रेष्ठले ‘डायस्पोरा र नेपाली साहित्य’ विषयमा प्यानल डिस्कसन चलाएका थिए। उपाध्यक्ष भीमसेन सापकोटाले सकारात्मक सोचको बारेमा प्रवचन दिएका थिए ।

कार्यक्रम संयोजक सुमलकुमार गुरुङले सबैको साथ र सहयोगले सम्मेलन सम्पन्न भएको साहित्यिक कुम्भ मेलामा संलग्न सबै साहित्यिक मनहरूप्रति आभारी रहेको बताउँदै धन्यवाद ज्ञापन गरेका थिए भने अनेसासका वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल ‘माइला’ ले आफू संयोजक रहेको घोषणापत्र समितिको तर्फबाट पाँच बुँदे लन्डन घोषणापत्र प्रस्तुत गरेका थिए। कार्यक्रमको अन्त्यमा अनेसासका

अध्यक्ष राधेश्याम लेकालीले अनेसास नेपाली डायस्पोरिक साहित्यको उत्थानमा सधैँ क्रियाशील रहने बताएका थिए ।

सम्मेलनको तेस्रो तथा अन्तिम दिन महान् साहित्यकार विलियम सेक्सपियरको जन्मघर स्टार्ट फोर्ड अपअन एभनको साहित्यिक यात्रामा पाहुनासहित ठुलो मात्रामा साहित्यकारहरूको सहभागिता थियो ।

कार्यक्रमलाई अनेसासका केन्द्रीय महासचिव गणेश घिमिरे, केन्द्रीय सदस्य लक्ष्मी राई, सानु घिमिरे, शशी थापा सुब्बाले सञ्चालन गरेका थिए ।

## छ बुँदे टोक्यो घोषणापत्रसहित तेस्रो च्याप्टर सम्मेलन सम्पन्न

टोक्यो, जापान । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को तेस्रो च्याप्टर सम्मेलनले संसारभरि छरिएका साहित्यकारहरूलाई एकै ठाउँमा राखेर नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरण गर्ने निर्णय गरेको छ। संस्था स्थापना भएको दुई दशक बित्न लाग्दा सबैलाई समेट्दै नेपाली साहित्यलाई विभिन्न भाषामा अनुवाद गर्ने कार्यलाई पनि द्रुतगतिले अघि बढाउने निर्णय गरेको छ । तीन दिनसम्म चलेको सम्मेलनले पूर्व केन्द्रीय अध्यक्ष मोहन सिटौलाको नेतृत्वमा छ बुँदे घोषणापत्र जारी गर्दै आन्तरिक कमजोरी सुधार गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

टोक्योको सिन्जुकुमा सम्पन्न भएको अनेसास च्याप्टर सम्मेलनमा केन्द्र र च्याप्टरबिचको सम्बन्धमा रहेका कमजोरीहरूलाई पनि निकास दिएको छ । सम्मेलनमा नौ देशका १७ च्याप्टरका प्रतिनिधि र नेपालका चर्चित साहित्यकार हरूको उपस्थिति थियो ।

केन्द्रीय कार्य समितिको आयोजना र जापान च्याप्टरको संयोजन र व्यवस्थापनमा भएको उक्त सम्मेलनको संयोजक जापान च्याप्टरका पूर्व अध्यक्ष दीप पाठक रहनुभएको थियो । पाठकको नेतृत्वमा रहेको जापान च्याप्टर (२०१७-२०१९) लाई संसारभरिका च्याप्टरहरूमध्ये उत्कृष्ट कार्य सम्पादन गरेवापत विशिष्ट च्याप्टर पुरस्कार प्रदान गरिएको थियो । जापान च्याप्टरले प्राप्त गरेको उक्त पुरस्कार प्रमुख अतिथि तथा जापानका लागि नेपाली राजदूत प्रतिभा राणाले प्रदान गर्नुभएको थियो ।

कार्यक्रमलाई गैरआवासीय नेपाली सङ्घका पूर्व अध्यक्ष एवम् व्यवसायी भवन भट्टले सम्बोधन गर्दै प्रवासमा बढ्दै गएको साहित्यचेतलाई अनेसासले सङ्गठित गरेकोमा हर्ष प्रकट गर्नुभयो । कार्यक्रममा गैरआवासीय नेपाली सङ्घ आइसिसीका कोषाध्यक्ष महेशकुमार श्रेष्ठले जापानमा रहेका नेपालीहरूको साहित्यप्रतिको लगावले आफू प्रभावित भएको बताउनुभयो ।

प्रमुख अतिथिको आसनबाट बोल्दै महामहिम राजदूत प्रतिभा राणाले विदेशी भूमिमा नेपाली भाषा र साहित्यको उन्नयन र विकासमा अनेसासले गरेको योगदानको खुलेर प्रशंसा गर्दै यस कार्यमा दूतावास परिवार सहकार्य गर्न तयार रहेको कुरा बताउनुभयो ।

यसैगरी संस्थापक अध्यक्ष होमनाथ सुवेदी र बोर्ड अफ ट्रस्टी अध्यक्ष गीता खत्रीले पठाउनुभएको शुभकामना मन्तव्य महासचिव गणेश घिमिरेले वाचन गर्नुभएको थियो । दीप पाठकको स्वागत मन्तव्य रहेको सो उद्घाटन सत्रमा अनेसास जापानका संस्थापक अध्यक्ष डा. कुमार बस्नेत, पूर्व अध्यक्ष बेलुकाजी थापा, पूर्व अध्यक्ष विष्णुप्रसाद घिमिरे, गैरआवासीय नेपाली सङ्घ जापान अध्यक्ष देवीलाल भण्डारी, आइसिसी एसिया युवा संयोजक दीपक कँडेलले पनि बोल्नुभएको थियो ।

यसअघि वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल 'माइला' ले जापानमा आयोजित च्याप्टर सम्मेलनको उद्देश्य र विषयमाथि प्रकाश पार्नुभएको थियो ।

दुई दिन चलेको उक्त कार्यक्रमको प्रमुख आकर्षण त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक तथा साहित्यकार महेश पौड्यालको कार्यपत्र र ५० भन्दा बढी कविहरूको कविता वाचन थियो । पौड्यालले प्रस्तुत गर्नुभएको कार्यपत्रलाई नेपाली भाषामा स्नातकोत्तर गरेका जापानी नागरिक हारुहितो नोजु र पत्रकार भूषण घिमिरेले टिप्पणी गर्नुभएको थियो । कार्यपत्र सेसनको सञ्चालन केन्द्रीय उपाध्यक्ष निशा अर्यालले गर्नुभएको थियो ।

त्यसैगरी महेश पौड्याल, राधेश्याम लेकाली, प्रमोद सारङ, रत्न सुब्बा, लालगोपाल सुवेदी, इश्वरी भट्ट, लवकुमार बुढाथोकीलगायतका लेखकहरूका पुस्तक विमोचन गरिएको थियो ।

कार्यक्रममा निवर्तमान अध्यक्ष तथा बोर्ड अफ ट्रस्टीका उपाध्यक्ष पदम विश्वकर्मा, पूर्व केन्द्रीय अध्यक्ष डा. कुमार बस्नेत र मोहन सिटौला तथा वर्तमान

केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीसहितको कार्य समिति र च्याप्टर अध्यक्ष तथा प्रतिनिधि र आजीवन सदस्यहरूको उपस्थितिमा केन्द्र, ट्रस्टी र च्याप्टरबिचमा दरिलो समन्वय कसरी स्थापित गर्न सकिन्छ भन्ने विषयमा गम्भीर छलफल भएको थियो । १७ च्याप्टरका बिचमा भएको उक्त छलफलले विधान र आन्तरिक विषयमा छलफल गरेको थियो । सहभागीहरूबाट आएका सुझाव र गुनासोहरूलाई केन्द्रीय उपाध्यक्ष भीमसेन सापकोटा, केन्द्रीय सचिव लालगोपाल सुवेदी र आजीवन सदस्य रमेश दाहालले संश्लेषण गर्नुभएको थियो ।

छलफल कार्यक्रमको सभापतित्व केन्द्रीय कार्य समितिका वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल ‘माइला’ ले गर्नुभएको थियो ।

कार्यक्रममा उत्कृष्ट कार्य गरेबापत दोस्रो हुने कोरिया च्याप्टर तथा तेस्रो हुने कतार च्याप्टरलाई पनि सम्मान गरिएको थियो । उत्कृष्ट च्याप्टर पुरस्कारको प्रायोजन पदम विश्वकर्मा र द्वितीय र तृतीय च्याप्टर पुरस्कारको प्रायोजन निशा अर्यालले गर्नुभएको हो ।

त्यसैगरी यसअघि क्रमशः पहिलो र दोस्रो च्याप्टर सम्मेलनको संयोजन गरेर उत्कृष्ट कार्य गर्ने शान्तिराम ढकाल र कृष्ण गिरीलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रमको मूल उद्घाटन सत्रको सञ्चालन केन्द्रीय कार्य समितिका महासचिव गणेश घिमिरे र जापान च्याप्टर महासचिव रविन शर्माले गर्नुभएको थियो । पहिलो दिनको दोस्रो सेसनमा ५० कविहरूले कविता वाचन गरेका थिए । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका केन्द्रीय सदस्य रामकृष्ण बम मल्ल, प्रतिष्ठानका जापान शाखा अध्यक्ष सूर्य खड्का र समुद्रराज पौडेलले साङ्गीतिक माहोल सिर्जना गर्नुभएको थियो । काव्य गोष्ठीको सञ्चालन केन्द्रीय सचिव लालगोपाल सुवेदी र जापान च्याप्टर उपाध्यक्ष हेमन्त गिरीले गर्नुभएको थियो । जापानस्थित नेपाली दूतावासले कार्यक्रममा सहभागी साहित्यकारहरूलाई स्वागत गर्दै रात्रिभोजको अयोजना गरेका थिए ।

कार्यक्रममा केन्द्रीय समिति तर्फबाट दिइने विभिन्न पुरस्कार प्रायोजन गर्ने भवन भट्ट, पदम विश्वकर्मा एवम् दुर्गा दाहाललाई पनि सम्मान गरिएको थियो । अनेसास कोरिया च्याप्टरको गतिविधि र प्रकाशनको काममा महत्त्वपूर्ण योगदान पुऱ्याएबापत वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल ‘माइला’ लाई कोरिया च्याप्टरले अभिनन्दनसमेत गरेको थियो ।

अन्तिम सत्रमा च्याप्टर अध्यक्ष तथा प्रतिनिधिहरूले आफ्नो-आफ्नो च्याप्टरको २ वर्षे कार्य प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यो सत्रको सञ्चालन केन्द्रीय उपाध्यक्ष शान्तिराम ढकालले गर्नुभएको थियो । सम्मेलनमा अमेरिका, जापान, कोरिया, नेपाल, भारत, कतार, बेलायत, अस्ट्रेलियालगायतका मुलुकको प्रतिनिधिहरूको सहभागिता थियो ।

अन्त्यमा, जापान च्याप्टरका नवनिर्वाचित अध्यक्ष गिरिजा गैह्रेले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीको समापन मन्तव्यसँगै तीनदिने च्याप्टर सम्मेलनको औपचारिक समापन भएको थियो।

उक्त कार्यक्रमले केन्द्र र च्याप्टरबिचको सम्बन्ध मजबुत बनाएको र सबैजसो आन्तरिक समस्याको समाधान भएको भन्दै सहभागीहरूले खुसी व्यक्त गरेका थिए ।

# अनेसास भवन भट्ट विशिष्ट महिला पुरस्कार – २०२० घोषणा

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) ले प्रत्येक दुई वर्षमा प्रदान गर्दै आएको 'अनेसास भवन भट्ट विशिष्ट महिला पुरस्कार' यो वर्ष वरिष्ठ साहित्यकार हिरण्यकुमारी पाठकलाई प्रदान गरिने भएको छ। संस्थाका महासचिव गणेश घिमिरेद्वारा जारी विज्ञप्तिमा यो कुरा जनाइएको छ ।

९ मे, २०२० मा संस्थाका केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको कार्य समितिको बैठकले मिति २९ मार्च २०२० मा भएको प्रस्तावलाई पारित गर्दै उक्त निर्णय गरिएको थियो ।

साहित्यकार पाठकका **मोहचक्र**, **शून्यवत**, **अग्नि दह** र **दुःस्वप्न कथा** कृतिहरू, **अव्यक्त** कवितासङ्ग्रह, **श्रीकृष्ण लीला**, **मिहिनेती मौरी**, **दश महामूर्ख**, **राम कथा**, **चतुरे बन्यो नेता**, **चमत्कारी औंठी** र **धूर्त स्याल** र **घमण्डी बाघ** बालकथा कृतिहरू प्रकाशित रहेका छन ।

यसैगरी पाठकका गोमा सङ्घर्षशील जीवनका पाटाहरू, तोत्र - प्रेम वृतान्त, सम्झनामा राममान तृषित जीवनी कृतिहरू प्रकाशित रहेका छन् । यसैगरी पाठकले **नारीश्वर** साहित्यिक त्रैमासिक साहित्यिक पत्रिकाको पनि सम्पादन गर्दै आउनुभएको छ ।

नेपाली महिला साहित्यकारहरूको सस्था 'गुन्जन' का अध्यक्ष रहनुभएकी पाठक अनेसास नेपाल च्याप्टरको सल्लाहकार पनि हुनुहुन्छ ।

यसअघि सो पुरस्कार साहित्यकार गीता खत्रीलाई प्रदान गरिएको थियो । अनेसासका ट्रस्टी सदस्य भवन भट्टले प्रायोजन गर्नुभएको यो पुरस्कारमा प्रमाण पत्रसहित एक हजार अमेरिकी डलरको रहेको छ ।

## अन्तर्राष्ट्रिय बालकविता प्रतियोगिता–२०७७ को नतिजा घोषणा

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय बाल समितिले आयोजना गरेको 'अनेसास बालकविता प्रतियोगिता, २०७७' को नतिजा प्रकाशित गरेको छ । संस्थाका महासचिव गणेश घिमिरेद्वारा जारी विज्ञप्तिमा उक्त कुरा जनाइएको हो ।

प्रतियोगितामा पोर्चुगलका मनस्वी खराल प्रथम, अमेरिकाका विवेक खरेल द्वितीय र जापानका रिआना बोगटी तृतीय हुनुभएको छ ।

पुरस्कृतहरू सबैलाई प्रमाणपत्र र नगदको व्यवस्था रहेको छ । प्रथम पुरस्कर राशि ३००।-, द्वितीय २००।- र तृतीय १००।- अमेरिकी डलर रहेको छ ।

साहित्यकार महेश पौड्याल (नेपाल) को संयोजनमा सुमलकुमार गुरुङ (बेलायत) र सुरेन उप्रेती (क्यानडा) रहेको तीन सदस्यीय निर्णायक समितिले सो निर्णय गरेको हो ।

अनेसासद्वारा आयोजित यस प्रतियोगिताका लागि प्राप्त भएका कविताहरू उत्कृष्ट रहेको अनेसास बाल समितिका संयोजक डा. केशव शर्माले बताउनुभयो । अनेसास केन्द्रको बाल साहित्य समितिमा सुमित गिरी (जापान) प्रबिन टन्डन ( अस्ट्रेलिया) किरण मानिके (अमेरिका) अनुराधा शर्मा (नेपाल) विष्णा देवी (अमेरिका) सन्जय लामा (पोर्चुगल) हुनुहुन्छ ।

निर्णायक समितिका संयोजक महेश पौड्यालले यस महत्त्वपूर्ण प्रतियोगितामा निर्णायक मण्डलको संवेदनशील जिम्मेवारी दिएकोमा कृतज्ञता व्यक्त गर्नुभएको थियो ।

केन्द्रीय वा सम्बन्धित च्याप्टरअन्तर्गत विशेष कार्यक्रमको अवसर पारी पुरस्कार वितरणको व्यवस्था मिलाइने कुरा अनेसास केन्द्रीय कार्य समितिका वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल 'माइला' ले बताउनु भयो ।

कोभिड १९ को भयावह र विपद्‌को समयमा पनि अनेसास बाल समितिले नानीबाबुहरूलाई संलग्न गराएर यस्तो महत्त्वपूर्ण प्रतियोगिता गराएकोमा केन्द्रीय कार्य समितिको तर्फबाट अध्यक्ष राधेश्याम लेकालीले हार्दिक धन्यवाद व्यक्त गर्नुभएको थियो । ●








अनेसास नवोदित साहित्यिक वाचन शृङ्खला स्वर्ण डबली कार्यक्रममा केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली र कतार च्याप्टरका स्रस्टाहरू



अनेसास नवोदित साहित्यिक वाचन शृङ्खला स्वर्ण डबली कार्यक्रममा केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली र कतार च्याप्टरका स्रस्टाहरू



अनेसास नवोदित साहित्यिक वाचन शृङ्खला स्वर्ण डबली कार्यक्रममा केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली र कतार च्याप्टरका स्रस्टाहरू



अनेसास नवोदित साहित्यिक वाचन शृङ्खला स्वर्ण डबली कार्यक्रममा केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली र कतार च्याप्टरका स्रस्टाहरू


अनेसास नेपाल च्याप्टरको नवनिर्वाचित कार्य समितिको शपथ ग्रहण कार्यक्रम


अनेसास नेपाल च्याप्टरको नवनिर्वाचित कार्य समितिको शपथ ग्रहण कार्यक्रम



अनेसास नेपाल च्याप्टरको नवनिर्वाचित कार्य समितिको शपथ ग्रहण कार्यक्रम



अनेसास सर्वोत्कृस्ट पुस्तक तथा विशिष्ट प्रतिभा पुरस्कार समर्पण समारोह २०१९, अमेरिका




अनेसास सर्वोत्कृस्ट पुस्तक तथा विशिष्ट प्रतिभा पुरस्कार समर्पण समारोह २०१९, अमेरिका



अनेसास सर्वोत्कृस्ट पुस्तक तथा विशिष्ट प्रतिभा पुरस्कार समर्पण समारोह २०१९, अमेरिका


अनेसास सर्वोत्कृस्ट पुस्तक तथा विशिष्ट प्रतिभा पुरस्कार समर्पण समारोह २०१९, अमेरिका


असम भारतमा आयोजित कार्यक्रममा वरिष्ठ साहित्यकार लीलबहादुर छेत्रीलाई 'वासुदेव मालती साहित्य पुरस्कार' हस्तान्तरण गर्दै केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली र पुरस्कार प्रायोजक



असम भारतमा आयोजित कार्यक्रममा वरिष्ठ साहित्यकार लीलबहादुर छेत्रीलाई 'वासुदेव मालती साहित्य पुरस्कार' हस्तान्तरण गर्दै केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली र पुरस्कार प्रायोजक



तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन २०२० को झलक



तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन २०२० को झलक



तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन २०२० को झलक




तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन २०२० को झलक



तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन २०२० को झलक



तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन २०२० का झलक



तेस्रो अन्तर्राष्ट्रिय अनेसास-च्याप्टर सम्मेलन २०२० को झलक



तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन २०२० को झलक




दोस्रो एसियाली नेपाली साहित्य सम्मेलन २०१९, दार्जिलिङ, भारत



दोस्रो एसियाली नेपाली साहित्य सम्मेलन २०१९, दार्जिलिङ, भारत




दोस्रो एसियाली नेपाली साहित्य सम्मेलन २०१९, दार्जिलिङ, भारत



दोस्रो एसियाली नेपाली साहित्य सम्मेलन २०१९, दार्जिलिङ, भारत



सिक्किममा आयोजित तेस्रो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलनको झलक




सिक्किममा आयोजित तेस्रो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलनको झलक



सिक्किममा आयोजित तेस्रो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलनको झलक




सिक्किममा आयोजित तेस्रो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलनको झलक

●

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)


## नवनिर्वाचित केन्द्रीय कार्य समितिका पदाधिकारीहरू (सन् २०१८-२०२०)



**राधेश्याम लेकाली**
अध्यक्ष



**प्रकाश पौडेल 'माइला'**
वरिष्ठ उपाध्यक्ष



**शान्तिराम ढकाल**
उपाध्यक्ष (अमेरिका)



**भीमसेन सापकोटा**
उपाध्यक्ष (अस्ट्रेलिया)



**निशा अर्याल**
उपाध्यक्ष (एसिया)



**सुनील सङ्गम**
उपाध्यक्ष (युरोप)



**गणेश घिमिरे**
महासचिव



**लालगोपाल सुवेदी**
सचिव



**विकास विष्ट**
कोषाध्यक्ष




**सानु घिमिरे**
सदस्य



**लक्ष्मी राई**
सदस्य



**अग्निप्रसाद पराजुली**
सदस्य

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)


## बोर्ड अफ ट्रस्टी (BOT) को नवनिर्वाचित कार्य समिति




**गीता खत्री**
अध्यक्ष



**पदम विश्वकर्मा**
उपाध्यक्ष




**पुरु सुवेदी**
उपाध्यक्ष



**शिव लामिछाने**
सचिव



**राम लामा 'अविनाशी'**
कोषाध्यक्ष



**प्रा.डा.गोपी उप्रेती**
अध्यक्ष : पुरस्कार समिति



**तीर्थ अधिकारी**
सदस्य

# अनेसास बोर्ड अफ ट्रस्टी


१. गीता खत्री, अमेरिका
२. पदम विश्वकर्मा, अमेरिका
३. पुरु सुवेदी, अमेरिका
४. शिव लामिछाने, अमेरिका
५. राम लामा 'अविनाशी', अमेरिका
६. तीर्थराज अधिकारी, अमेरिका
७. डा. श्याम कार्की, अमेरिका
८. रोहिणी शर्मा, अमेरिका
९. वासु सत्याल, अमेरिका
१०. होमनाथ सुवेदी, अमेरिका
११. भीमप्रसाद रेग्मी, अमेरिका
१२. सुमन तिमिल्सेना, अमेरिका
१३. सीता पाण्डे, अमेरिका
१४. अच्युत श्रेष्ठ, अमेरिका
१५. शिवप्रसाद सत्याल 'पिठ', नेपाल
१६. लव गाउँले, नेपाल
१७. सरला श्रेष्ठ, अमेरिका
१८. तीर्थ पाण्डे, अमेरिका
१९. डा. विजय शर्मा, अमेरिका
२०. भीम उदास, नेपाल
२१. देवमान हिराचन, जापान
२२. डा. कुमार बस्नेत, जापान
२३. ज्ञानेन्द्र गदाल, अमेरिका
२४. होमबहादुर क्षेत्री, कुबेत
२५. सतीदेवी थापा, अमेरिका
२६. प्रकाश पौडेल 'माइला', जापान
२७. दामोदर पुडासैनी, नेपाल
२८. प्रकाश नेपाल, अमेरिका
२९. गोबर्धन पूजा, अमेरिका
३०. शान्तिराम ढकाल, अमेरिका
३१. एकराज पाण्डे, अमेरिका
३२. भवन भट्ट, जापान
३३. गुणराज लुइटेल, अमेरिका
३४. निरज छेत्री, अस्ट्रेलिया
३५. भीमसेन सापकोटा, अस्ट्रेलिया
३६. ऋषि ढकाल, अमेरिका
३७. डोनबहादुर कार्की, अमेरिका
३८. बलराम थापा, अमेरिका
३९. रामबाबु पाण्डे, अमेरिका
४०. गोकुल ढकाल, अमेरिका
४१. वेदभक्त जोशी, अमेरिका
४२. रामबाबु पाण्डे, अमेरिका
४३. कृष्णप्रसाद कोइराला, अमेरिका
४४. विष्णुप्रसाद घिमिरे, जापान
४५. खेमनाथ दाहाल, अमेरिका
४६. प्रकाश सुवेदी, अमेरिका
४७. नवराज सिलवाल, नेपाल
४८. ऋषि बराल, नेपाल
४९. सर्वज्ञ वाग्ले, अमेरिका
५०. राधेश्याम लेकाली, नेपाल
५१. राजेन्द्रकुमार श्रेष्ठ, अमेरिका
५२. राजेन्द्र के.सी., नेपाल
५३. उन्नति बोहरा (शीला), नेपाल
५४. निशा अर्याल, इजरायल

५५. दीपा पुन राई, अमेरिका
५६. ममता कर्माचार्य, अमेरिका
५७. गणेश घिमिरे, अस्ट्रेलिया
५८. राजेश बुढाथोकी, अस्ट्रेलिया
५९. ईश्वरीप्रसाद भट्ट, अमेरिका
६०. रमेश कोइराला, नेपाल
६१. लालगोपाल सुवेदी, अमेरिका
६२. दुर्गा दाहाल, अमेरिका
६३. रश्मि भट्ट, अमेरिका
६४. कमला रिसाल, नेपाल
६५. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, नेपाल
६६. ज्ञानेन्द्र के.सी., नेपाल
६७. महेश्वर पन्त, अमेरिका
६८. गृष्मा पौड्याल, जापान
६९. राम खत्री, अमेरिका
७०. धर्मराज कोइराला, अमेरिका

●



## अनेसास केन्द्रीय कार्य समितिका हालसम्मका अध्यक्षहरू

| | | |
|---|---|---|
| ● राधेश्याम लेकाली | नेपाल | २०१८-हालसम्म |
| ● पदम विश्वकर्मा | अमेरिका | २०१६-२०१८ सम्म |
| ● पदम विश्वकर्मा | अमेरिका | २०१४-२०१६ सम्म |
| ● गीता खत्री | अमेरिका | २०१२-२०१४ सम्म |
| ● ज्ञानेन्द्र गदाल | अमेरिका | २०१०-२०११ सम्म |
| ● डा. कुमार बस्नेत | जापान | २००८-२०१० सम्म |
| ● मोहन सिटौला | अमेरिका | २००५-२००८ सम्म |
| ● डा. दुबसु क्षेत्री | अमेरिका | २००४-२००५ सम्म |
| ● पुरूषोत्तम सुवेदी | अमेरिका | २००२-२००४ सम्म |
| ● भीम रेग्मी | अमेरिका | २००१-२००२ सम्म |
| ● सरला श्रेष्ठ | अमेरिका | २०००-२००१ सम्म |
| ● वसन्त श्रेष्ठ | अमेरिका | १९९७-२००० सम्म |
| ● अच्युत श्रेष्ठ | अमेरिका | १९९६-१९९७ सम्म |
| ● किरण ढुङ्गाना | क्यानडा | १९९५-१९९६ सम्म |
| ● होमनाथ सुवेदी | अमेरिका | १९९१-१९९५ सम्म |

## 'अन्तर्दृष्टि' का हालसम्मका प्रधान सम्पादकहरू

| | | |
|---|---|---|
| ● पुरुषोत्तम सुवेदी | अमेरिका | १९९१-१९९५ सम्म |
| ● लव गाउँले | नेपाल | १९९६-१९९६ सम्म |
| ● होमनाथ सुवेदी | अमेरिका | १९९७-१९९९ सम्म |
| ● राधेश्याम लेकाली | नेपाल | २०००-२००० सम्म |
| ● जय छाङ्छा | नेपाल | २०००-२००१ सम्म |
| ● होमनाथ सुवेदी | अमेरिका | २००२-२००३ सम्म |
| ● सुमन तिम्सिना | अमेरिका | २००४-२००४ सम्म |
| ● ज्ञानेन्द्र गदाल | अमेरिका | २००५-२००८ सम्म |
| ● प्रकाश पौडेल 'माइला' | जापान | २००८-२०१० सम्म |
| ● राधेश्याम लेकाली | नेपाल | २०१०-२०१२ सम्म |
| ● लक्ष्मण न्यौपाने | म्यानमार | २०१२-२०१३ सम्म |
| ● सन्ध्या पहाडी | नेपाल | २०१३-२०१६ सम्म |
| ● छविरमण सिलवाल | नेपाल | २०१६-२०१८ सम्म |
| ● दीप पाठक | जापान | २०१८-हालसम्म |

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
# International Nepali Literary Society (INLS)

## अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन
## हालसम्म सम्पन्न भएका स्थान, मिति र संयोजकहरू

**१. पहिलो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

१५-१६ अगस्ट, २००९, वासिङ्टन डि.सी., अमेरिका

संयोजक - **भारती गौतम**



**२. दोस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

२६-२८ अगस्ट, २०११, लण्डन, बेलायत

संयोजक - **जया लक्ष्मी राई**



**३. तेस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

३० नोभेम्बर-१ डिसेम्बर, २०१३, वासिङ्टन डि.सी., अमेरिका

संयोजक - **सीता पाण्डे**



**४. चौथो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

१८-२२ सेप्टेम्बर, २०१५, टोक्यो, जापान

संयोजक - **प्रकाश पौडेल 'माईला'**



**५. पाँचौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

९-१० सेप्टेम्बर, २०१७, पर्थ, अस्ट्रेलिया

संयोजक — **गणेश घिमिरे**



**६. छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

३-५ अगस्ट, २०१९, लन्डन, बेलायत

संयोजक — **सुमलकुमार गुरुङ**



# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

## केन्द्रीय कार्य समितिको मुखपत्र




साहित्यिक त्रैमासिक

# अन्तर्दृष्टि

अङ्क ४५

प्रकाशन हुन गइरहेकोमा खुसी प्रकट गर्दै
उत्तरोत्तर प्रगति तथा सफलताको
कामना व्यक्त गर्दछु ।

## राम लामा 'अविनाशी'


**कोषाध्यक्ष**

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
# International Nepali Literary Society (INLS)

## बोर्ड अफ ट्रस्टी



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
जापान च्याप्टरका प्रकाशनहरु
INLS, JAPAN
छातीभित्र देश दुख्दा (२००४)
हेमनाथ घिमिरे
उमा (महाकाव्य, २००६)
नारायण घिमिरे 'राजकुमार'
बाडुल्की र यादहरु (२०१६)
अरुण पौडेल
जापानमा नेपाली कवि र कविता (२०१७)
एक्लो विजेता (२०१७)
विष्णुप्रसाद घिमिरे
नेपाली डायस्पोरा (२०१७)
तातेसिना हाइकु (२०१८)
अनेसास जापानको मुखपत्र
(२००८ बाट प्रकाशन आरम्भ)

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समितिको मुखपत्र
साहित्यिक त्रैमासिक
अन्तर्दृष्टि
अङ्क ४५
प्रकाशन हुन गइरहेकोमा खुसी प्रकट गर्दै उत्तरोत्तर प्रगति तथा सफलताको कामना व्यक्त गर्दछु ।
राजेन्द्र के.सी.
संयोजक, अनेसास, केन्द्रीय सांस्कृतिक समिति
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
International Nepali Literary Society (INLS)
केन्द्रीय कार्य समिति

## अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

केन्द्रीय कार्य समितिको मुखपत्र




साहित्यिक त्रैमासिक

# अन्तर्दृष्टि

अङ्क ४५

प्रकाशन हुन गइरहेकोमा खुसी प्रकट गर्दै
उत्तरोत्तर प्रगति तथा सफलताको
कामना व्यक्त गर्दछु ।

## गिरिजा गैह्रे

**अध्यक्ष**


# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

# International Nepali Literary Society (INLS)

## जापान च्याप्टर

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

केन्द्रीय कार्य समितिको मुखपत्र




साहित्यिक त्रैमासिक

## अन्तर्दृष्टि

अङ्क ४५

प्रकाशन हुन गइरहेकोमा खुसी प्रकट गर्दै
उत्तरोत्तर प्रगति तथा सफलताको
कामना व्यक्त गर्दछु ।

## दीप पाठक

**संयोजक, अनेसास जापान च्याप्टर**

**तथा**

**सम्पादक, अन्तर्दृष्टि त्रैमासिक**

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

# International Nepali Literary Society (INLS)

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

केन्द्रीय कार्य समिति मुखपत्र




साहित्यिक त्रैमासिक
## अन्तर्दृष्टि
अङ्क ४५

प्रकाशन हुन गइरहेकोमा खुसी प्रकट गर्दै उत्तरोत्तर प्रगति तथा सफलताको कामना व्यक्त गर्दछु ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डि.सी., स्थापित २०४८
INTERNATIONAL NEPALI LITERARY SOCIETY, WASHINGTON D.C. ESTD. 1991

## लालगोपाल सुवेदी

**सचिव, अनेसास केन्द्रीय कार्य समिति**

**तथा**

**प्रधान सम्पादक, अनेसास दर्पण**

## अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
## International Nepali Literary Society (INLS)